**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ**

**माननीय न्यायाधीश डा.श्री भरतबहादुर कार्की**

**फैसला**

**सम्वत् २०६२ सालको फौजदारी पुनरावेदन नं.३१२५**

मुद्दा : **गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत इन्द्रकुमार चोङ्गटेलीको प्रतिवेदनले नेपाल सरकार -------------------------------- १ पुनरावेदक वादी

**विरुद्ध**

अर्घाखाची जिल्ला, नरपानी गा.वि.स.- ३ भूवनडाँडा बस्ने हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० वानेश्वर बस्ने मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत वर्ष ५१ का केशरजङ्ग खड्का ----------------------- १ प्रत्यर्थी

ऐ. ऐ. बस्ने श्रीमती सीतादेवी खड्का--------------------------------------१ प्रतिवादी

ऐ. ऐ. बस्ने रामजङ्ग खड्का -------------------------------------------- १

ऐ.ऐ. बस्ने हाल Private Bag 3016 CNR Ruakura and Morin Ville Road, न्यूजिल्याण्डमा अध्ययन/काम गर्ने लक्ष्मणजङ्ग खड्का --------------------- १

**सम्वत् २०६२ सालको फौजदारी पुनरावेदन नं.३२८७**

अर्घाखाची जिल्ला, नरपानी गा.वि.स.- ३ घर भै हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० पुरानो बानेश्वर बस्ने सीतादेवी खड्का-------------------------------------------------------- १ पुनरावेदक

ऐ.ऐ. बस्ने रामजङ्ग खड्का----------------------------------------- १ प्रतिवादी

विरुद्ध

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत इन्द्रकुमार

चोङ्गटेलीको प्रतिवेदनले नेपाल सरकार ---------------------------------- १ प्रत्यर्थी

वादी

**सम्वत् २०६२ सालको फौजदारी पुनरावेदन न.३३४३**

अर्घाखाची जिल्ला, नरपानी गा.वि.स.- ३ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं

महानगरपालिका वडा नं. १० बानेश्वर बस्ने केशरजङ्ग खड्का ------------- १ पुनरावेदक

विरुद्ध प्रतिवादी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत इन्द्रकुमार प्रत्यर्थी

चोङ्गटेन्लीको प्रतिवेदनले नेपाल सरकार ---------------------------------- १ वादी

**फौजदारी पुनरावेदन नं.०६७-CR-१०७१**

अर्घाखाची जिल्ला, नरपानी गा.वि.स.- ३ बस्ने उपेन्द्रप्रकाश खड्का-----------१

ऐ.ऐ. बस्ने रत्नध्वज खड्का------------------------------------------ १ पुनरावेदक

ऐ.ऐ. बस्ने कर्णबहादुर खड्का---------------------------------------- १ प्रतिवादी

विरुद्ध

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृत इन्द्रकुमार

चोङ्गटेलीको प्रतिवेदनले नेपाल सरकार ---------------------------------१ प्रत्यर्थी

वादी

**शुरु फैसला गर्ने**

अध्यक्ष मा. न्या. श्री गोविन्दप्रसाद पराजुली

सदस्य मा. न्या. श्री रणबहादुर बम

सदस्य मा. न्या. श्री भूपध्वज अधिकारी

विशेष अदालत, काठमाडौं ।

विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम विशेष अदालत काठमाडौंको मिति २०६१।१२।२२ को फैसलाउपर बादी र प्रतिवादी दुवै पक्षको पृथक-पृथक पुनरावेदन परेको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर निम्नबमोजिम छ :-

व्यापारी र कर्मचारीहरुको सहयोगले भ्रष्टाचार गरी चौध करोड आर्जन गर्नुका साथै एयरपोर्ट भन्सारमा पटक-पटक बसी करौडौं लुटेर नअघाई काकडभिट्टा भन्सारमा तश्करसँग मिली लुट मच्चाइरहेको र अरबपति बन्ने धुनमा रहेका केशरजङ्ग खड्कालाई कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको **आयोगमा प्राप्त भएको उजुरी ।**

प्रतिवादी केशरजङ्ग खड्काको घरमा छापा मार्दा विभिन्न कमपनीका टेलिभिजनहरु ७ थान, भिसिडी, डिभिडी र भिसिपी ७ थान, वासिङ्ग मेसिन ३ थान, क्यामेरा ८ थान, सिडी र रेडियो क्यासेट प्लेयर ६ थान, , रेफ्रिजरेटर ३ थान, ओभन र राइस कुकर लगायतका इलेक्ट्रिक सामानहरु १२ थान, मदीरा ३२ वोतल, बन्दूक, गोली दूरबीन, विभिन्न घडीहरु, गरगहनाहरु, पर्दा र कार्पेटका ११ रोल, विभिन्न कागजातहरु, डायरी समेत फेला परेको भन्ने व्यहोराको सामानहरुको विवरण उल्लिखित २०५९।५।२ को **बरामदी मुचुल्का ।**

बरामद गरी ल्याइएका कागजात बिभिन्न बैंक तथा वित्तीय संस्थाका चेक बुक, पासवुकहरु, बिभिन्न बैंक तथा फाइनान्स कम्पनीहरुमा रकम जम्मा गरेको मुद्दति रसीदहरु, मोटर खरीद गर्न दिएको पेश्की रकमको रसीद कागजातहरु, सुन खरीद गरेको विलहरु, जग्गाका लालपूर्जा र लिखतका फोटोकपि तथा सक्कल समेत **मिसिल सामेल रहेको ।**

व्याज, रु. २५,०००।- ५,०००।- २०,०००।-,जग्गा बिक्री रु. ३,९०,०००।-, निर्माण खर्च शीर्षक राखी भएको जम्मा खर्च रु. १,०८,८६१।- आदिको टिपोट गरिएको डायरी तथा कागज **मिसील सामेल रहेको ।**

म तथा मेरो परिवारको नामको मुद्दती खाताहरुमा हिमालय फाइनान्समा ५ वर्षबाट १ वर्ष (नविकरण) म्याद पुगेको रु. १,००,०००।-, ललितपुर फाइनान्स ५ वर्षबाट १ वर्षे रु.३,००,०००।-, नेपाल मर्चेण्ट एण्ड बैकिङ्ग ५.५ वर्षे रु.४,००,०००।-, सगरमाथा फाइनान्स ४ वर्षे रु. ५०,०००।-, एशियन फाइनान्स १ वर्षे (नविकरण) रु. ५०,०००।-, युनाइटेड फाइनान्स ५ वर्षे रु.४,००,०००।-, कृषि विकास बैंक न्यूरोड २ वर्षे रु. ३७,०००।-, कृषि विकास बैक, रत्नपार्क २ वर्षे रु. ४०,०००।-, कृषि विकास बैंक, वानेश्वर २ वर्षे रु. ३०,०००।- र कृषि विकास बैंक रत्नपार्क २ वर्षे रु. ३५,०००।- को रहेको छ । एभरेष्ट बैंकको रु. ८,०००।- को ८० कित्ता शेयर, बैंक अफ काठमाडौंको रु. ९,०००।- को ९० कित्ता शेयर, नेपाल वंगलादेश बैंकको रु. २०००।- को २० कित्ता शेयर, नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंकको रु. ७०००।- को ७० कित्ता शेयर, तारागाउँ विकास समितिको रु. ८,०००।- को ८० कित्ता शेयर, भृकुटी कागज कारखानाको रु. ४०,०००।- को ४०० कित्ता शेयर, हिमालय सेकुरिटीको रु. ४०,०००।- को ४०० कित्ता शेयर, एस. लेवोरेटरीजको रु. ४०००।-

को ४० कित्ता शेयर, एभरेष्ट इन्सुरेन्सको रु. १००० को १० कित्ता शेयर र प्रिमियर इन्सुरेन्सको रु. ५,०००।- को ५० कित्ता शेयर गरी जम्मा रु. १,२४,०००।- को १२४० कित्ता शेयर म तथा मेरो परिवारको नाममा रहेको छ ।

घरभाडावापत प्रतिवर्ष ८४,०००।- का दरले प्राप्त गरेको रकमबाट नै हिमालय फाइनान्समा रु. १,००,०००।- जम्मा गरेको छ । आर्थिक ऐन, २०५८ अनुसार आयको स्वयं घोषणा गरी कर तिरिसकेको छु । २०४७ सालदेखि २०५८ सालसम्म विभिन्न घर भाडा दर अनुसार रु. १२ लाख प्राप्त भएको र उक्त रकम मध्येबाट शुरुमा २०५३ मा ५ वर्ष दोव्वर भुक्तानी हुने गरी ललितपुर फाइनान्समा रु.२,००,०००।- राखिएकोमा सो दोव्वर भुक्तानीको रकम लिई सावा पुनः १ वर्षको लागि नवीकरण गरेको छु । एस. फाइनान्सको मुद्दती खातामा जम्मा भएको रु. ३,००,०००।- पनि घर भाडावापत प्राप्त भएको रु. १२ लाख मध्येकै हो । नेपाल मर्चेण्ट एण्ड बैंकिङ्ग फाइनान्समा रहेको रु.४,००,०००।- को सम्बन्धमा भने अष्ट्रेलियामा काम गर्ने छोरा जीतजङ्ग खड्काले पटक-पटक दिएको रकमबाट ५/५ वर्षमा दोव्वर भुक्तानी हुने गरी जम्मा गरेको हो ।

सगरमाथा फाइनान्स सहकारी संस्था लिमिटेडमा जम्मा भएको रु. ५०,०००।- को हकमा भने नेपालका भन्सार अधिकारी र निलामु (खासा) तिव्वतका भन्सार अधिकारीहरुबीच भएको बैठकमा भाग लिन जाँदा दैनिक भ्रमणभत्तावापत प्राप्त भएको US$ 900.00 बराबरको रु. ६२,०००।- र सोबाट बढे बढाएको समेत गरी जम्मा रु. ७५,०००।- मध्येबाट खाता खोली रकम जम्मा गरेको हो । त्यस्तै २०५३ साल जेष्ठ महिनामा सिँगापुरमा भएको Property taxation and valuation तालीमबाट प्राप्त सिँगापुर $ 1200.00 बराबरको रु. ५०,०००।- र सोबाट बढे बढाएको रु. १,००,०००।- मध्येबाट एशियन सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.मा खाता खोली रु. ५०,०००।- जम्मा गरेको हो ।

२०४८ सालमा कपिलवस्तुको कोपवा मनरापुरमा करीब रु. १,०५,०००। मा २ विगाहा जमिन गरीद गरेको, अर्घाखाँची बल्दारटोलामा घरवारी १५-१५-०-१ रोपनी जग्गा २०४५ सालमा रु.४९,०००।- मा बिक्री गरेको, कल्सेटारी खेत ८-१०-०-१ रोपनी रु. ७१,०००।- मा २०४७ सालमा बिक्री गरेको छ ।

शुभकरण छाजेड र सीतादेवीबीच भएको रु.७,३९,५२३।- को कपाली तमसुकको सम्बन्धमा काठमाडौंमा घडेरी खरीद गर्न काका ज्ञानबहादुर खड्काले २०४९ वैशाखमा रु.१०,५०,०००।- मलाई दिनु भएकोमा तत्काल जग्गा उपलब्ध नभएकोले सोही रकम नै शुभकरण छाजेडलाई २०४९ साल

भाद्रमा श्रीमती सीतादेवीले ऋण दिएको र सो रकम २०५० साल भाद्रमा व्याज सहित फिर्ता दिएकोले उक्त रकम काकालाई फिर्ता दिइसकेको छु ।

मेरो घरबाट बरामद भएको नगद मेरो भाई रत्नध्वज खड्का मुटु सम्बन्धी रोगी तथा बहिनी गोमा किड्नीको खराबी भएकोले नियमित औषधी खाइ राख्नु पर्ने भएकोले उक्त रकम घरमा राखिएको हो । युनिभर्सल फाइनान्स कम्पनीको ५ वर्षे मुद्दती खाताबाट भुक्तानी भएको रु.३,१०,०००।- र पुनः १ वर्षको नविकरण भएको साँवा रु. ३,००,०००।- को व्याजसहित रु.३,२४,०००।- गरी जम्मा भएको रकम मोतिलाल दुगडलाई दिई निजबाट व्याजसहित प्राप्त भएको रु.६,२४,०००।-, सेन्ट्रल फाइनान्समा २०५४ सालमा ४.५ वर्षमा दोव्वर भुक्तानी हुने गरी रु.२,००,०००।- को मुद्दती खाता खोलेकोमा २०५९ सालमा अवधि पूरा भई प्राप्त रु.३,८८,००० र म घरको जेठो छोरा भएकोले २०३२ सालदेखि हालसम्म अर्घाखाँचीको पुर्ख्यौली सम्पत्तिबाट प्रतिवर्ष रु.१,५०,०००।- को दरले प्राप्त भएको आम्दानी रु. १३,००,०००।- मध्येकै रकम नै बरामद भएको हो । साथै २०५९ साल जेष्ठमा बिक्री गरेको ५५ तोला सुनको रु.४,२३,५००।- मध्ये रु.१,२३,०००। पनि बरामद भएको रकममा नै समावेश छ ।

बरामद भएको विदेशी मुद्रामध्ये अमेरिकी डलर, ट्राभलर चेक म सरकारी काममा अमेरिका, जापान, सिँगापुर जाँदा लिएको रकमबाट खर्च नभई बचत भएको, छोरा जीतजङ्ग अष्ट्रेलियाबाट आउँदा छोडेर गएको रकम हो । उक्त विदेशी रकम सोभिनीयरको रुपमा मात्र राखेको हो ।

कृषि विकास बैंकको विभिन्न शाखाको मुद्दती खातामा मिति २०५८।४।२५ देखि २०५८।५।८ सम्म गरेको क्रमशः ३०,०००।- ४०,०००।- ३०,०००। र ३५,०००। रकमहरु का.जि.का.म.न.पा. गौशालामा रहेको ८ आना जग्गाको कृषि, तरकारी खेतीको आय, कपिलवस्तु कोपवाको जग्गाको कृषि आयमध्येको बचत रकम नै जम्मा गरेको हो । सीतादेवी खड्काले मिति २०५८।१०।१७ मा मोतिलाल दुगडलाई दिएको रु. ६,००,०००। मेरो आमा जयस्वरा खड्काको नाममा रहेको अर्घाखाँची जिल्लाको पाखोवारी मिति २०४७।९।२६ मा रु.१,३३,०००।- मा बिक्री गरी सोबाट बढे बढाएको रकम, २०५२ सालमा बुबाले रु. ३,००,०००। मलाई राख्न दिई सो रकम ११० प्रतिशत वार्षिक व्याज पाउने गरी ५ वर्षको लागि Universal finance मा राखिएको र सोको व्याज रु.३,१०,०००।- प्राप्त गरेको समेत गरी जम्मा रु.६,००,०००।- ऋण दिएको हो । हाल सो रकम फिर्ता भइसकेको छ ।

मेरो नाममा नेविल बैंकको बचत खातामा ५ सेप्टेम्वर २००१ का दिन जम्मा भएको रु.५/५ लाख रकम विदेशमा अध्ययन गर्न जाने विद्यार्थीको लागि भिषा लिनको निम्ती उदयपुर गाइघाट निवासी मनोजकुमार बस्नेतसँग सापटी लिई जम्मा गरेको हो । हाल सो रकम निजलाई

फिर्ता दिइसकेको छु । सन् १९९३ मा अमेरिकामा Public Financial Management Training बाट प्राप्त US$ 5600.00 मध्येबाट वि.सं. २०५० सालमा नेविल बैंकमा बचत US$ खाता मेरो नाममा खोलिएको र हालसम्म सो खातामा व्याजसहित US$ 6000.00 भन्दा बढी जम्मा भएको हुनु पर्दछ ।

त्यस्तै अष्ट्रेलिया बस्ने छोरा जीतजङ्ग खड्काले गाडी खरीद गर्ने इच्छा गरेको हुँदा २०५९ साल जेष्ठमा बिक्री गरेको ५५ तोला सुनबाट प्राप्त रु.४,२३,५००।- मध्येबाट विजय मोटर्स प्रा.लि. लाजिम्पाटलाई मिति २०५९।३।७ मा रु. ३,००,०००।- भुक्तानी गएको हो । घरमा रहेको ७ थान टेलिभिजनमध्ये कुनै छोरा जीतजङ्गले अष्ट्रेलियाबाट ल्याएको, कुनै म जापान सिगापुर जाादा ल्याएको, कुनै भाइहरुको, कुनै भाइको विवाहमा दाइजो आएको, कुनै जिल्लामा रहँदा खरीद गरेको, कुनै बिग्रेको हालतमा भएकाले त्यसै रहन गएको हो । भिडियो क्यामेराहरुमध्ये एउटा छोरा जीतजङ्गले अष्ट्रेलियामा प्रयोग गरेको हो । अर्को म आफू सन् १९९६ मा मा सिं्गापुरमा गएको समयमा खरीद गरेको हो । स्टील क्यामेरा तथा भि.सी.आर आदि अमेरिका, जापान सिगापुरमा Training मा गएको बखत करीब US. $ 10 देखि US. $ 90 सम्ममा खरीद गरिएका हुन् ।

बरामदी मुचुल्कामा उल्लेख भएको कार्पेट र पर्दाको कपडा बहिनी मीरा बैदावर खड्काको हो । २०३८ सालमा का.जि. का.म.न.पा गौशालामा ०-८-०-० जग्गा रु.३५,०००।- मा, २०४० सालमा पुरानो बानेश्वरमा ०-१०-२-० रु. १,२५,०००। मा, २०४४ सालमा ०-८-०-० पुरानो वानेश्वरमा रु.५०,०००।- मा र २०५७ सालमा ०-५-०-३ रु.४,३२,०००।- मा सीतादेवीको नाममा खरीद गरेको हो । कोटेश्वरको ३ कित्ताको २-७-०-० जग्गा र अर्को ०-२-०-० जग्गा समेत जम्मा २-९-०-० जग्गा २०४४ सालमा श्रीमती सीतादेवीलाई झलकबहादुर खड्काले हालैको वकसपत्र पास गरेकोमा सोमध्ये ०-२-०-० जग्गा सीतादेवीले छोरा लक्ष्मणजङ्गलाई २०५२ सालमा वकसपत्र गरी दिएको हो । २०५३ सालमा महोत्तरीको वर्दिवासमा छोरा रामजङ्ग खड्काको नाममा ०-२-१२ जग्गा रु. ७८,०००।- मा खरीद गरेको हो । पैत्रिक सम्पत्तिको कुमालटोला खच्यानबारी ६-८-१-० जग्गा रोपनी २०४६ सालमा भाई रत्नध्वजबाट रु. ३४,०००।- मा बिक्री भएकोहो । आमा जयश्वरा खड्काको नामको पैत्रिक सम्पत्ति बल्दारटोला घरवारीको अन्दाजी २१-१३-०-२ रोपनी जग्गा २०४० सालमा रु.१,३३,०००।- बिक्री गरेको हो ।

का.जि.का.म.न.पा. वडानं. १० को कि.नं. १११ को ०-७-३-३ को जग्गा सन १९८३ मा जापानमा Training मा जाँदा प्राप्त छात्रवृत्ति जापानी येन ७,४४,८४० को करीब ने.रु.४,५०,०००। मध्येबाट र श्रीमतीको पेवा रु. २,००,०००।- मध्येबाट मिति २०४४।९।९ मा रु.५०,०००।- मा खरीद गरेको हो । त्यस्तै पुर्ख्यौली कृषि आयबाट रु.५०,०००।-, जापान तालीमबाट

प्राप्त छात्रवृत्ति रु.१५,०००।-, वैवाहिक सम्पत्ति बिक्रीबाट प्राप्त रकम ४०,०००।-, सापटी, पेवा रकमबाट का.जि.का.म.न.पा. वडा नं. १० स्थित साविक कित्ता नं.२६६ हाल कि.नं. ११३ क्षेत्रफल ०-१०-३-२ जग्गा मिति २०४०।१२।२९ मा रु. १,२५,०००।- मा श्रीमती सीतादेवीको नामबाट खरीद गरिएको हो । सन १९९९ मा जापान तालीमबाट प्राप्त जापानी येन २,१२,०००।- को करीब ने.रु. १,५०,०००।- मध्ये रु.१,००,०००।-, र अष्ट्रेलियामा रहेको छोरा जीतजङ्गले पटक-पटक दिएको रकम मध्येबाट रु.२,२५,०००।-, हिमालय फाइनान्सको ५ वर्षे मुद्दती दोव्वर भुक्तानी रु. ७५,०००।-, को रु.१,४५,०००।-, पुर्ख्यौली कृषि आय, जग्गा भाडाबाट प्राप्त आय तथा बचत तलवबाटसमेत रु.४,३२,०००।- मा का.जि.का.म.न.पा. वडा नं. १० को कि.नं. ३०६ को ०-५-०-२ जग्गा मिति २०५७।९।२४ मा श्रीमती सीतादेवीको नाममा खरीद गरेको हो । का.जि.का.म. न. पा. वडा नं. ८ को कि.नं. २४ को ०-८-०-० जग्गा मिति २०३८ ।४।२८ मा सीतादेवीको पेवा रु.५,०००।-, भाई उपेन्द्रप्रकाश खड्का, रत्नध्वज खड्का समेत ३ भाइको तलव वचतबाट रु.२०,०००।- र पैत्रिक कृषि आयबाट रु. १५,०००।- रकम मध्येबाट नै रु.३,५०,०००। मा सीतादेवी खड्काको नाममा खरीद गरेको हो ।

का.जि.का.म.न.पा. वडा नं. ३५ को कि.नं. २५१ को २-२-०-० जग्गा कमला खड्का, झलकबहादुर खड्का र ठूलीकान्छी खड्काबाट मिति २०४४।१०।३ मा हा.व.बाट श्रीमती सीतादेवीको नाममा आएको हो । का.म.न.पा. वडा नं. ३५ को कि.नं. १०६ को ०-१-२-१ र कि.नं. ११७ को ०-०-२-२ को जग्गा साविक कोटेश्वर ८(क) कि.नं. १०४३ को ०-२-०-० जग्गा र कि.नं. १०४४ को ०-२-०-३ मा मेरी श्रीमती सीतादेवी खड्काले हालैदेखिको वकसबाट प्राप्त गरी सोही जग्गा छोरा लक्ष्मणजङ्ग खड्कालाई हालैदेखिको वकसबाट दिएको हो ।

पुर्ख्यौली कृषि आय करीब रु. १३ लाख, कपिलवस्तु कोपवाको २ विगाहा जग्गाको कृषि आय करीब रु. ४ लाख ४० हजार, २६ वर्षको संचित तलव करीब रु. १२ लाख आदि समेतको रकम मध्येबाट मेरो छोरा रामजङ्ग खड्काको नाममा मिति २०५३।२।१४ मा रु.७८,०००।- मा महोत्तरी वर्दिवास ३ (ख) को कि.नं. ८,७८ र ८७९ को क्रमश: ०-२-१०, ०-०-२ जग्गा खरीद गरेको हो । मेरो नामको अर्घाखाँचीको पुर्ख्यौली सम्पत्ति कल्सेटारी भन्ने खेत कि.नं. ११०२ को क्षेत्रफल ८-१०-०-१ जग्गा बिक्री गरी प्राप्त भएको रु. ७१,०००।-, संचित तलव तथा पुर्ख्यौली कृषि आय आदि मध्येबाट प्राप्त रु.४५,०००।- समेतबाट नै कपिलवस्तु कोपवा ८(ग) को कित्ता नं. ५४४ र कित्ता नं. ५६४ को २ विगाहा जग्गा मेरो नाममा खरीद गरेको हो ।

म त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा कार्यरत रहँदा प्राप्त गरेको पुरस्कार करीब ३ लाख, संचित तलव, पुर्ख्यौली कृषि आय, जग्गा भाडाबाट प्राप्त रकम समेतबाट मिति २०५६।४।३ मा मोरङ्ग अटो वर्क्सबाट यामाहा मोटरसाइकल (वा.अ.९८६९) खरीद गरेको र हाल सो रु.५०,०००।- मा बिक्री गरेको जस्तो लाग्छ ।

मेरो छोरा लक्ष्मणजङ्ग खड्काले नेपाल राष्ट्र बैकबाट मिति २०५८।७।२१ मा न्यूजिल्याण्ड डलर ९८७०।०० सटही गरेको सम्बन्धमा उक्त रकम निजको कलेजको फी हो । उक्त रकम छोरा जीतजङ्ग खड्काले दिएको रकम, आर्जित वचत तलव रकम, पुर्ख्यौली कृषि आयको रकम तथा मनरापुर कोपवाको २ विगाहा जग्गाको कृषि आयको रकम मध्येबाट सटही गरेको हो ।

का.जि.का.म.न.पा. वडा नं. १० मा रहेको घर २०४५।४६ सालतिर निर्माण भएको हो । सो निर्माण गर्दा मिति २०४५।७।२१ मा अर्घाखाँचीको जग्गा बिक्री गरी प्राप्त रु.४९,०००।- र सोबाट बढे बढाएको समेत जम्मा रु. ६१,०००।-, बुबाले पैत्रिक कृषि आयबाट दिएको रु. १,००,०००।- श्रीमती सीतादेवीको पेवामध्येको रु.५०,०००।-, सुन कमिसन र सोबाट बढे बढाएको रु.१,५०,०००।-, काका ज्ञानबहादुर खड्काबाट सापटी लिएको रु.१,५०,०००।- वैवाहिक तथा पैत्रिक १५ तोला सुन बिक्रीबाट आएको रु.६०,०००।- र वचत तलव रु.६०,०००।- समेतको रकमले घर निर्माण गरेको हो भन्ने समेत व्यहोराको **प्रतिवादी केशरजङ्ग खड्काले अनुसन्धानको क्रममा गरेको बयान ।**

मेरो विवाह वि.सं. २०२६ सालमा केशरजङ्ग खड्कासँग भएको हो । विवाहमा करीब ३० तोला सुनका गहना र नगद रु. २५,०००।- जति प्राप्त गरेकी थिएँ । मेरो नाममा का.जि.का.म.न.पा वडा नं. १० पुरानो वानेश्वरमा करीब १० आना, ८ आना, ५ आना जग्गा छ । ती मध्ये करीब १० आना जग्गामा मेरो घर छ । त्यस्तै का.म.न.पा. वडा नं. ८ गौशालामा ८ आना जग्गा र का.म.न.पा. वडा नं. ३५ कोटेश्वरमा करीब २ रोपनी जग्गा रहेको छ । मेरो नाममा युनाइटेड फाइनान्स लिमिटेड दरवारमार्गमा मुद्दती खाता रहेको छ र सो खातामा रु. ४ लाख रकम छ । पुरानो बानेश्वर काठमाडौंको ८ आना जग्गा र गौशाला काठमाडौंको ८ आना जग्गा खरीद गर्दा मेरो निजी पेवा रकम रु.२ लाख परेको छ । अन्य जग्गा कोसँग, कहिले कति मूल्यमा खरीद गरेको भन्ने कुरा श्रीमानलाई थाहा होला । कुन कम्पनीको के कति शेयर छ, श्रीमानलाई नै थाहा छ । हिमालयन बैंकको रु.१ लाखको ऋण पत्रको लागि दरखास्त दिएकोमा नगद रसीद नै आयोगमा बरामदी भै आएको छ । बानेश्वरको घर २०४५।०४६ तिर निर्माण भएको हो । के कतिमा बनेको हो श्रीमानलाई थाहा छ । घर निर्माणमा मेरो पेवामध्येको रकम परेको छ । मोतिलाल दुगडलाई मिति २०५८।१०।१७ मा रु. ६ लाख ऋण दिएको हो । सोको आयस्रोत मेरो श्रीमानलाई नै थाहा छ । मोतिलाल दुगडबाट

उक्त रकमको व्याजसमेत २०५९ साल श्रावणमा बुझिलिई निजलाई फर फारकको कागज गरी दिएकी छु भन्ने व्यहोराको **प्रतिवादी सीतादेवी खड्काले अनुसन्धानको क्रममा गरेको बयान ।**

मामाघरबाट पाएको दक्षिणा, देउसी खेली जम्मा गरेको रकमबाट कृषि विकास बैंक बानेश्वरमा बचत खाता मेरो नाममा खोलेको छु । मेरो नाममा विभिन्न बैंक, फाइनान्स कम्पनीहरुमा शेयर छ । तर के कति शेयर छ याद छैन । उक्त रुपैयाँको आयस्रोत तथा विभिन्न बैंक तथा वित्तिय संस्थाको खरीद शेयरको बुबाले नै खरीद गरी दिनु भएकोले यस सम्बन्धमा बुबालाई नै थाहा छ । मेरो नाममा महोत्तरी जिल्ला वर्दिवासमा ०-२-१२ जग्गा छ । उक्त जग्गा मिति २०५३।२।१४ मा रामेश्वर कोइरालाबाट रु. ७८,०००।- मा राजिनामा पास गरी बुबाले खरीद गरिदिनु भएको हो भन्ने व्यहोराको **प्र.रामजङ्ग खड्काले अनुसन्धानको क्रममा गरेको बयान ।**

आरोपपत्रअनुसार प्रतिवादी केशरजङ्ग खड्का र निजको परिवारका सदस्यहरुको नाउँमा रहेको बैंक तथा वित्तीय संस्थामा मौज्दात निम्न देखिन्छः

| सि. नं | खातावालाको नाम | बैंकको नाम र ठेगाना | खाताको किसिम | खाता नं. | रु. |
|---|---|---|---|---|---|
| १ | रामजङ्ग खड्का | कृषि विकास बैंक, वत्तिसपुतली | बचत | ०३१७८० | ९०७।६२ |
| २ | केशरजङ्ग खड्का | नविल बैंक लि | बचत | ०११००१०८८४४०१ | २८,१३६।९३ |
| ३ | ,, | एन.वि. बैक लि. पुतलीसडक | बचत | ०७४९५१ | ३३७३।०६ |
| ४ | ,, | नेपाल बैंक लि. काठमाडौं | बचत | ६७७०२५० | २९७७।२५ |
| ५ | ,, | कृ.वि.बैंक न्यूरोड | बचत | ०६११३२ | १७,२७५।१९ |
| ६ | ,, | रा.वा.बैंक सिंहदरवार | बचत | १५८०१ | १०,१९७।७३ |
| ७ | ,, | ने.वै.लि. भोटाहिटी | बचत | ५५५२/६ | ३६८०।९७ |
| ८ | ,, | कृषि विकास बैंक वानेश्वर | बचत | ०५२०१० | २९,२४८।८३ |
| ९ | ,, | कृ.वि.बैंक पुतली सडक | बचत | १०४८८२ | १३,८८२।६० |
| १० | ,, | ,, | बचत | ५४२५६६ | ६९,८५५।२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | ,, | एशियन सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. | बचत | १४१०-१६५७५ | १४,६७६।२४ |
| १२ | ,, | ललितपुर फाइनान्स कम्पनी लि. | मुद्दती | ३३-०२४३९-५ | २,,००,०००।- |
| १३ | ,, | सगरमाथा फाइनान्स सहकारी संस्था लि. | मुद्दती | ३१ | ५०,०००।- |
| १४ | ,, | एशियन सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिम लि. | मुद्दती | १४४००१२२१३ | ५०,०००।- |
| १५ | ,, | एस. फाइनान्स कम्पनी लि. | मुद्दती | ४०७४२९०“ए” | ३,००,०००।- |
| १६ | सीतादेवी खड्का | युनाइटेड फाइनान्स लि. | मुद्दती | १६-१०५०७-३ | ७,५२,१३७।१३ |
| १७ | केशरजङ्ग खड्का | कृ.वि.बैंक,बैंकिङ्ग, कार्यालय, न्यूरोड | मुद्दती | ८०२६२० | ३७,०००।- |
| १८ | केशरजङ्ग खड्का | हिमालयन फाइनान्स एण्ड सेभिङ्ग कं लि. | मुद्दती | ०५८/९१४८ | १,००,०००।- |
| १९ | ,, | कृ.वि.बैंक,बैंकिङ्ग, कार्यालय, बानेश्वर | बचत | २४२५८३ | १४८०।५० |
| २० | | ,, | मुद्दती | २४२५२२ | ३०,०००।- |
| २१ | ,, | नेपाल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | मुद्दती | डि.डि.डि.५७६०१ | ४,००,०००।- |
| २२ | ,, | कृ.वि. बैंक रत्नपार्क | मुद्दती | ५०००/११०००३ | ३५,०००।- |
| २३ | ,, | ,, | मुद्दती | ४९४८/१०४४८४ | ४०,०००।- |
| | | | | जम्मा रु. | २१,८९,८२९।२९ |
| २४ | ,, | नेविल बैंक लि. | बचत/डलर खाता | ०११०२१०८८४४०१ | ५,०३,३९७८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कुल जम्मा रु. | २६,९३,२२७ ११ |

शेयर : प्रतिवादी केशरजङ्ग खड्का, सीता देवी खड्का, लक्ष्मण जङ्ग खड्का, रामजी खड्का र जीतजङ्ग खड्काका नाउँमा रहेको आरोपपत्रको तालिका नं. ९ मा उल्लेख भए अनुसारको विभिन्न बैंक तथा वित्तीय संस्था, होटल समेतका रु.१,४६,०००।- को शेयर र रामजङ्ग खड्का र सीतादेवी खड्काका नाउँको हिमालयन बैंक लि. को क्रमशः रु. १०,०००००।-र रु.१,००,०००।- को ऋणपत्र ।

आरोप पत्रको तालिका नं. १० मा उल्लेख भए बमोजिको विविध शीर्षकमा निम्न सम्पत्ति देखिन आउँछः-

| **क्र.सं** | **विवरण** | **रकम (स्रोत नखुलेको) रु.** |
|---|---|---|
| १ | घरबाट बरामद नगद | १०,७७,१८०।- |
| २ | घरबाट बरामद भा.रु. १०,०००।- | १६,०००।- |
| ३ | घरबाट बरामद अमेरिकी डलर २६५०।- (विनिमय दर ७७.७५) | २,०६,०३७।५० |
| ४ | घरबाट बरामद गहना र सुनको मूल्य | १,२९,१९५।- |
| ५ | गाडी खरीद गर्न पेश्की | ३,००,०००।- |
| ६ | इलेक्ट्रीकल्स र इलेक्ट्रोनिक्स सामान (घर मूल्यांकन हुँदा छुट) | ३,०७,०००।- |
| | **जम्मा रु.** | **२०,३५,४१२।५०** |

आरोपपत्रमा तालिका नं. ११ मा निम्न सम्पत्तिको स्रोत खुलेको मानिएको छ ।

| **क्र.सं** | **नाम** | **विवरण** | **(हालको मूल्यांकन) रु.** |
|---|---|---|---|
| १ | सीतादेवी खड्का | का.जि.का.म.न.पा. गौशाला स्थित कि.नं. २४ को ०-८-०-० जग्गा मिति २०३८।४।२८ मा राजिनामाबाट । | १८,००,०००।- |
| २ | ,, | का.जि.का.म.न.पा. वडा नं. १० को साविक कित्ता नं. २६६ को ०-१०-२-० हाल कित्ता नं. ११३ को ०-१०-३-२ | १०,८७,५००।- |

| | | | |
|---|---|---|---|
| | | को जग्गा मिति २०४०।१२।२९ मा राजिनामाबाट । | |
| ३ | ,, | का.जि.का.म.न.पा. वानेश्वर स्थित साविक कित्ता नं. ७६ हाल कित्ता नं. १११ मा  २०४७ तिर निर्माण भएको २.५तला घर । | ११,२४,९४८। ८५ |
| ४ | केशरजङ्ग खड्का | कपिलवस्तु जिल्ला कोपवा गा.वि.स. स्थित कित्ता नं. ५६४ को ०-१९-० कित्ता नं. ५४४ को १-१-० जग्गा मिति २०४८।२।१२ मा राजिनामाबाट  । | १०,००,०००।- |
| ५ | सीतादेवी खड्का | का.जि.का.म.न.पा. वडा नं. १० स्थित कित्ता नं. ३०६ को ०-५-०-३ जग्गा मिति २०५७।९।२४ मा राजिनामाबाट । | १,४५,६२२।२५ |
| ६ | परिवारका विभिन्न व्यक्तिको नाममा रहेको | साधारण शेयर, हकप्रद शेयर तथा वोनस शेयरसमेत । | १,४६,०००।- |
| ७ | केशरजङ्ग खड्का | एशियन र सगरमाथा फाइनान्स कम्पनीहरुको मुद्दती खातामा रहेको नगद मौज्दात । | १,००,०००।- |
| ८ | रामजङ्ग खड्का | कृषि विकास बैंक, वानेश्वर | ९०७६२ |
| ९ | केशरजङ्ग खड्का | नेविल बैंकमा रहेको खातामा रहेको नगद मौज्दात डलर ६४७४।५७ को ने.रु. | ५,०३,३९७८२ |
| १० | ,, | घरबाट बरामद सुन र सुनका गहना | १,२९,१९५।- |
| ११ | - | घरमा रहेको अमेरिकी डलर २६५०।- को ने.रु. | २,०६,०३७५० |
| १२ | केशरजङ्ग खड्का | नोकरी प्रवेशदेखि २०५९ श्रावण सम्मको तलव | ८,७०,५४१।- |
| | | **जम्मा रु.** | **७१,१४,१५०।०४** |

आरोपपत्रमा तालिका नं. १२ मा निम्न सम्पत्तिको स्रोत नखुलेको मानिएको छ ।

| क्र सं | नाम | विवरण | स्रोत नखुलेको (हालको मूल्यांकन) |
|---|---|---|---|
| १ | सीतादेवी | का.जि.का.म.न.पा. वडा नं. १० को नं. ७६ हाल कित्ता नं. १११ को ०-८-०- जग्गा २०४४।९।९ मा राजिनामा | ७,९३,७५०।- |
| २ | ,, | का.जि.का.म.न.पा. वडा नं. १० को साविक कि. नं. १०४०, १०४१ र ५७० हाल कि. नं. २५१ को २-२-०-० जग्गा मिति २०४४।१०।३ मा हा.व.बाट । | ५९,५०,०००।- |
| ३ | ,, | का.जि.का.म.न.पा. बानेश्वरस्थित साविक कि.नं. ७६ हाल कि.नं. १११ मा २०४७ तिर निर्माण भएको २.५ तल्ला घर । | २५,५३,३८२।३० |
| ४ | लक्ष्मणजङ्ग | का.जि.का.म.न.पा. कोटेश्वरको साविक कि.नं. १०४३ र १०४४ हाल कि.नं. १०६ र ११७ को ०-१-२-१ र ०-०-२-२ जग्गा २०५२।१२।२२ मा हा.व.बाट आएको । | ३,८२,८१२।५० |
| ५ | सीतादेवी | का.जि.का.म.न.पा. वडा नं. १० स्थित कि.नं. ३०६ को ०-५-०-३ जग्गा २०५७।९।२४ मा राजिनामाबाट । | ३,७३,१२७।७५ |
| ६ | रामजङ्ग | महोत्तरी, वर्दिवासस्थित कि.नं. ८७८ र ८७९ को क्रमश: ०-२-१० र ०-०-२ २०५३।२।१४ मा राजिनामाबाट । | ५,२०,०००।- |
| ७ | - | घरबाट बरामद ने.रु. र भा.रु. । | १०,९३,१८०।- |
| ८ | केशरजङ्ग र सीतादेवी | बिभिन्न बैंक तथा फाइनान्स कम्पनीको मुद्दती खाताको मौज्दात । | १८,९५,६१७।६३ |
| ९ | केशरजङ्ग | बिभिन्न बैंकमा रहेको मौज्दात । | १,९३,३०४।०४ |
| १० | ,, | मोटर खरीद गर्न दिएको रकम | ३,००,०००।- |
| ११ | सीतादेवी | हिमालयन बैंक, ऋणपत्र | १,००,०००।- |

| | | | |
|---|---|---|---|
| १२ | रामजङ्ग | हिमालयन बैंक, ऋणपत्र | १,००,०००।- |
| १३ | - | इलेक्ट्रीकल/इलेक्ट्रोनिक्स सामान | ३,०७,०००।- |
| | | **जम्मा** | **१,४५,६२,१७४।२२** |

प्रतिवादी केशरजङ्ग खड्काले कृषि आय, घर भाडा, छोराको आय, पारिश्रमिक, सुन बिक्री, जग्गा बिक्री जस्ता गोश्वारा स्रोत देखाएर सबै सम्पत्ति तिनै स्रोतबाट खरीद गरेको हुँ, जोड जम्मा र सँग्रह गरी बढे बढाएको हो भनी बयानमा उल्लेख गरेको भए तापनि ती स्रोतबाट खरीद गर्न/हुन सक्ने अधिकतम हदसम्म तालिका नं. ११ मा उल्लिखित स्रोत खुलेको सम्पत्तिमा समावेश गरिएको छ । सोदेखि बाहेकका सम्पत्ति बैधानिक स्रोतबाट खरीद गरेको आधार प्रमाण पेश नभएकोले स्रोत नखुलेको सम्पत्तिमा राखी अभियोग दावी लिइएको छ ।

प्रतिवादी केशरजङ्ग खड्का निजामती सेवामा कार्यरत रहँदा तालिका नं. ११ र १२ मा उल्लेख गरिए बमोजिम स्वाभाविक र कानूनी रुपमा हुने सम्पत्ति आर्जनसँग मनासिव कारणबिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरिरहेको र भ्रष्टाचार जस्तो आर्थिक अपराधका चरित्रगत पक्षलाई ध्यानमा राखेर नै साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले अनुमानित कसूर सम्बन्धी व्यवस्था गरेको र ऐ. ऐनको दफा १६ग. ले त्यस्तो सम्पत्ति जफत सम्बन्धी व्यवस्था तथा ऐ. ऐनको दफा ७(१) ले दण्डनीय व्यवस्था गरेकोमा सोही व्यवस्था र अवधारणालाई अझ प्रभावकारी र क्रियात्मक बनाउने उद्देश्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले गैरकानूनी रुपमा आर्जित सम्पत्तिलाई भ्रष्टाचार गरी प्राप्त गरेको कसूरको मान्यता दिँदै ऐ. दफा २०(२) ले गैरकानूनी आर्जनको सम्पत्ति जफत गर्ने समेतको दण्डात्मक प्रावधानलाई स्वीकार गरेको अबस्थामा मिसिल संलग्न कागजातको प्रमाणगत र वस्तुपरक रुपमा “सम्पत्ति” र “जीवनस्तरको” अन्तर सम्बन्धको तथ्यपरक विश्लेषण गर्दा उपरोक्त उल्लेख भए बमोजिम स्वभाविक आम्दानीका स्रोतसँग निजको अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तरको जीवनशैली रहे भएको स्थापित भएको छ । प्रतिवादी केशरजङ्ग खड्काले आर्जन गरेको कूल रु. २,१६,७६,३२४।२६ मध्ये रु. १,४५,६२,१७४।२२ साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (ग) १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रुपमा आर्जन गरेको पुष्टी हुन आएकोले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ अनुसार कसूर भई त्यसको निरन्तरताको रुपमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम पनि कसूर गरेको देखिन आएको छ । सो सम्पत्ति निजले आफ्नी पत्नी सीतादेवी खड्का, छोराहरु रामजङ्ग

खड्का र लक्ष्मणजङ्ग खड्का समेतका नाउँमा राखेकोले निजहरुको नाउँको सम्पत्ति तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा १६ग. लाई समेत मध्यनजरमा राखी भ्रष्टाचारको कसूर गर्नमा मुख्य भूमिका निर्वाह गर्ने प्रतिवादी केशरजङ्ग खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५८ को दफा २०(१) को कसूरमा ऐ. दफा २०(२) बमोजिम रु. १,४५,६२,१७४।२२ विगोबमोजिम जरिवाना तथा हदैसम्म कैद सजाय तथा निजको गैरकानूनी आर्जनको सम्पत्ति पत्नी सीतादेवी खड्का, छोराहरु रामजङ्ग खड्का र लक्ष्मणजङ्ग खड्का समेतको नाममा रहेको अबैध आर्जनको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत र ऐ. दफा ३० बमोजिम कारवाही गरी पाऊँ भन्ने **अभियोग दावी ।**

मैले भ्रष्टाचार गरी अकुत सम्पत्ति नकमाएको हुँदा उजुरीको व्यहोरा भुठो हो । मैले आरोप पत्रमा उल्लिखित सामानहरुको विवरण हेरें । यी सामानहरु केही मेरो, केही छोराहरुको र केही सगोलका दाजुभाइको, केही दिदी बहिनीका हुन् । म अहिलेसम्म छुट्टि भिन्न भएको छैन । आरोपपत्रको पाना नं. १९ को शीर्षक ६ को २ मा २०४७ सालमा रु. ३६,७८,३३१।१५ को घर र सो आधुनिक घरमा रु. ५,७२,२५०।- को फर्निचर तथा रु. ५,१९,९००।- को इलेक्ट्रिक उपकरणको सजावट उल्लेख गरिएको छ भने यो रकम पनि घर निर्माण मै परेको भनि छुट्टै रकम विगो अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कायम गरेको छ । घरको प्राविधिक मूल्याङ्कन रु. १८,२३,८०२।७८ उल्लेख भएकोभित्र घरको करीब रु. ९,९१,२३१।३५ र बाहिरी चर्पी (सहायक भवन भनिएको) रु. ४३,२५६।३३ समेत जम्मा रु. १०,३४,४८७६८ हुनुपर्नेमा सजावट सामान फर्निचर रु. ५,७३,२५०।- उपकरण रु. २,१२,९००।- गरी घरकै निर्माण मै समावेश गरिएको छ । यसले गर्दा घरको मूल्य हालको भनि रु. ३६,७८,३३१।१५ देखाइएको छ । जसमा घर, फर्निचर, उपकरण समेतको दोव्वर मूल्य देखाएर मूल्याङ्कन गरिएको छ । आयोगले मभन्दा पूर्व दर्ता गरेको मुद्दा अनुरुप एकनासको व्यवहार गरेको छैन ।

आरोपपत्रमा उल्लेख गरेको रु.२,१६,७६,३२४।२६ को सम्पत्ति म तथा मेरो परिवारसँग छैन । मेरो सम्पत्ति किनेको मूल्यमा अन्दाजी रु. ५३,६२,०४०।- मात्र देखिन्छ । २०३२ सालदेखि २०५९ साल श्रावणसम्मको तलव र भत्ता करीब रु. १२ लाख, मेरो का.जि., का.म.न.पा. १० मा अवस्थित घरको घरभाडा २०४७ देखी २०५८ सालसम्मको अनुमानित रु.१२ लाख, का.म.न.पा. ३५ कोटेश्वरको हाल नापीको कि.नं. २५१ को क्षे.फ. २-०-३-२ जग्गामा बनेको छाप्रो र तरकारी गर्न भाडा दिएको २०४५ सालदेखि २०५८ सालसम्मको रु. करीब ६ लाख, का.जि.का.म.न.पा. वडा नं.८ गौशालाको कि.नं.

२४ को ०-८-० जग्गा भाडा र २०४० सालदेखि २०५८ सालसम्म रु.३ लाख, वर्दिवास महोत्तरीको ०-२-१२ जग्गा भाडा २०५३ सालदेखि २०५८ सालसम्मको अं. रु. १,५०,०००।-, सन् १९८३ मा जापान कस्टम टेक्निक छात्रवृत्तीबाट जापानी येन ७,४४,८४०।- को ने.रु. १ लाख (बढे बढाएको समेत), सन् १९९३ मा अमेरिकामा पब्लिक फाइनान्सियल मेनेजमेन्ट छात्रवृत्तीमा U.S. डलर ५६००।- मध्ये ४०००।- U.S. डलरको नविल बैंकमा खाता खोली हालसम्म U.S. डलर ६,४७४।५७ को ने.रु.५,०३,४००।- भएको, बाँकी U.S. डलर १६००।- समेत २६५० अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लिई गएको र फिर्ता दिने निर्णय गरेको छ । सन् १९९६ मा प्रोपर्टी ट्याक्सेसन एण्ड भ्यालुएशन ट्रेनिङवापत सिँगापुर डलर १५००।- को ने. रु.६०,०००।- को मैले विभिन्न प्रकृयाले बढे बढाएको जम्मा रु.१ लाख, पैत्रिक घरवारी अर्घाखाँची भुवनडाँडाको करीब १५-१५-०-१ जग्गा मिति २०४५।७।२१ मा रु.४९ हजारमा बिक्री गरी बढे बढाएको रु.६१ हजार, पैत्रिक कल्सेटारी खेत ८-१०-०-१ मिति २०४७।१२।१३ मा बिक्री गरी रु. ७१,०००।- प्राप्त, पैत्रिक घरवारी अर्घाखाँची भुवनडाँडाको २१-१२-०-० बिक्री गर्दा मिति २०४७।९।२६ मा रु.१,३३,०००।- प्राप्त भएकोमा गाउँघरमा व्याज लगाई २०५२ सालसम्म रु.३ लाख भएकोमा गाउँमा राख्न असुरक्षा भै पिताले बैंकमा राख्न दिए अनुरुप युनिभर्शल फाइनान्समा राखी व्याजसमेत रु. ३,१०,०००।- भएको र पुनः मुद्दती खातामा राखी कुल ६ लाख पुगेको छ ।

भाई रत्नध्वज खड्काको नामको पैत्रिक सम्पत्ति मिति २०४६।१०।११ मा बिक्री गरी ३४,०००।- प्राप्त भएको, सन् १९९९ मा कस्टम एडमिनिस्ट्रेशन II मा छात्रवृत्ती जाँदा जापानबाट प्राप्त जापानी येन २,१२,०००।- को बढाएको रु.१,७५,०००।-, २०५५ साल जेठतिर निलामु खासा भंसार अधिकृतहरुको बैठकमा जाँदा प्राप्त U.S. डलर ९०० को ने.रु. ६२,०००।- मा बढाएको ७५ हजार भएको छ । पिताबाट पटक-पटक प्राप्त रु.९ लाख, सुनको कमिशनवापत प्राप्त करीब रु.३ लाख, सन् १९९५ देखि सन् २००१ सम्म जितजङ्ग खड्काले क्यु.एस.आर.लि.को अष्ट्रेलियन डलर ३५,८७४।७६ र युम रेष्टुरेण्टस् इन्टरनेशनल्सको अष्ट्रेलियन डलर ७६,४७४।८५ आयश्रोत मध्येबाट दुई पटक आउँदा करीब १५ लाख नेपाली मलाई दिएको, २०५९ जेठमा ५५ तोला सुन बिक्री गरी प्राप्त रु.४,२३,५००।-, सीतादेवी खड्काले पाएको दाइजो, पेवा रु. २,२५,०००।- को बढे बढाएको रु. ३ लाख, २०४५ सालमा काका ज्ञानबहादुर खड्काबाट रु. १,५०,०००।- प्राप्त गरेको थिएँ । का.म.न.पा.३५ कोटेश्वर बस्ने झलकबहादुर खड्काबाट २०४४ साल माघ महिनामा रु.२ लाख ऋण लिएको, अर्घाखाँचीको पैत्रिक सम्पत्ति करीब १०० रोपनी जग्गाबाट २०३० सालदेखि २०४० सम्म प्राप्त आय रु.३,६०,०००।-, २०५० सालसम्म ५,००,०००।-, २०५१ सालदेखि २०५८ सालसम्म रु. ६

लाख गरी जम्मा रु.१४,६०,०००।- भएको छ । जि.कपिलवस्तु कोपवाको कि.नं. ५४४ र ५६४ को जम्मा क्षे.फ. विगाहा २-०-० को प्रति वर्ष रु.४० हजार आयको दरले २०४८ सालदेखि २०५८ सालसम्मको रु.४,४०,०००।- समेत मेरो आय हुन्छ ।

मोतीलाल दुगढबाट असुली भएको मैले आयश्रोतमा प्राप्त युनिभर्शल फाइनान्स कम्पनीमा राखेको भनेको रु.६ लाख ऋण दिई प्राप्त साँवा व्याज रु. ६,२४,०००।- लिएकोमा २०५९।४।१८ गते आयोगले बरामद गरेको नगदमा परेको छ । कृषि विकास बैंक वचत नं. ५४२५६६ मा बढी रु. ६२,८७० विगो कायम गरिएको छ । युनाइटेड फाइनान्स कम्पनीमा मुद्दती खातामा रहेको ४ लाखमा व्याज जोडी विगो कायम गरिएको छ । ५ वर्षपछि पाइने व्याजलाई जोडेको मिलेको छैन । सि.नं.१९ मा उल्लिखित मुद्दती खाता नं. २४२५८३ को रु. १४८०।५० मेरो खाता नभएको अनुरोध गर्दछु । सीतादेवी खड्काको का.म.न.पा. वडा नं.१० वानेश्वर स्थित कि.नं. ११३ को क्षे.फ. ०-१०-३-२ जग्गा र सोमा बनेको घर २०४५ सालमा नक्सा पास भै २०४५।०४६ सालमा निर्माण भयो । यो घरमा मेरो करीब ७ लाख परेको छ । मेरो घरको मूल्याङ्कन पनि अत्यन्तै बढी देखाएको छ । फर्निचरको कुल मूल्य रु.६० हजारभन्दा बढी छैन ।

घरबाट बरामद भएको रुपैयाँमध्ये मोती दुगढबाट फिर्ता भएको रु. ६,२४,०००।- सेन्ट्रल फाइनान्स कम्पनीबाट प्राप्त रु.३,८८,०००।-, ५५ तोला सुन बिक्री गरी प्राप्त रु. ४,२३,५००।- मध्ये रु.१,२३,०००।- गरी जम्मा रु.११,३४,१६०।- हो । सवै सम्पत्ति मैले माथी उल्लेख गरेको श्रोतबाट प्राप्त भएका हुन्, अबैध छैन । विपक्षी आयोगले प्रस्तुत तालिका १२ को क्र.सं.३ मा उल्लिखित कि.नं. ७६ हाल कि.नं. १११ मा बनेको घर सम्बन्धमा रु. २५,५३,३८२।३० दावी लिएको छ भने यसै घरको हकमा तालिका नं.११ को सि.नं.३ मा मेरो बैध सम्पत्ति मानी त्यसमा मूल्याङ्कन रु.११,२४,९४८।८५ देखाई आफ्नो हकमा यसैलाई रु.२५,५३,३८२।३० देखाउने र यसैलाई दोहोरो पारी मेरो हकमा रु.११,२४,९४८।८५ मात्र देखाई एउटै सम्पत्ति बैध र अबैध देखाउने काम भएको छ । सि.नं. ८ मा उल्लेख भएको रकम नै गलत छ । तालिका नं.८ को सि.नं. १६ मा रु. ४ लाखको खाता हो । यसमा रु. ३,५२,०००।- बढी लेखिन गएको छ । आरोप निराधार कपोलकल्पित छ । तालिका नं. ११ र १२ मा सि.नं. ५ मा पनि कि.नं. ३०६ दोहोरो उल्लेख भएको छ । आर्थिक ऐन, २०५८ को व्यवस्थाअनुसार मैले घरभाडा तथा जग्गा वहालको जम्मा रु. २ लाख रकम बुझाएको छु । सो बमोजिम रु. २० लाख थप आयश्रोत मान्यता हुनु पर्दछ भन्ने समेत व्यहोराको **प्रतिवादी केशरजङ्ग खड्काले अदालतमा गरेको बयान ।**

मेरो नाममा रहेको घर जग्गा बैध सम्पत्ति हो । उक्त सम्पत्ति मेरो दाइजो, पेवा, सुन कमिशन, छात्रवृत्ती, पुर्ख्यौली जग्गा बिक्री, ससुरा बुबाले दिएको रकम, ऋण रकम, वकसपत्रबाट प्राप्त बैध

सम्पत्तिबाट नै आर्जन गरेको हुँ । मेरो नाउँको सबै सम्पत्ति बैध भएकाले उक्त सम्पत्ति जफत हुने होइन भन्ने व्यहोराको **प्रतिवादी सीतादेवी खड्काले अदालतमा गरेको बयान ।**

मेरो नाममा रहेको जग्गा र सम्पत्ति सबै बैध हो । मेरो बुबाको जागिरबाट प्राप्त तलव भत्ता, विभिन्न फाइनान्सबाट प्राप्त दोब्बर रकम, घर भाडा, कपिलवस्तुको जग्गाको वार्षिक आम्दानीबाट प्राप्त रकमबाट मेरो नामको चल अचल सम्पत्ति आर्जन भएको हो । उक्त सम्पत्ति बैध भएकाले उक्त सम्पत्ति जफत हुने होइन आरोपपत्र खारेज गरी पाऊँ भन्ने व्यहोराको **प्रतिवादी रामजङ्ग खड्काले अदालतमा गरेको बयान ।**

प्रतिवादी लक्ष्मणजङ्ग खड्काका नाउँमा जारी भएको १५ दिने समाव्हान निजले शुरु म्यादै गुजारी बसेको । निजले न्यूजिल्याण्डबाट सम्पत्तिको श्रोतबारे जानकारी पठाएको भन्ने व्यहोराको निवेदन २०६०।४।२ मा प्राप्त भै **मिसिल सामेल रहेको ।**

प्र.केशरजङ्ग खड्का समेतका नाउँको सम्पत्ति गैर कानूनी रुपमा आर्जन नगरेको, सो सम्पत्ति बैध श्रोतबाट आर्जित सम्पत्ति भएकाले जफत हुनुपर्ने होइन । आरोपीत कसूरमा सफाई पाउनु पर्छ भन्ने व्यहोराको प्रतिवादी केशरजङ्ग खड्का र सीतादेवी खड्काका साक्षी माधवप्रसाद तिमिल्सीना र गोविन्दप्रसाद न्यौपानेले गरेको एकै मिलानको **वकपत्र ।**

२०५९।६।२२ मा दिइएको निवेदन प्रतिवेदन मेरै हो । भवनको मूल्याङ्कन म आफैले गरेको हुँ । भवनको नाप जाँच गर्दा घरको क्षेत्रफल, घरको प्रकार, श्री ५ को सरकार भवन विभागले विभिन्न समयमा गरेको निर्णय, दररेटलाई आधार मानी मूल्याङ्कन गरेको थिएँ । मूल्याङ्कन गर्दा स्थलगत निरिक्षणबाट नापजाँच गरी सोको विवरण, घरको बनौट, प्रयोग भएका सामग्रीको विवरण, फिनिसिङ्गको विवरण आदी, मापदण्डबाट मूल्याङ्कन गरेको हुँ भन्ने व्यहोराको वादीका साक्षी सुरेन्द्रप्रसाद राजकर्णिकारले गरेको **वकपत्र ।**

फर्निचरको मूल्याङ्कन म आफैले गरेको हुँ । प्रतिवेदनमा भएको व्यहोरा मेरै हो । मैले नै हालैको वजारमुल्यका आधारमा मूल्याङ्कन गरेको हुँ । हालको वजार मूल्यमा मूल्याङ्कन गरी मालधनीलाई मूल्यको बारेमा मैले नसोधेको, फर्निचर फिनिसिङ्ग सम्बन्धी कुनै पनि शिक्षण संस्थाबाट प्रमाणपत्र लिएको छैन भन्ने व्यहोराको फर्निचर मूल्याङ्कनकर्ता जयन्तकुमार राजवंशीले गरेको **वकपत्र ।**

प्रतिवादी केशरजङ्ग खड्का मेरो भतिजा हुन् । निजलाई मैले २०४६।२।९ गतेका दिन १० प्रतिशतका दरले व्याज लिने गरी रु.१,५०,०००।- (अक्षरुपी एक लाख पचास हजार) ऋण दिएको थिएँ । २०४८ असार ५ गते निजबाट साँवा व्याज मैले पाई सकेकाले तमसुक फट्टा दरपिठ गरी

दिएको हुँ भन्ने व्यहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका **ज्ञानबहादुर खड्काले अदालतमा गरेको बयान ।**

कृषि आयबाट र पुरानो ऋण असुलीबाट आयको रकम पहाडमा राख्न असुरक्षित हुने हुँदा बैंकमा राख्न पटक-पटक गरी करीब रु. १५,००,०००।- (अक्षरुपी पन्ध्र लाख) मैले दिएको हो । छोराछोरीको विवाहबाट प्राप्त एकसरो फर्निचर तथा इलेक्ट्रोनिक्स सामानहरु जेठो छोरा केशरजङ्गकै घरमा नै राखिएको छ । हामीहरु छुट्टी भिन्न भएका छैनौ भन्ने व्यहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका **वेनबहादुर खड्काले अदालतमा गरेको बयान ।**

अभियोग दावीको सम्पत्तिमध्ये केही सम्पत्ति मेरो हो, सबै सम्पत्ति प्रतिवादीको होइन । मैले अष्ट्रेलियाबाट साथीहरुमार्फत रु. ५,००,०००।- पठाएको र २०५५ र २०५७ सालमा म घरमा आउँदा पटक-पटक गरेर रु.१५,००,०००।- समेत बुबालाई दिएको हुँ । मोटर किन्न दिइएको पेश्की ३,००,०००।- मैले दिएको रकम मध्येको हो । सोमध्ये केही रकम फाइनान्समा राखी बढे बढाएको हो र घरमा रहेका केही इलेक्ट्रोनिक्स् सामान समेत मैले आफैँले कार्गो गरी साथैमा अष्ट्रेलियाबाट ल्याएको हो भन्ने ब्यहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका **जितजङ्ग खड्काले अदालतमा गरेको बयान ।**

दावीको सम्पत्तिमध्ये पुर्ख्यौली कृषि आयको रु. १५,००,०००।-, पुर्ख्यौली जग्गा बिक्रीबाट वढेवढाएको रकम, पुर्ख्यौली सुन बिक्रीबाट घर निर्माणमा लगानी भएको रकम, चल अचल सम्पत्तिहरु र विवाहमा प्राप्त दाईजोका फर्निचर तथा इलेक्ट्रोनिक्स सामान आदीमा हाम्रो हक समेत छ । ती सबै सामानहरु र रकम फिर्तापाउन हामी मागदावी गर्दछौं । चल अचल सम्पत्तिमा हामी एका सगोलकै भएकाले हाम्रो पनि हक दावी छ भन्ने ब्यहोराको अ.बं.१३९ नं. बमोजिम बुझिएका **उपेन्द्रप्रकाश खड्का, कर्णबहादुर खड्का र रत्नध्वज खड्काले अदालतमा गरेको बयान ।**

मिसिल संलग्न सवुद प्रमाणहरुबाट प्रतिवादी केशरजङ्ग खड्काले राष्ट्रसेवकको रुपमा सार्वजनिक पद धारण गरेको अवधिमा आर्जन गरी आफ्नो, आफ्ना श्रीमती तथा छोराहरुका नाउँमा राखेको आरोपपत्रमा उल्लिखित सम्पूर्ण चल अचल सम्पत्तिको आर्जन गर्दाको अवस्थाको खुलेको मूल्य, मूल्यांकन र न्यायोचीत आधारमा हुन आउने कूल जम्मा रु.७२,९३,११७।३९ को चल अचल सम्पत्ति मध्ये जम्मा रु.४४,०१,५४८।०९ को मात्र श्रोत खुलेको पुष्टि हुन आएको हुँदा सो बाहेक श्रोत पुष्टि हुन नसकेको विगो रु.२५,३३,९१२।१८ र श्रोत पुष्टि नभएको बैंक निक्षेपबाट बढेको व्याज रु. ३,५७,६५७।१२ समेत जम्मा रु.२८,९१,५६९।३० को चल अचल सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तरगतको कसुर गरेको ठहर्छ । सो ठहर्नाले आरोपपत्रको तालिका नं ८ को सि.नं. १ देखि २३ सम्मका विभिन्न बैंक तथा वित्तिय संस्थामा रहेका

प्रतिवादी केशर जङ्ग, सीतादेवी र रामजङ्ग खड्काका नाउँको खाताको बैंक विवरणबाट खुलेको निक्षेप रु.१६,४२,०००। र व्याज रु.५,४७,८२९।२९ मध्ये निक्षेप रु.५,७०,०००। र व्याज रु.१,९०,१७२।१७ गरी जम्मा रु.७,६०,१७२।१७, प्रतिवादी केशरजङ्ग खड्काका नाउँको नविल बैंकको वचत खाताको यू.एस. डलर ६४७४।५७ को रु.५,०३,३९७।८२, बरामद भएको नगदमध्ये रु.२५,५१७।८२, प्रतिवादी सीतादेवी खड्काका नाउँको का.म.पा. वडा नं. ८ को कि.नं. २४, वडा नं. १०को कि.नं १११, ११३ र ३०६ को मूल्य रु.६,४२,०००। को जग्गा र सो जग्गामा बनेको लागत रु.१०,३७,६५२।७८ को घर तथा सो घरमा भएको फर्निचर एवं विद्युत्तिय उपकरणका सामानहरुको मूल्य रु.५,४६,५७५।, प्रतिवादी केशरजङ्ग खड्काका नाउँको कपिलवस्तु कोपवा गा.वि.स. वडा नं. ८ को मूल्य रु.१,०५,०००। को कि.नं ५४४ र ५६४ को जग्गा, प्रतिवादीहरुका नाउँमा रहेको रु.१,४६,०००। को शेयर लगानी, मोटर खरीद गर्न दिएको रकम रु.३,००,०००।, बरामद भएको यू.एस.डलर २६५० को रु.२,०६,०३७।५० र रु.१,२९,१९५। का सुनका गहनाहरुसमेत जम्मा रु.४४,०१,५४८।०९ का चल अचल सम्पत्ति बाहेक श्रोत पुष्टि नभएका प्रतिवादी सितादेवी खड्काका नाउँको का.म.पा. वडा नं. ३५ को कि.नं. २५१को जग्गा, प्रतिवादी लक्ष्मणजङ्ग खड्काको नाउँको का.म.पा. वडा नं. ३५को कि.नं १०६ र ११७ को जग्गा, प्रतिवादी रामजङ्ग खड्काका नाउँको महोत्तरी बहादुरगंज गा.वि.स.वडा नं. ३(ख) को कि.नं. ८७८ र ८७९ को जग्गा, प्रतिवादी रामजङ्गका नाउँको रु.१,००,०००। र सितादेवीका नाउँको रु.१,००,०००। को हिमालयन बैंकको ऋणपत्र, बरामद भएको नगदमध्ये रु.१०,६७,६६२।१८, आरोपपत्रको तालिका नं. ८को सि.नं.१ देखि २३ सम्म उल्लिखित विभिन्न बैंक तथा वित्तिय संस्थाहरुमा भएको प्रतिवादीहरुका नाउँको बैंक खाताको विवरणबाट खुलेको निक्षेप रकममध्ये रु.१०,७२,०००। र व्याज रकममध्ये रु.३,५७,६५७।१२ समेतका चल अचल सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ बमोजिम जफत भई प्रतिवादी केशरजङ्ग खड्कालाई सोही ऐनको दफा २० (२) अनुसार विगोबमोजीम रु. २५,३३,९१२।१८ जरीवाना र १(एक) वर्ष कैद हुन्छ भन्ने समेत व्यहोराको **विशेष अदालतको मिति २०६१।१२।२२ को फैसला ।**

पुनरावेदक मुख्य अभियुक्त बाहेकका अन्य प्रतिवादीहरुको हक भोगको चल अचल सम्पत्ति समेत म पुनरावेदकको अबैध आर्जनको सम्पत्ति ठहर गरी फैसला भएको ठाडै प्रतिकूल असर पुऱ्याउने गरी भएको फैसला प्रारम्भदेखि नै त्रुटिपूर्ण रहेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) सँग खारेज भएको भ्रष्टाचार निवारण ऐन, २०१७ का अप्रासंगिक दफाहरुलाई तानतुन पारेर जवर्जस्ती सन्निहित गर्न गराउन मिल्दैन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) अतितप्रभावी रुपमा लागू गर्ने विधायिकाको मनसाय होइन । प्रस्तुत मुद्दामा विशेष अदालतबाट

पुनरावेदक समेतका नाममा रहेको अचल सम्पत्तिको मूल्य तोकी त्यसमा चल सम्पत्ति जोडी कुल आर्जित सम्पत्ति भनि जसरी अस्वाभाविक र बढी रकम निकालेको छ त्यसमा पुनरावेदकको चित्त बुझेको छैन ।

सीतादेवी खड्का र लक्ष्मणजंग खड्काले बकसपत्रबाट पाएको जग्गाहरु खरिदी गरेको भन्दै जग्गाको खरिद मुल्यमा जोडेको विशेष अदालतले गरेको ठहर कानून प्रतिकूल र अन्यायपूर्ण छ । बकसपत्रबाट प्राप्त जग्गालाई खरिदी कै भन्ने ठहरमा पुग्न विशेष अदालतको फैसलामा लेखिएको तर्कमा प्रमाण सम्बन्धी सिद्धान्त र फौज्दारी न्यायको सिद्धान्तको गम्भिर त्रुटी रहेको छ । विशेष अदालतबाट घरको मूल्य पनि बढी राखेको छ । मैले बयानमा घरको वास्तविक लागत खर्च रु.७,५६,०००।- मात्र भएको भनि खुलाएकै लागत खर्चलाई विशेष अदालतबाट मान्यता दिइनु पर्नेमा विशेष अदालतको फैसला न्याय र प्रमाण सम्बन्धी सिद्धान्तको बर्खिलाप छ । फर्निचर र विद्युतिय उपकरणहर Check Period २०३२ सालदेखि २०५९ सालसम्म खरिद भएका हुन् । एकैपटक हालैका नयाँ खरिद होईनन् भन्ने कुरा विशेष अदालतले स्वीकार गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा गराइएको मूल्यांकनको ५०% प्रतिशत मात्र कायम गर्ने भन्ने विषेश अदालतको निर्णयाधार पनि न्यायोचित छैन ।

भाईहरु उपेन्द्र प्रकाश खड्का, कर्णबहादुर खड्का र रत्नध्वज खड्कालाई विशेष अदालतले झिकाई बयान गराउँदा दावीका सामानमध्ये केही सामान विवाहमा ससुरालीबाट दाईजोमा आएको भनि लेखाएका छन् । विवाहमा ल्याएको सामानलाई म केशरजंगको खरिदीमा राख्ने विशेष अदालतको फैसला न्यायोचित छैन । छोरा जितजंगले अष्ट्रेलियाबाट ल्याएको भनेको डिभिडि प्लेयरको विल पछि घरमा फेला परेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल्यांकन हचुवा भएको पुष्टी हुन्छ । बयानसाथ पेश गरेका विलबमोजिम फर्निचर र विद्युतीय सामानहरुको जम्मा मूल्य रु.१,९०,९००।- मात्र कायम गरी भाईहरु र छोराका सामानहरु निजहरुकै कायम गरी पाऊँ ।

विशेष अदालतले देखाएको बैंक मौज्दातमध्ये रु.३,५२,१३७।१३ युनाइटेड फाइनान्स कम्पनी लिमिटेडको ५ वर्षे मुद्दती खाताबाट अवधि पुगेपछि प्राप्त हुने व्याज हो । हाल मौज्दात रहेको रकम होइन । साथै अभियोगपत्रको तालिका नं. ८ को सि.नं. ११ र तालिका नं. १२ को सि.नं. ९ को एशियन सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. को रु. १४,६७६।२४, सोही कोअपरेटिभ तालिका नं. ११ को सि.न. ७ श्रोत पुष्टी भएको रु. ५०,०००।- मुद्दती खाताको व्याज हो । अ.दु.अ.आ. ले अवैध र विशेष अदालतले उक्त रकममध्ये ५,५१९।९९ श्रोत पुष्टी नभएको शीर्षक अन्तर्गत राख्नु घोर आपतिजनक छ ।

मेरो घरबाट बरामद भएको नगद रु.११.३४,१६०।- पुख्यौली जग्गा बिक्री रकम समेतको विभिन्न बैंक तथा वित्त कम्पनीहरुमा मुद्दती खातामा राखेको श्रोत खुलेकै आयको रकमको ब्याज तथा सुन बिक्री समेतका रकम हुन् । विशेष अदालतले म पुनरावेदक केशरजंगको तलब, भत्ता, घरभाडा, कृषि आय, सगोलको छोराको आय र पैत्रिक सगोलको सम्पत्तिबाट आर्जित आयमध्ये कुनै कलमको आयलाई वास्तविकभन्दा ज्यादै कम गरेको र कुनै आय शीर्षकलाई अस्विकार गरेर वास्तविक आयभन्दा कम आय कायम गरेको छ ।

तलवभत्ताको आय शीर्षक अन्तर्गतका आयहरुमध्ये शाही औषधि लिमिटेड पदपूर्ति तथा बढुवा समितिबाट प्राप्त बैठक भत्ता रु.५,०००।- मध्ये हाल मिति २०६२।४।१८ को पत्रानुसार प्रमाणित रु.१,०२०।- को पत्र यसै साथ पेश छ । इन्धन संस्थान संचालक समितिको बैठक भत्ता रु.७,८००।- नेपाल विद्युत कर्पोरेशनको तलब रु. १३,८१२।- लाई विशेष अदालतले श्रोत पुष्टि भएको आयमा समावेश नगर्नु न्यायोचित भएन । बजेट तर्जुमा भत्ता रु.५१,३२५।- खाना तथा खाजा खर्च सोही प्रयोजनमा खर्च हुने भनि आर्जित आयलाई अमान्य गर्न मिल्दैन । बजेट तथा कार्यक्रम महाशाखामा कार्यरत रहेको र बजेट तर्जुमा गर्दा दैनिक भत्ता प्राप्त गरेको पुष्टि हुने प्रमाण हुँदाहुँदै भुक्तानी कागज नभएको भनि अस्विकार गरेको त्रुटिपूर्ण छ । शाही औषधी लिमिटेडको पदपूर्ति तथा बढुवा समितिमा र इन्धन संस्थानको संचालक समितिमा मलाई तोकिएको पत्रहरु मौकामा नै पेश गरेको छु । काम गरेवापत भत्ता पाउने स्वभाविक हुन्छ र न्यायिक अनुमान गर्नपर्ने विषय हो । दुबै स्थानबाट प्राप्त भत्तालाई आयमा समावेश नगरेको र नेपाल विद्युत कर्पोरेशनबाट आर्जित आयलाई चेक पिरियड पहिलेको भनि पन्छाएको न्यायोचित भएन । आर्थिक वर्ष २०४६/०४७, २०४७/०४८, २०४८/०४९। २०४९/०५०, २०५२/०५३ र २०५६/०५७ सालमा बजेट तथा कार्यक्रम महाशाखामा रही काम गरेवापत प्रतिदिन रु.१२०।- का दरले खाना तथा खाजा खर्च पाएको भनि हिसावको विवरण पेश गरेको छु । साथै हाल अर्थ मन्त्रालयले बजेट तर्जुमा गर्दा रु. १५०।- दिने गरेको पत्र मौकामा नै पेश गरेको छु । बजेट तर्जुमा गर्दाको अवधिको खाना तथा खाजा खर्च रु.५१,३२५, दैनिक भत्तावापत प्राप्त रु.३५,२५०,८० पुरै रकम मान्यता प्रदान गरी पाऊँ ।

नागरिक लगानी कोषको कर्मचारी बचत बृद्धि कार्यक्रममा लगानी गरेवापत प्राप्त व्याज रु. ४,१९७५५ थप आय कायम हुन मिति २०६२।५।१९ को पत्र यसैसाथ पेश छ । मैले पटक-पटक विदेश जाँदा श्री ५ को सरकारको प्रचलित ऐन नियमबमोजिम प्राप्त गरेको लुगा भत्ता रु.१५,६८०।- लाई आयश्रोतमा समावेश गरी पाऊँ । आ.व. २०४९/०५० मा कर कार्यालय धनगढी र २०५२/०५३ मा कर कार्यालय जनकपुरमा २४ वटा वैठकको रु.३,६००।- प्राप्त गरेको छु । सो रकमसमेत आयमा समावेश गरी पाऊँ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित भन्सार कार्यालयमा

कर्यरत रहँदा चोरी पैठारी भै आएको सुन पक्राउ गरेवापत खुद प्राप्त गरेको करिब रु.३,००,०००।- पुरस्कारमध्ये रिकर्ड खोज तलास गरी उक्त कार्यालयले २ वटा पत्रबाट प्रमाणित गरिदिएको रु.१,३१,५८७४९ बाहेक बाँकी रु. १,६८,४१२/५१ पनि न्यायिक मन प्रयोग गरी थप आय कायम हुन सविनय अनुरोध छ।

म पुनरावेदक केशरजंग खड्काले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विशेष अदालतमा बयान गर्दा घरको भूईं तल्ला २०४७ सालदेखि २०४९ सालसम्म र २०५० देखि २०५३ सालसम्म प्रतिमहिना क्रमश रु.७,०००।- र रु.७,७००।- का दरले र २०५४ सालदेखि २०५८ सालसम्म प्रतिमहिना रु.१०,०००।- भाडामा लगाई जम्मा रु.१२,२१,६००।- आय आर्जन भएकोमा विशेष अदालतले २०४७ सालदेखि २०५३ सालसम्मको घरभाडा मात्र आय कायम गरेर २०५४ देखि २०५८ सम्मको घर भाडामा लगाएको विश्वासिलो आधार प्रमाण नभएको भनि फैसला गरेको न्यायोचित छैन। श्री ५ को सरकारले ल्याएको स्वयम् कर घोषणा कार्यक्रम अन्तर्गत घरभाडावापत समेतको आय आर्जन गरेको भनि कर बुझाएकोलाई प्रमाणमा नलिएको गम्भिर त्रुटी हो। आर्थिक ऐन, २०५८ को दफा १० को अनुसूची ६ को दफा ४२(१) अन्तर्गत सम्पतिको स्वेच्छिक धोषणा (ख्म्क्ष्क) गरी सीतादेवी खड्काले घर बहाल प्राप्त आय समेतको कर रु. २,००,०००।- दाखिल गरेको छ। यसबाट पनि घर बहालवापत आय भएको प्रमाणित हुन्छ। तर फैसलामा भाडामा बसेको व्यक्तिको परिचय खुलाउन नसकेको भन्ने तर्क न्यायोचित छैन। यसर्थ, २०५४ सालदेखि २०५८ सालसम्मको घर भाडा रु. ६,००,०००।- आयमा समावेश गरी पाऊँ।

काठमाडौं महानगरपालिका गौशालाको रोपनी ०-८-० जग्गा, कोटेश्वरको २-७-० रोपनी, कपिलवस्तु कोपवाको २ विगाहा तथा महोत्तरी वर्दिवासको विगाहा ०-२-१२ जग्गा भाडामा लगाएको कवुलियत पेश गरेको छु। २०२८ सालमा तोकिएको मोहीले कुत बाली बुझाउने आधारमा विशेष अदालतले कृषि आय निर्धारण गरेको न्यायोचित छैन। कबुलियत लिखतलाई प्रमाणमा लिई सो बमोजिमको गौशालाको रु.२,८८,०००।-, कोटेश्वरको रु.५,८२,०००।-, महोत्तरीको रु.१,४४,०००।- र कपिलवस्तुको रु.४,४०,०००।- समेत जम्मा रु.१४,५४,०००।- आय आर्जनलाई कायम गरी न्याय पाऊँ।

म पुनरावेदकले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विशेष अदालत दुबै निकायमा बयान गर्दा सम्वत् २०५९ साल जेष्ठ महिनामा ५५ तोला सुन बिक्री गरी मोटर खरिद गर्न विजय मोटर्स प्रा.लि.लाई पेश्की दिएको भनेको छु। बयानमा मैले विदेशबाट ५ पटक आउँदा सुविधामा ल्याउन पाउने जति पटक-पटक गरी ल्याएको २५ तोला, पुनरावेदक सीतादेवी खड्काको दाईजोको ३० तोला सुन र पुर्खौली सुन ४० तोला तथा स्थानीय खरिद १० तोला सुनसमेत समय-समयमा

हाम्रो साथमा रहेकाले सम्पत्ति न्यायिक जाँचबुझ आयोगमा मिति २०५९।०२।२३ मा सम्पत्ति विवरण पेश गर्दा ७० तोला सुन रहेको विवरण दिएको छु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुनरावेदकको घरमा २०५९ श्रावणमा छापा मार्दा जम्मा १५६.६०० ग्राम (१४ तोला) मात्र बरामद भएको छ । पटक-पटक सुन खरिद गरेको विल बरामद भएका छन् । बरामद गर्दा सुन कम देखिएकोले बाँकी ५५ तोला सुन बिक्री गरेको भन्ने तथ्य मेरो बयान सम्पुष्टि भएको छ । सुन बिक्री गरेर प्राप्त रु.४,२३,५००।- मध्ये विजय मोटर्स प्रा.लि.लाई पेश्की दिएको रु.३,००,०००।- प्रमाणित भएकोले सो सुनलाई श्रोत खुलेको सम्पत्तिमा गणना हुनु पर्दछ । आरोपपत्रमा पनि जग्गा खरिद गर्दा १० तोला सुन बिक्री गरेको रकमलाई श्रोत मानेको छ र स्वयं विशेष अदालतको फैसलाले पनि घर निर्माण गर्दा बिक्री भएको १५ तोला सुनको रु.६०,०००।- स्वाभाविक भनि स्विकार गरेको छ । आरोपपत्र र फैसला दुबैले स्वाभाविक भन्दै सुन बिक्रीको श्रोतलाई मान्यता दिएपछि सो रकम रु.४०,०००।- श्रोत खुलेको आयमा जोडिनु पर्नेमा नजोडेको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ । सुन बिक्रीको रु.६०,०००।- ४,२३,५००।- मध्ये रु.४,६३,५००।-श्रोत खुलेको सम्पत्तिमा समावेश गरी न्याय पाऊँ ।

कनकमान शाक्य समेतको जग्गामा जान निजहरुले श्रीमती सीतादेवी खड्कासँग बाटो प्रयोजनको लागि जग्गा खरिद गर्न माग्नु भएकोले रु.३,००,०००।- लिई श्रीमती सीतादेवी खड्काले कि.नं. ११३ को उत्तर पश्चिम कुनाको जग्गाबाट १२ फिट लम्बाई, ९ ईन्ची चौडाईको पर्खाल भत्काई बाटोको लागी जग्गा उपयोग गर्न दिई मिति २०५२।०८।१२ मा लिखत गरी दिएको लिखत र सोही मितिमा रु.३,००,०००।- रकम लिएको अर्को लिखतको फोटोकपी पेश भएको छ ।

असामी लगाएको व्याज, कृषि आयबाट प्राप्त रकम र असामी उठाएको रकम गरी २०३२ सालदेखि २०५८ सालसम्ममा पटक-पटक गरी पिताबाट मैले करिव रु.१५,००,०००।- लिएको छु । पिता वेनबहादुरले अदालतमा उपस्थित भएर उक्त रकम दिएको भनी बकपत्र गर्नु भएको छ । २०४५ सालमा र २०४७ सालमा रा.वा.बैंक सन्धिखर्क र ने.बि.बैंक मणीग्रामबाट बुबाले कृषि र अन्य आय मध्यकै रकम रु.१,८६,०००।- पठाउनु भएको बैक भौचर आदि विशेष अदालतमा पेश भएको छ । प्रमाणद्वारा पुष्टि भएको रु.१५,००,०००।- श्रोत खुलेको सम्पतिमा समावेश गरी पाऊँ । पुनरावेदकको छोरा जितजंग खड्का २०५१ सालदेखि अस्ट्रेलियामा छन् । निजले अस्ट्रेलियामा आय आर्जन गरेर बसेको आयकर बुझाएको आयका प्रमाण कागजातहरु पेश भएका छन् ।

प्रस्तुत मुद्दा दायर भएपछि छोरा जितजंगले ल्याएको रकम आफैंले आफ्नो नाममा नविल बैंक कान्तिपथमा बचत खाता नं. ०११००१ ७५०१५५ मा अष्ट्रेलियन डलर ९,७२२।७१ जम्मा गरी खाता खोली राखेको छ । तारिख २९-०९-२००३ मा अस्ट्रेलिययन डलर १५५०।- सटही गरी रु.७५,०९९।-

प्राप्त गरेको छ । हाल जितजंगले अष्ट्रेलियाबाट पठाएको रकम रामजंगका नाममा एभरेष्ट बैंकको बचत खाता नं. १२०४१०ए मा राखिएको छ । अदालतसमक्ष जितजंगले गरेको बकपत्रलाई प्रमाणमा लिनपर्नेमा नलिएको विशेष अदालतको फैसलाले न्याय गरेको छैन । छोरा जितजंगले पठाएको र दिएको रु.२०,००,०००।- रकम श्रोत खुलेको सम्पत्तिमा समावेश गरी पाऊँ । अर्घाखाँची जिल्लाको भाई रत्नध्वज खड्काको नामको कि.नं. २८२ रोपनी ६-८-१-० मध्ये ५-०-०-० प्रेमबहादुर कुमारलाई बिक्री गरी मैले उक्त रकम प्राप्त गरेको भनि बयान गरेकोमा उक्त रकम समावेश नगर्ने गरी भएको फैसला मिलेको छैन । उत्तर रकम मैले नै प्राप्त गरेकोमा अन्य अर्थ लगाउन मिल्दैन । तसर्थ उक्त रु.३४,०००।- थप आय कायम गरी पाऊँ ।

म पुनरावेदक केशरजंग खड्काले बैंकबाट आर्जित व्याज रु.११,३२,५००।- को विभिन्न मितिमा विभिन्न कागजातहरु विशेष अदालतमा पेश भएकोमा मिसिल संलग्न प्रमाण अध्ययन नै नगरी रु.५,४७,८२९।२९ मात्र व्याज आय हो भन्दै रु.१,९०,१७२।१७ मात्र श्रोत खुलेको आयको व्याज कायम गरेको फैसला गलत र अन्यायापूर्ण छ । बैंक र वित्त कम्पनी तथा मोतिलाल दुगड समेतबाट प्राप्त रकम घरबाट बरामद भएको हो । उक्त बैंक र वित्त कम्पनीहरुमा मुद्दती खाताहरुमा राखेको रकम रहेकोले सो रकम र त्यसबाट प्राप्त व्याज रु.११,७५,९५०।२९ लाई श्रोत खुलेको आयमा समावेश गरी पाऊँ ।

म पुनरावेदक समेतले चेक पिरियडमा आर्जेको सम्पत्तिको लागत खर्च जम्मा रु.६४,२८,३८२।४८ र हाम्रो आय रु.१,१८,५७,२६३।३२ भएकोले रु.५४,२८,८८०।८४ बचत हुन्छ । म र मेरो परिवारको जिम्मामा श्रोत नखुलेको कुनै सम्पत्ति छैन । श्रोत खुलेको आयको कुलयोग सम्पत्तिको लागत खर्च (लगानी) भन्दा बढी भै बचत (क्ष्ााचउगिक) भएको पुष्टि हुँदा बिशेष अदालतको फैसला गलत भएकोले उक्त फैसला बदर गरी आरोपित कसुरबाट सफाई दिलाई पूर्ण न्याय गरी पाऊँ भन्ने समेत व्यहोराको **प्रतिवादी केशरजङ्ग खड्काको पुनरावेदनपत्र ।**

अदालतमा मुद्दा दायर भई सकेपछि आफ्नो घर भाडामा दिएको संभ्mौताको कागज छ भनी पेश गरेबाट त्यस्तो जतिबेला पनि घरायसमा तयार हुन सक्ने कागजातलाई अदालतले प्रमाणमा लिई २०४७-२०५३ सम्मको घरभाडाको रकम रु.६,२१,६००।- प्राप्त गरेको भन्ने अनुमान गरी सो रकमलाई बैध ठहऱ्याएको प्रमाण ऐन, २०३१ को दफा ५४ को विपरित व्याख्या हुन पुगेको छ । निज प्रतिवादी सरकारी नोकरीको सिलसिलामा आफ्नो जग्गा भएको स्थानभन्दा अलग स्थानमा रहेको हुँदा खेतीपाती गर्न सक्ने अवस्था नै छैन । आफूले खेती गरेको भन्ने नै पुष्टि नभएको अवस्था हुँदा बिना आधार र प्रमाण हिउँदे र वर्षे आम्दानी प्राप्त गरेको भनी आय एकिन गरिएको समेत त्रुटिपूर्ण छ । सो कृषि आयवापत त्यति रकम आय हुने अवस्था छैन ।

तत्काल प्रतिवादीले जग्गा खरिद गर्दा जे जति रकममा खरिद गरेको भए पनि यी जग्गाहरु प्रतिवादीकै भोगचलनमा रहेको हुँदा जग्गाको मोल विगो पनि मुद्दा अनुसन्धान हुँदाको अवस्था कै कायम हुनु पर्छ । गैरकानूनी अर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हालको मूल्य कायम गरिनु कानूनसम्मत हुन्छ । हालको विगोको रकमबाटै जरिवाना नगरेमा गैरकानूनी रकमबाट बढेबढाएको सम्पत्ति मध्येबाट केही अंश जरिवाना तिरी बाँकी गैरकानूनी सम्पत्तिले बैधता प्राप्त गर्ने हुँदा तत्कालीन रकमको मोलविगो कायम गर्नु भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० विपरित हुँदा सजाय गर्ने प्रयोजनको लागि जग्गा घरको मूल्य हाल कै कायम गरी पाऊँ । प्रतिवादीका घरमा जडान गरी प्रयोग भएका फर्निचर तथा विद्युतिय सामानहरुको खरिद गर्दाको वील पेश गर्न सक्नु पर्ने अवस्थाका अतिरिक्त अदालत समेतमा पनि विल पेश गर्न नसकेको हुँदा आयोगको विशेषज्ञद्वारा मूल्यांकन भएको प्रमाणलाई अन्यथा भन्न सक्ने अवस्था नहुँदा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिनु पर्नेमा अदालतले अनुमानको भरमा फर्निचर समेतका सामानमा ५०% कम गरी विगो कायम गरेको त्रुटिपूर्ण हुँदा त्रुटी भएको हदसम्म विशेष अदालतको फैसला बदर गरी सम्पूर्ण अभियोग मागदावी बमोजिम गरी पाऊँ भन्ने समेत व्यहोराको **वादी नेपाल सरकारको पुनरावेदनपत्र ।**

स्वर्गीय बुबा बेनबहादुर खड्का, आमा जयश्वरा खड्का, दाजु केशरजंग खड्का र हामीहरु सगोलमा छौं । आरोपपत्रको तालिका नं. ५ मा एकाघर सगोलको पैतृक सम्पत्तिको विवरण लेखिएको छ । व्यवहारिक सुविधाको कारणले केही जग्गा जमिन अंशियारहरुका नाममा दर्ता श्रेस्ता भए पनि हामी सगोलमै रहेको तथ्य प्रमाणहरुद्वारा पुष्टि भएका छन् । मिति २०६१।५।११ मा बुबा बेनबहादुर खड्का पर्लोक भएपछि उहाँका नामको सबै जग्गा दाजु केशरजंग खड्काका नाममा मिति २०६३।७।२६ मा नामसारी भएका छन् । हामी अंशियारबीचमा अंश भएको छैन । आयश्रोतको गणना गर्दा सगोलमा रहेको सबै अंशियारको आयश्रोत र सगोलको चल अचल सम्पत्तिको न्यायोचित र विवेकसम्मत रुपमा आयको गणना गर्नुपर्नेमा विशेष अदालत काठमाडौंले सो नगरेको फैसला गम्भिर त्रुटियुक्त छ ।

हाम्रो पैत्रिक थलो अर्घाखाँची नरपानी गा.वि.स. मा करिव १८५ रोपनी जग्गा थियो । केही जग्गा बिक्री भएर यो मुद्दा दायर हुँदाको अवस्थामा १३३ रोपनी जग्गा रहेको थियो । विशेष अदालत काठमाडौंले यस मुद्दामा आयको श्रोत गणना गर्दा दाजु केशरजंग खड्काका नाममा भएको जग्गाको र त्यो पनि अत्यन्त अनुदार भै न्यून गणना गरेको गलत छ । दाजु केशरजंग खड्काले रु. १५,००,०००।- पहाडको जग्गाको कृषि आय बुबाले दिनु भएको भन्ने बयान गर्नु भएको छ । सगोलमा भएको जग्गा र सो जग्गाबाट प्राप्त हुने आयले बाबुले कृषि आय काठमाडौं पठाउँदा कहिले

व्यक्तिका साथमा र कहिले बैंकमार्फत पठाउन लगाउनु भएको छ । उपरोक्त रकमहरु दाजु केशरजङ्ग खड्काको विभिन्न बैंकका बचत खाताहरुमा जम्मा भएका छन् । प्रमाण ग्रहण नगरी मनोगत रुपमा आय गणना गरेको फैसला मिलेको छैन । मिति २०४७।९।२६ मा आमा जयश्वराको नाममा रहेको रोपनी २१-१२-०-० जग्गा रु.१,३३,०००।-मा बिक्री भएको छ । सो रकम लगानी गरी बढे बढाएको रु.३,००,०००। पिता वेनबहादुरले गाउँमा असुरक्षा बढेपछि २०५२ सालमा दाजु केशरजंग खड्कालाई बैंकमा राख्न दिनु भएको व्यहोरा स्वर्गिय पिता बेनबहादुरले विशेष अदालतमा बयान गर्दा (स.ज.५) खुलाउनु भएको छ । सो रकमलाई आयको श्रोत खुलेको रकम कायम गर्नुपर्नेमा नगरेको फैसला गलत छ । म रत्नध्वज खड्काका नाममा भएको अर्घाखाँचीको क्षे.फ. रोपनी ६-८-१-० मध्ये ५-०-०-० रोपनी जग्गा मिति २०४६।१०।११ मा बिक्री गरी प्राप्त रकम रु.३४,०००।- दाजु केशरजंग खड्कालाई काठमाडौंमा घर बनिरहेको अवस्थामा दिएको हुँदा सो रकमलाई श्रोत खुलेको आयमा समावेश नगरेको फैसला गलत छ ।

बुबा वेनबहादुरले कृषि आय पुरै र सो बाहेक २०५२ सालमा रु.३,००,०००।- र २०५४ सालमा रु.४,००,०००।- बैंकमा राख्न दाजु केशरजंग खड्कालाई दिएको र घर बनाउँदा २०४६ सालमा रु.१,००,०००।- दिएको ब्यहोरा विशेष अदालतमा (स.ज.४,५,६) लेखाउनु भएको छ । हामी सबै सगोलमा छौं । विशेष अदालतले अनावश्यक तर्क गरी विवाहमा दाइजोमा प्राप्त भएका सामानहरुलाई श्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिमा गणना गरेको गलत छ । विशेष अदालतले घर निर्माण लागत बढी मूल्यांकन गरेको समेत नमिलेकोले विशेष अदालतको फैसला बदर गरी न्याय पाऊँ भन्ने ब्यहोराको **उपेन्द्रप्रकाश खड्का, रत्नध्वज खड्का र कर्णबहादुर खड्काको पुनरावेदनपत्र ।**

हामी पुनरावेदकहरु सार्वजनिक पद धारण गर्ने व्यक्ति होइनौं । हामीहरुले निजी तवरले बकस पाएको, दाइजो पेवा वा अन्य श्रोतबाट आर्जन गरेको सम्पत्ति मुख्य प्रतिवादीको सम्पत्ति हो भनी अनुमान गरी निजको अबैध सम्पत्तिको रुपमा जफत गर्न प्रचलित कानूनले मिल्दैन । अबैध आर्जनको अनुमान गर्ने कानूनी प्रावधान हाम्रो हकमा लागु गर्न मिल्दैन ।

म सीतादेवी खड्काले विशेष अदालतमा मिति २०६०।२।१२ मा बयान गर्दा दाईजोपेवा वापत ३० तोला सुन प्राप्त गरेको र उक्त सुन कि.नं. ११३ को क्षे.रो ०-१०-३-२ जग्गा २०४० सालमा खरिद गर्दा १० तोला रु.४०,०००।- र २०४६ सालमा घर निर्माण गर्दा १५ तोला रु.६०,०००।- लगानी गरेको भनी स्पष्ट खुलाई बयान गरेकी छु । तर विशेष अदालतले उक्त रकम श्रोत खुलेको आयमा हिसाब गर्न छुटाएको छ । तसर्थ, सुन बिक्रीको उक्त रकम थप बैध आय कायम गरी पाऊँ । म सीतादेवी खड्काको बानेश्वर हाइटको घरलाई विशेष अदालतको फैसलामा श्रोत खुलेको सम्पत्ति ठहर गरेको छ । विशेष अदालतबाट २०४७ सालदेखि २०५३ सालसम्म भाडामा लगाएको मानी सो

अवधिको घर भाडालाई आयश्रोतमा गणना गरेको छ। तर २०५४ सालदेखि २०५८ सालसम्मको घर भाडालाई घर बहालको लिखत नभएको भनि मेरो आयमा समावेश नगरेकोले अन्याय भएको छ। २०५४ सालदेखि २०५८ सालसम्म विराटनगर स्थायी घर भएका विजय पोखरेललाई भाडामा लगाएको कबुलियत वापतको आयको VDIS समेत बुझाएको प्रमाणलाई ग्रहण नगरी अविवेकी रुपमा फैसला गर्दा मलाई अन्याय भएको छ। मेरो घरको घरभाडाको आय रु.१२,२१,६००।- कायम गरी पाऊँ। हामी सीतादेवी तथा लक्ष्मणजंगले बकसपत्र पाएको प्रचलित नेपाल कानूनले अरु अंशियारहरुलाई भाग वण्डा गर्नु नपर्ने सम्पत्ति जफत गरेको कूनन प्रतिकूल र अन्यायपूर्ण छ। विशेष अदालतको फैसला गलत भएकोले हाम्रो सम्पत्ति जफत गर्ने गरेको उक्त फैसला बदर गरी पूर्ण न्याय गरी पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादीहरु **सीतादेवी खड्का र रामजंग खड्काको पुनरावेदनपत्र।**

यसै लगाउको मुद्दा नं. ३१२५, ३२८७ र ३३४३ मा पुनरावेदनको जानकारी महान्यायाधिवक्तालाई र नेपाल सरकारको पुनरावेदनको जानकारी पुनरावेदकहरुलाई दिने गरी अ.बं २०२ नं. बमोजिम आदेश भएकोले प्रस्तुत मुद्दामा पनि अ.बं २०२ नं. प्रयोजनार्थ पुनरावेदनको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु भन्ने समेत व्यहोराको २०६८।५।२० मा भएको आदेश।

## ठहर खण्ड

नियमबमोजिम पेश भएको प्रस्तुत मुद्दामा दुवै पक्षको तर्फबाट परेका पुनरावेदन जिकीर सहितको सम्पूर्ण मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान सहन्यायाधिवक्ता महेश थापा र एवम् पुनरावेदक प्रतिवादीहरुका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता यज्ञमूर्ति बन्जाडे र विद्वान अधिवक्ताहरू केशवप्रसाद भट्टराई, कृष्णप्रसाद सापकोटा, परशुराम कोइराला र नरेन्द्रकुमार के.सी. ले गर्नु भएको बहस सुनियो।

पुनरावेदक वादीतर्फका विद्वान सहन्यायाधिवक्ता महेश थापाले बहस प्रस्तुत गर्दा मूख्य रुपमा निम्न बुँदाहरु उल्लेख गर्नुभयो:

- गैरकानूनी सम्पत्ति र त्यसबाट बढेबढाएको सम्पत्ति जफत हुने कानूनी प्रावधान भएकोले सम्पत्तिको प्रचलित मूल्यअनुसार नै विगो कायम गनुपर्नेमा विशेष अदालतले सम्पत्तिको साविक मूल्य कायम गरेको मिलेको छैन।
- पुनरावेदक प्रतिवादीको कृषि आय पारिवारीक खर्च मै सिमित भै बचत हुन सक्ने देखिँदैन। तराई र काठमाडौँका घडेरी जग्गाको विशेष अदालतले कृषि आय दिएको पनि मिलेको छैन।

- गैरकानूनी आर्जनबाट बैंकमा राखिएको रकमको ब्याज पनि गैरकनूनी नै हुने भएकोले त्यसबाट साँवा पुष्टि नहुने हुँदा कानून विपरीत आर्जन गरिएको साँवा रकमको व्याज दिन मिल्दैन । त्यस्तो व्याजले साँवालाई पुष्टि गर्न मिल्ने हुँदैन

- विशेष अदालतले विद्युतीय सामान र फर्निचरको आधा मुल्य कायम गरेको मिलेको छैन । आफ्नो सम्पत्ति कति मूल्यमा किनेको भन्ने प्रतिवादीले देखाउन नसकेको अवस्थामा आरोपपत्रमा उल्लिखित मूल्य नै कायम गरिनु पर्दछ । प्रतिवादीको घरमा भएका सामानहरु अपुष्ट रुपमा भाईको भन्दैमा प्रमाण बिना अदालतले अरुको ठहऱ्याउन मिल्दैन । फर्निचर तथा विद्युतीय सामानको पुरै मूल्य कायम गरिनु पर्दछ ।

- विशेष अदालतले घरभाडाको आय दिएको पनि मिलेको छैन । घरभाडाको आय दिनुपर्ने आधार पर्याप्त छैन । अभियोगपत्र पेश हुनुभन्दा अगाडि पेश नभएको संझौतालाई आधार लिई घरभाडाको आय दिएको विशेष अदालतको फैसला मिलेको छैन ।

- पुनरावेदक प्रतिवादी केशरजङ्गकी आमाको नामको जग्गा बिक्रीको रकम प्रतिवादीलाई दिएको भन्ने लिखतले पुष्टि गरेको छैन । जग्गा बिक्री भएकै आधारमा सो रकम पुनरावेदक प्रतिवादीले नै पाएको भन्न मिल्ने हुँदैन ।

- प्रतिवादी सीतादेवीले दाइजो पेवा पाएको भन्ने कुनै प्रमाणले पुष्टि नगरेको अवस्थामा पनि विशेष अदालतले दाइजो पेवाको आय कायम गरेको मिलेको छैन । त्यसैले विशेष अदालतको फैसला उल्टि भई प्रतिवादीलाई आरोपपत्रअनुसार सजाय गरी दावी लिइएको विगो जफत हुनु पर्दछ ।

त्यसैगरी पुनरावेदक प्रतिवादीका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ता यज्ञमूर्ति बन्जाडे तथा विद्वान अधिवक्ताहरू केशवप्रसाद भट्टराई, कृष्णप्रसाद सापकोटा, परशुराम कोइराला र नरेन्द्रकुमार के.सी. ले बहस गर्नु हुँदा मूख्य रुपमा निम्न बुँदाहरू उल्लेख गर्नुभयो:

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मूल्य बढी देखाउने प्रयोजनले २०४५ सालमा बनाइएको घरको मूल्य अश्वभाविक रुपमा बढी देखाएको र विशेष अदालतले त्यसैलाई कायम गरेको मिलेको छैन । घर निर्माण हुँदा स्यानिटेरी, साइट डेभलपमेन्ट, फिनिसिङ्ग जोडिने हुँदा त्यसतर्फ थप विगो जोडेको मिलेको छैन ।

- पुनरावेदक प्रतिवादी सीतादेवीले वकस पाएको जग्गालाई बकसपत्रको लिखत कायम रहेको अवस्थामा वकस पाएको होइन भनी अदालतले अनुमान गर्न मिल्दैन ।

- पुनरावेदक प्रतिवादीको घरमा रहेका फर्निचर र विद्युतीय सामानहरु सबै प्रतिवादीले खरीद गरेका होइनन । मूल्य रु.१,९०,०००।- सम्मको आफ्नो खरिदी भई केही इलेक्ट्रिकल सामानहरु छोरा जितजङ्गले अष्ट्रेलियाबाट पठाएको र केही सामानहरु भाईहरुको विवाहमा आएको भनी प्रतिवादीले वास्तविकता खुलाएकोमा पनि सबै प्रतिवादीको कायम गरी अत्याधिक मूल्य देखाएको विशेष अदालतको फैसला मिलेको छैन ।
- पुनरावेदक प्रतिवादीले बैंक तथा वित्तिय संस्थाहरुबाट पाएको व्याजलाई पनि साँवाको रुपमा विगो कायम गरेको मिलेको छैन ।
- पुनरावेदक प्रतिवादीले विभिन्न समयमा विभिन्न बैठकहरुमा बसी प्राप्त गरेको भत्ताहरु सबैलाई विशेष अदालतले मानेको नदेखिँदा सबै आयलाई मान्यता दिइनुपर्छ ।
- २०५४ सालपछिको घरभाडा वापत सम्पत्तिको स्वयम् घोषणा गरी कर तिरेको र घरभाडाको सम्झौता पेश गरिएको हुँदा विशेष अदालतले २०५३ सालसम्मको घरभाडा मात्र दिएको मिलेको छैन । जग्गा भाडाको संझौता हुँदाहुँदै जग्गाको भाडा नदिएको नमिलेकोले २०५४ सालपछिको घरभाडा वापतको आय पनि दिइनु पर्दछ ।
- प्रशस्तै पुर्ख्यौली जग्गा भएको पुष्टि भएको छ । कृषि आय मोहीले बुझाएको कूतलाई आधार लिएको भए पनि मोही नलागेको जग्गा हुँदा कृषि आय निर्धारण गरेको पनि मिलेको छैन । सगोल परिवारमा भएको अवस्थामा पुनरावेदक प्रतिवादीको नामको जग्गाको मात्र सिमित आय दिएको मिलेन । पुनरावेदक प्रतिवादीको जिकीर अनुरुप कृषि आय निर्धारण हुनु पर्दछ ।
- अष्ट्रेलियाबाट पुनरावेदक प्रतिवादीका छोरा जितजङ्गको प्रशस्तै कमाई भएको प्रमाण छ । निजले कमाई अनुरुप हातहातै रकम पठाएकोलाई मान्यता नदिएको मिलेको छैन । जीवन विमावापत प्राप्त वोनसलाई विशेष अदालतले हिसाव गरेको छैन । ती आयलाई मान्यता दिइनु पर्दछ ।
- बाटो दिएवापत संझौता भएको र त्यसवापत पैसा लेनदेन गरेको कागज भएकोमा पनि विशेष अदालतले त्यसलाई मान्यता नदिएको मिलेन ।
- २०५९ सालमा सुन बिक्री गरेको रकमलाई विशेष अदालतले मान्यता नदिएको मिलेको नहुँदा त्यसलाई आय कायम गरिनु पर्छ ।

- सगोलको जग्गा जुनसुकै अंशियारको नाममा भए पनि सगोलकै मानिने कानूनी व्यवस्था भएकोमा भाई रत्नध्वजको नामको जग्गा बिक्रीको आयलाई स्वीकार नगरेको विशेष अदालतको फैसला कानून विपरीत छ ।
- पिता वेनबहादुरले पुनरावेदक प्रतिवादीलाई पटक-पटक रकम पठाएको र केही रकम शिवबहादुर अधिकारीमार्फत पठाएको पुष्टि भैरहेकोलाई पनि आय कायम नगरेको विशेष अदालतको फैसला मिलेको छैन ।
- बजेट तर्जुमा गर्दा दिइने भत्ताबारे अर्थ मन्त्रालयले स्पष्ट गरेको प्रमाण हुँदाहुँदै सो आय नदिइएको मिलेन । पुनरावेदक प्रतिवादीको सबै आयको स्रोत पुष्टि भैरहेकोमा पनि केही सम्पत्तिलाई मात्र स्रोत पुष्टि भएको मानी अन्य सम्पत्तिको स्रोत पुष्टि नभएको भन्ने विशेष अदालतको फैसला उल्टी गरी सफाई दिइनु पर्दछ ।

आज निर्णय सुनाउन तारेख तोकिएको प्रस्तुत मुद्दामा दुबै पक्षका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले गर्नु भएको बहस जिकीरलाई मनन गरी पेश हुन आएको लिखित वहसनोट एवम् मिसिल अध्ययन गरी विशेष अदालतले गरेको फैसला मिलेको छ वा छैन भनी निर्णय दिनु पर्ने देखियो ।

यसमा प्रतिवादी केशरजङ्ग खड्काको राष्ट्रसेवकको हैसियतले सेवा प्रवेश गरेपश्चात स्वभाविक आम्दानीका स्रोतसँग अमिल्दो र अस्वाभाविक जीवनशैली रहे भएको र कुल रु.२,१६,७६,३२४।२६ बराबरको चल, अचल सम्पत्ति आर्जन गरेको देखिएकोमा स्रोत नखुलेको रु. १,४५,६२,१७४।२२ सम्पत्ति निजले आफ्नी पत्नी सीतादेवी खड्का, छोराहरु रामजङ्ग खड्का र लक्ष्मणजङ्ग खड्का समेतका नाउँमा राखेकोले तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा १६ग लाई समेत मध्यनजरमा राखी भ्रष्टाचारको कसूर गर्नमा मुख्य भूमिका निर्वाह गर्ने प्रतिवादी केशरजङ्ग खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा ऐ. दफा २०(२) बमोजिम रु. १,४५,६२,१७४।२२ विगोबमोजिम जरिवाना, हदैसम्म कैद सजाय तथा गैरकानूनी आर्जनको सम्पत्ति पत्नी सीतादेवी खड्का, छोराहरु रामजङ्ग खड्का र लक्ष्मणजङ्ग खड्का समेतको नाममा रहेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम कारवाही गरी पाऊँ भन्ने समेत अभियोग दावी देखिन्छ ।

विशेष अदालतबाट प्रतिवादीको कूल रु.७२,९३,११७।३९ को चल अचल सम्पत्तिमध्ये जम्मा रु.४४,०१,५४८।०९ को मात्र श्रोत खुलेको पुष्टि हुन आएको र सोबाहेक श्रोत पुष्टि हुन नसकेको विगो रु.२५,३३,९१२।१८ र स्रोत पुष्टि नभएको बैंक निक्षेपबाट बढेको व्याज रु.३,५७,६५७।१२ समेत

जम्मा रु.२८,९१,५६९।३० को चल अचल सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तरगतको कसुर गरेको ठहराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ बमोजिम स्रोत पुष्टि नभएको सम्पत्ति जफत गरी प्रतिवादी केशरजङ्ग खड्कालाई सोही ऐनको दफा २०(२) अनुसार विगोबमोजिम रु. २५,३३,९१२।१८ जरीवाना र १(एक) वर्ष कैदको सजाय गर्ने ठहराएकोमा बादी र प्रतिवादी दुवै पक्षको पुनरावेदन परेको अवस्था देखिन्छ।

प्रस्तुत मुद्दा फौजदारी कसूर अन्तर्गत पर्ने भए पनि अन्य परम्परागत किसिमका फौजदारी कसूरको प्रकृतिभन्दा नितान्त फरक किसिमको रहेको छ। श्वेतग्रीवी भनिने यस प्रकारका कसूरमा अभियोग दावीको प्रकृतिबाटै कसूर गरेको देख्ने प्रत्यक्षदर्शी साक्षी प्रमाण नहुने, कसूर गर्न वा अबैध सम्पत्ति आर्जन गर्न प्रतिवादीले के कस्तो पद्धति अपनाएको थियो भन्ने यकिन गर्न कठीन हुने र प्रतिवादीले यो यस मितिमा कसूर गरेको भनी निश्चयका साथ भन्न नसकिने हुन्छ। अस्वभाविक जीवनशैलीले भरपर्दो बैधानिक स्रोत बिना आधारभूत आवश्यकताभन्दा बाहिर गई सम्पत्तिको सञ्चय, कारोवार र व्यवहार गर्नु, धान्न सक्ने बैधानिक आय स्रोत नभई विश्वास गर्न नसकिने गरी सन्तानको शिक्षा दीक्षामा पर्याप्त र उल्लेख्य खर्च गर्नु, महंगा विलासी सामानहरुको भरपुर प्रयोग गरी विलासीपूर्ण जीवनयापन गर्नु, अस्वभाविक रुपमा दान दातब्य वा खर्च गर्नु आदि जस्ता कुराहरुलाई नै इँगित गर्न खोजेको देखिन्छ। आयस्रोतको तुलनामा सम्पत्ति सम्बन्धी त्यस्ता व्यवहार र क्रियालाप अस्वभाविक हुन गएको देखिएमा गैर कानूनी माध्यमबाट सम्पत्ति प्राप्त गरेको भन्ने अनुमान गरिने र त्यसैको आधारमा मुद्दा चलाइने हुँदा यस प्रकारका मुद्दाहरु अन्य सामान्य र परम्परागत फौजदारी मुद्दाको अपवादको रुपमा रहेको हुन्छ। कसूर गरेको देख्ने साक्षीको अभाव, कसूरको पहिचानहीन पद्धति र कसूर गरेको समयको यकिन निर्धारण गर्न नसकिने भएको कारण यस प्रकारका मुद्दाहरुमा प्रतिवादी सार्वजनिक सेवामा प्रवेश गरेको अवधिबाटै निजले आर्जन गरेको सम्पत्तिको मूल्यांकन र त्यस्तो सम्पत्ति आर्जित स्रोतको छानविन गरिने हुँदा आफूले आर्जन गरेको सम्पत्ति बैधानिक स्रोत र बैधानिक प्रक्रियाबाटै आर्जन गरेको हो भनी आरोपित पक्षले नै पुष्टि गर्नुपर्ने प्रमाण सम्बन्धी दायित्व पनि प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निर्धारण गरेको देखिन्छ।

प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले उठाएका कतिपय कानूनी प्रश्नहरु यस्तै प्रकृतिका मुद्दाहरुमा यस अदालतबाट भएका पूर्व फैसलाहरुबाट निरुपण भै निश्चितता कायम भैसकेको पाइन्छ। यस अदालतबाट मुद्दामामिलाको रोहमा निरुपण भैसकेका कानूनी प्रश्नहरु र प्रतिपादित सिद्धान्तहरुले न्यायिक मार्गलाई सुनिश्चितता प्रदान गर्ने र कानूनी जटिलताहरुलाई पन्छाई एकरुपता दिने हुँदा ती सिद्धान्तहरु न्यायिक प्रक्रियामा जहिले पनि अनुकरणीय नै हुने गर्दछन्। तथापि

मुद्दाहरुमा तथ्यगत विविधता वा भिन्नताको अवस्था रहेको खण्डमा भने तथ्यगत विश्लेषणमा फरक हुन सक्ने कुरालाई पनि विर्सन हुँदैन ।

खास गरी पुनरावेदक प्रतिवादीले साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ ले परिकल्पना नगरेको नितान्त नौलो अपराधलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ ले सिर्जना गरेको र भूतप्रभावी असर दिने गरी कानूनको निर्माण नभएको हुँदा हालको कानून आउनुभन्दा अगाडीको कुराको हकमा विद्यमान कानून लागू हुन नसक्ने भनी प्रारम्भिक पुनरावेदन जिकीर लिएको देखिन्छ । उल्लिखित कानूनी प्रश्नको सन्दर्भमा यस अदालतको पाँच सदस्यीय पूर्ण इजलासबाट पुनरावेदक वादी *मोहनप्रसाद बन्जाडेको प्रतिवेदनले नेपाल सरकार* विरुद्ध *प्रत्यर्थी/प्रतिवादी अर्थ मन्त्रालयका उपसचिव ईश्वरप्रसाद पोखरेलसमेत* भएको गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा "**साविक ऐनले पनि कसूरको संज्ञा दिई त्यसका लागि सजाय समेत निश्चित गरेको क्रियालाई हालको ऐनमा समेत निरन्तरता दिँदै साविक ऐनले निश्चित गरेको सजायभन्दा हालको ऐनले कम सजाय तोकेको स्थितिमा एउटै क्रियालाई साविक र हालको ऐनले फरक- फरक नामाकरण गरेको भन्ने मात्र आधारमा** Ex Post Facto Laws **को प्रसँग उठाउनु सान्दर्भिक नहुने**" भन्ने समेत सिद्धान्त (ने.का.प., २०६६, अंक ८, नि.नं. ८२००) प्रतिपादन भएको देखिन्छ । उक्त सिद्धान्तलाई अंगिकार गर्दै *पुनरावेदक वादी नेपाल सरकार* विरुद्ध *प्रत्यर्थी प्रतिवादी चिरञ्जीवी वाग्लेसमेत* भएको भ्रष्टाचार मुद्दामा (ने.का.प., २०६७, अंक १२, नि.नं. ८५१९, पृष्ठ २०३३) तथा *नेपाल सरकार* विरुद्ध *केशवराज गौतमसमेत* भएको भ्रष्टाचार मुद्दामा मिति २०६९।२।९ मा फैसला भैसकेको अवस्था हुँदा निश्चित सिद्धान्त कायम भैसकेको सो प्रश्नको सम्बन्धमा थप विवेचना गरिरहन परेन ।

त्यस्तै बकसपत्रबाट प्राप्त भएको जग्गाको स्रोत पुष्टि गर्न नपर्ने भनी यस मुद्दामा समेत प्रश्न उठाइएको अवस्था छ । तर *नेपाल सरकार* विरुद्ध *रामाज्ञा चतुर्वेदीसमेत* भएको गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा **"बकसपत्रबाट सम्पत्ति प्राप्त गर्ने सामान्यतया बकसपत्र पाउनेले दातालाई निजको व्यवहारमा कुनै तरहले सहयोग पुऱ्याएको वा सेवा गरी रिझाएको हुनु पर्ने स्थिति र अवस्थाको विद्यमानता अपरिहार्य हुने ।" "देवानी मुद्दामा सम्पत्ति हस्तान्तरणको क्रियाबाट कसैको हक गए नगएको कुरालाई मुख्य रुपमा हेर्ने गरिन्छ । साथै सम्पत्ति प्राप्त गर्ने कुरामा प्राप्तकर्ताको निजी ज्ञान, सीप वा प्रयासले सो सम्पत्ति प्राप्त गरेको हो, होइन र अन्य कसैलाई बण्डा गर्नुपर्ने नपर्ने विषयमा सम्म निर्णय निरोपण हुने गर्दछ । तर बकसपत्र प्राप्त गर्ने कार्य कानूनविपरीत हुँदैन भन्ने कुराको आडमा गैरकानूनी आर्जनलाई लुकाउने माध्यमको रुपमा यस्तो व्यवहारलाई सदैब मान्यता दिइनु पर्दछ भन्ने तर्क न्यायोचित हुन नसक्ने"** (ने.का.प.२०६८,

अंक ६, नि.नं. ८६३०) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उल्लिखित सिद्धान्तलाई अनुशरण गर्दै *नेपाल सरकार* विरुद्ध *केशवराज गौतमसमेत* भएको भ्रष्टाचार मुद्दामा समेत फैसला भैसकेको अवस्था हुँदा वकसपत्र भनी लिखतमा उल्लेख गरी प्राप्त भएको जग्गाको सम्बन्धमा एक निश्चित सिद्धान्त कायम भैसकेको छ । उल्लिखित सिद्धान्तबाट बकसको रुपमा प्राप्त भएको सम्पत्ति भन्ने वस्तुनिष्ठ आधारबाट पुष्टि भएको देखिएमा मात्र त्यस्तो सम्पत्तिको स्रोत पुष्टि गर्नु नपर्ने, अन्यथा बकस भनी सम्पत्ति हस्तान्तरणको लिखतमा उल्लेख भए पनि त्यस्तो सम्पत्तिको स्रोत पुष्टि गर्नुपर्ने नै देखिँदा यस सम्बन्धमा पनि थप विवेचना गरिरहनु परेन । प्रस्तुत मुद्दामा बकसपत्र दिएको सम्पत्तिको परिमाण र बकसपत्र दिने र पाउने व्यक्तिको नाता सम्बन्ध हेर्दा बकसपत्र लिनेदिने कार्य स्वभाविक देखिँदैन । त्यस्तै पुनरावेदक प्रतिवादी केशरजंगको श्रीमती र छोराले उनाउ व्यक्तिको व्यवहारमा सहयोग पुर्‍याई रिझाउनु पर्ने सम्मको अवस्था समेत विश्वसप्रद नदेखिएकोले जग्गाको मूल्य नतिरी रिझ बापत  जग्गा प्राप्त गरेको अनुमान गर्न मिल्दैन ।

उल्लिखित प्रश्नहरुको निराकरणपछि प्रस्तुत मुद्दाको तथ्यगत विश्लेषण गरी पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काको सम्पत्ति र सम्पत्ति प्राप्त गर्ने बैधानिक स्रोतहरुको विश्लेषण गरी निष्कर्षमा पुग्नु वाञ्छनीय देखिएकोले सर्वप्रथम पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले आरोपपत्रमा देखाइएअनुसार आर्जन गरेको स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति के कति रहेछ भनी त्यसको मूल्यांकन गर्नु प्रासंगिक देखिन आउँछ ।

## स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति

आरोपपत्रमा पैत्रिक सम्पत्तिलाई छानवीनको दायरामा नराखी पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्का सरकारी सेवामा प्रवेश गरेपछि निजले आर्जन गरेका निज तथा निजका पत्नि र छोराहरुको नाममा रहेको सम्पत्तिको सम्बन्धमा मात्र दावी लिएको देखिँदा तत्सम्बन्धमा पुनरावेदक प्रतिवादी केशरजङ्गले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिलाई शीर्षकगत रुपमा उल्लेख गर्नु विश्लेषणको दृष्टिले श्रेयकर देखिन आएकोले देहायबमोजिमको शीर्षकमा विश्लेषण गरिएको छ ।

### जग्गा जमिन

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्का र निजका परिवारको नाममा जाँच अवधिमा आर्जन गरिएका जग्गाहरुमध्ये काठमाडौँ वडा नं. ८ को कि.नं. १२८ हाल कि.नं. २४ को जग्गा २०३८।४।२८ मा रु.३५,०००।- मा, ऐ.को कि.नं. २७६ हाल कि.नं. ११३ को जग्गा २०४०।१२।२९ मा रु.१,२५,०००।- मा, ऐ.को कि.नं. ७६ हाल कि.नं. १११ को जग्गा २०४४।९।९ मा रु.५०,०००।- मा, काठमाडौँ १० कि.नं. ३०६ को जग्गा २०५७।९।२४ मा रु.४,३२,०००।- मा, महोत्तरी बहादुरगञ्ज वडा नं. ३(ख) कि.न. ८७८ र ८७९ को जग्गा २०५३।२।१४ मा रु.७८,०००।- मा, कपिलवस्तु कोपवा वडा

नं. ८'क' कि.नं. ५६४ को र ५४४ को जग्गा २०४८।२।१२ मा रु.१,०५,०००।-मा खरिद गरेको भन्ने देखिन्छ । त्यसैगरी पुनरावेदक प्रतिवादी सीतादेवीको नाममा काठमाडौं १० को सा.कि.नं. १०४०, १०४१ र ५७० हाल कि. नं २५१ को जग्गा हालैको वकसपत्रबाट २०४४।१०।३ मा मूल्य रु.९७,५००।- राखी प्राप्त गरेको र ऐ. साविक कि.नं. १०४३ र १०४४ को हाल कि.नं. ११७ र १०६ को जग्गा २०४४।१०।३ मै रु. १८,७५०।-मूल्य राखी हालैको वकसपत्र लिखत पारित गरी लिएको भन्ने देखिन्छ । पुनरावेदक प्रतिवादी सीतादेवी समेतले हालैको बकसपत्रबाट प्राप्त भएको सो जग्गालाई खरीद गरेको मान्न नमिल्ने भनी पुनरावेदनपत्रमा जिकीर लिएको पनि देखिन्छ । वकसपत्रबाट प्राप्त गरेको जग्गाको स्रोत पुष्टि गर्नुपर्ने हो वा होइन भनी उठाइएको प्रश्न सम्बन्धमा माथि नै विवेचना गरिएको हुँदा यस मुद्दाको हकमा स्रोत पुष्टि गरिरहनु नपर्ने भन्न मिल्ने देखिन आएन ।

सेवा प्रवेशपश्चात जाँच अवधिमा पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्का र निजका परिवारका सदस्यका नाममा प्राप्त भएका जग्गाहरुको आरोपपत्रमा हालको मूल्य खुलाई दावी गरेको पाइन्छ । तर जग्गा खरीद गर्दा आरोपत्रमा उल्लेख गरिए अनुरुपकै रकम तिरिएको भन्ने वादी पक्षले दावी गर्न सकेको नदेखिएको र बिना कुनै सवूत आरोपपत्रमा दावी गरिए अनुरुप नै रकम तिरी जग्गा खरीद गरिएको भन्न सकिने अवस्था पनि छैन । यस अगाडी फैसला भएको माथि उल्लिखित *नेपाल सरकार* विरुद्ध *केशवराज गौतमसमेत* भएको मुद्दासमेतका अन्य मुद्दाहरुमा पनि लिखतमा उल्लिखित मूल्यलाई आधार मानी जग्गामा लागत मूल्य कायम गर्नुपर्ने भनी सिद्धान्त कायम भएको अवस्था हुँदा लिखत मूल्यभन्दा बढी मूल्य तिरिएको भन्ने देखिने आधार बिना सम्पत्ति हस्तान्तरण प्रक्रियाको लिखतमा उल्लिखित मूल्यलाई मान्नु पर्ने हुन्छ । पुनरावेदक प्रतिवादीले सेवा प्रवेश गरेपश्चात आर्जन गरेका जग्गाहरुको पारित लिखतमा उल्लिखित मूल्य नै जग्गाको खरीद मूल्य हुने हुँदा रु.९,४१,२५०।-कायम गरेको विशेष अदालतको विश्लेषण अन्यथा देखिएन ।

**घर निर्माण लागत**

आरोपपत्रमा पुनरावेदक प्रतिवादी सीतादेवी खड्काको नाममा काठमाडौं-१० स्थित कि.नं. १११, ११३ र ३०६ को जग्गामा २.५ तल्लाको घर रहेको भन्ने उल्लेख भएको देखिन्छ । आरोपपत्रमा मूख्य भवन र सहायक भवन गरी दुई भागमा विभक्त उक्त घरमा घर र सजावटको मूल्य गरी मूख्य भवनको रु.३५,४८,९४३।७६ र सहायक भवनको रु.१,२९,३८७।३९ गरी घरको निर्माण लागत रु.३६,७८,३३१।१५ कायम गरेको पाइन्छ । उल्लिखित मूल्यमध्ये रु.११,२४,९४८।८५ को स्रोत खुलेको रु.२५,५३,३८२।३० को स्रोत नखुलेको भन्ने आरोपपत्रमा उल्लेख छ । विशेष अदालतले दावीको घरको निर्माण लागत घर बनाउँदाको तत्कालिन आधारभूत मूल्यांकन अनुसार रु.१०,३७,६५२।७८ कायम

गरेको पाइन्छ । पुनरावेदक प्रतिवादी केशरजङ्गले घर निर्माणमा रु.७,५६,०००।- मात्र लागत परेको भनी जिकीर लिएको र पुनरावेदक वादी पक्षले घरको लागत मूल्य हालको मूल्यांकनका आधारमा कायम गर्नु पर्ने भन्ने जिकीर लिएको देखिन्छ । प्रतिवादीको उपरोक्त घरको सम्बन्धमा भई आएको मिसिल संलग्न मिति २०५९।६।२२ को प्रतिवेदनसाथ संलग्न मूल्यांकन विवरण हेर्दा घर बनेको सालको दर बमोजिम मुख्य भवनको रु.१७,७७,३८१।३५ र सहायक भवनको रु.४६,४२१।४३ समेत जम्मा रु.१८,२३,८०२।७८ मूल्य कायम गरिएको देखिन्छ । उक्त मुल्यांकनमा घरको फिनिसिङ्ग, साइड डेभलपमेण्ट, स्यानिटरी, बिजुली, कम्पाउण्डवाल, इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स उपकरण तथा फर्निचरको मूल्य समेत समावेश भएको भन्ने मूल्यांकन विवरणको नोटबाट देखिन्छ । त्यसै गरी घरको निरीक्षण गर्दा स्टोर रुम बन्द गरिएको कारण तत्काल मूल्यांकनमा छुट हुन गएको भनी रु.३,०७,०००।- बराबरको इलेक्ट्रिकल र इलोक्ट्रोनिक्स सामान फेला परेको भनी मिति २०५९।११।२६ को विवरण संलग्न भएको देखिन्छ । यस प्रकार प्राविधिक मूल्यांकन विवरणमा उल्लेख भए बमोजिम घरको आधारभूत मूल्यलाई मान्यता दिएको विशेष अदालतको विश्लेषण अन्यथा देखिन आएन ।

**विद्युतीय सामान तथा फर्निचर**

पुनरावेदक प्रतिवादीको घरमा रहेका विद्युतीय सामानहरु र फर्निचरहरुको प्राविधिक मूल्यांकनअनुसार फर्निचरको मूल्य रु.५,७३,२५०।-, इलेक्ट्रोनिक उपकरणको रु. २,१२,९००।- तथा छुट भएका इलेक्ट्रोनिक्स सामानहरुको मूल्य रु.३,०७,०००।- पर्ने भन्ने प्राविधिक मूल्यांकन देखिन्छ । विशेष अदालतले फर्निचर र विद्युतीय सामानहरुको प्राविधिक मूल्यांकनको विगो रु.१०,९३,१५०।- को आधा मूल्य कायम गरेको अन्यथा नदेखिएको हुँदा यस तर्फको पुनरावेदन जिकीर पुग्न सक्दैन ।

**मौजदात तथा नगद**

पुनरावेदक प्रतिवादी केशरजंग खड्का तथा निजका परिवारका नाममा आरोपपत्रअनुसार विभिन्न बैंक तथा वित्तिय संस्थाहरुमा डलर खाता बाहेकको निक्षेप र व्याजसमेत रु. २१,८९,८२९।२९, तथा नविल बैंकमा रहेको डलर खातामा रहेको साँवा ब्याज ६४७४।५७ अमेरिकी डलरको आरोपपत्र अनुरुप प्रचलित विनिमय दरअनुसार हुने रु.५,०३,३९७।८२ समेत कूल रु.२६,९३,२२७।११ मौज्दात रहेको भन्ने उल्लेख भएको देखिन्छ । विशेष अदालतले डलर खाताको रु. ५,०३,३९७।८२ र अन्य बैंक तथा वित्तिय संस्थामा भएको निक्षेपमध्ये रु.५,७०,०००।- र व्याज १,९०,१७२।१७ को स्रोत पुष्टि भएको तथा निक्षेप रु.१०,७२,०००।- तथा सोको व्याज रु.३,५७,६५७।१२ को स्रोत पुष्टि नभएको ठहर गरेको देखिन्छ ।

पुनरावेदक प्रतिवादीले बैंक तथा वित्तिय संस्थामा रहेको रकम निक्षेप मात्र नभएको, कृषि विकास बैंकको खाता नं. ५४२५६६ मा रु.६,९८५।- मात्र भएकोमा बढी उल्लेख गरिएको र हिमालय

फाइनान्सको मुद्दती खाता नं.२४२५८३ आफ्नो नामको खाता नभएको भनी अदालतमा बयान गरेको देखिन्छ । आरोपपत्रमा हिमालय फाइनान्सको सो मुद्दती खाताको बारेमा उल्लेख गरिए पनि पछि मुद्रणमा त्रुटि भएको भनी सच्याई पाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लेखेको पत्रअनुसार सो खाता कृषि विकास बैंक, बैङ्किग कार्यालय बानेश्वरको रहेको भन्ने देखिँदा त्यसलाई अन्यथा भनिरहन परेन । पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्का समेतका नाममा बैंक तथा वित्तिय संस्थाहरुको खातामा रहेको रकममध्ये के कहिले कति साँवाको रुपमा रकम जम्मा गरेको, कहिले कति झिकेको, के कति साँवाको कहिले कति व्याज प्राप्त भएको, व्याज कहिले कति झिकेको वा साँवाकै रुपमा परिणत गरेको भनी वस्तुनिष्ठ आधार सहित न त वादीले खुलाएको देखिन्छ, न पुनरावेदक प्रतिवादीले नै त्यसको प्रमाण दिएको देखिन्छ । मुद्दाका दुबै पक्षले बैंक तथा वित्तिय संस्थाका खाताहरुमा रहेका रकमको वास्तविकतालाई एकिन साथ नखुलाएको, साँवा र व्याज एकिन नछुट्टिएको र बैंक तथा वित्तिय संस्थामा जहिलेसुकै रकम जम्मा गर्न र झिक्न सकिने हुँदा त्यसरी जम्मा गरिएको रकममध्ये कति साँवा र कति ब्याज भनी लेखापरीक्षण गरे जस्तो गरी अदालतबाट साँवा र व्याज छुट्याई निर्धारण गर्ने कार्य निश्चय नै जटिल विषय बन्न जान्छ । यस अवस्थालाई दृष्टिगत गरी बैंक मौजदातको पर्याप्त व्याजको जिकीर लिने प्रतिवादीले साँवा र व्याज वस्तुनिष्ठ आधारबाट स्पष्ट गर्न आवश्यक हुन्छ । गोश्वरा रुपमा साविकदेखि यति व्याज प्राप्त भएको भनेकै आधारमा अदालतले वस्तुनिष्ठ आधार बिना गोश्वरा रुपमा त्यति नै व्याज पाएको भनी अनुमान गर्ने अवस्था आउँदैन ।

परन्तु विशेष अदालतले प्राप्त बैक स्टेटमेन्ट समेतलाई विश्लेषण र मूल्यांकन गरी ती कागजातहरुबाट खुल्न आएअनुसार साँवा र व्याज छुट्याएको देखिन आउँछ । खास गरी डलर खाता बाहेक विभिन्न बैंक तथा वित्तिय संस्थामा रहेको कूल मौज्दात रु.२१,८९,८२९।२९ मध्ये व्याज मात्र जम्मा भएको देखिने ११ वटा वचत खाता र एउटा मुद्दति खाताको रकममा रु. ५,४७,८२९।२९ ब्याज समावेश भएको देखिएको भन्ने एकीनसाथ विश्लेषण गरिएको छ । सो भन्दा बढी रकम ब्याज वापतको रकम हो भनी पुनरावेदक प्रतिवादीले यस अदालत समक्षको पुनरावेदनपत्रमा स्पष्ट र वस्तुनिष्ट आधार सहित जिकीर लिन सकेको नपाइएकोले उक्त बैंक खाताको रकममध्ये निक्षेप रकमको रुपमा रहेको रु.१६,४२,०००।- को प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने हुन्छ । त्यस्तै पुनरावेदन पत्रमा कृषि विकास बैंकको बचत खाता नं. ५४२५६६ मा रु. ६,९८५।- मात्र हुनपर्ने भनी जिकीर लिएको देखिए पनि कृषि विकास बैंक, रत्नपार्कको मिति २०५९।७।१५ को पत्रसाथ प्राप्त बैंक स्टेटमेन्टबाट उक्त खातामा आरोपपत्रमा उल्लेख गरे अनुरुप नै रु.६९,८५५।२४ मौज्दात रहेको देखिन आएकोले सो तर्फको पुनरावेदन जिकीर आधारहीन देखिन्छ ।

नविल बैंकमा रहेको डलर खाताको अमेरिकी डलर पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले सन् १९९३ मा अमेरिका जाँदा ११,७०८।८३ डलर प्राप्त गरेकोमध्ये ४००० डलरको खाता खोली रकम जम्मा गरेको र त्यसबाट प्राप्त व्याजसमेत ६,४७४।५७ डलर भएको भन्ने देखिन्छ । वादीले स्रोत पुष्टि भएको स्वीकार गरेको सो डलर खाताको निक्षेप ४००० डलरको प्रचलित विनिमय दरअनुसार हुने रु.१,९६,०००।- को मात्र स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिको रुपमा रहेको देखिन्छ ।

पुनरावेदक प्रतिवादीको घरबाट नगद रु. १०,७७,१८०, भारतीय रुपैयाँ १०,०००।-, अमेरिकी डलर २६५० बरामद भएको भन्ने देखिन आउँछ । घरबाट बरामद अमेरिकी डलर २६५० को तत्काल प्रचलित विनिमय दरअनुसार हुने रु.२,०६,०३७।५० तथा भारतीय रुपैयाँको रु.१६,०००। समेत जम्मा रु.१२,९९,२१७।५० बरामद भएको भन्ने तथ्यमा विवाद नभएकोले सोको श्रोत पूष्टि गर्नु पर्ने हुन्छ ।

यसबाट विभिन्न बैंक तथा वित्तिय संस्थामा रहेको निक्षेप रकम रु. रु.१६,४२,०००।-, डलर खातामा रहेको निक्षेप रकम ४००० अमेरिकी डलरको रु.१,९६,०००।- र घरबाट बरामद भएको नगद रु.१२,९९,२१७।५० समेत जम्मा रु.३१,३७,२१७।५० पुनरावेदक प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति देखिन्छ ।

## सुन चाँदी

पुनरावेदक प्रतिवादीको घरबाट सुनका विभिन्न गरगहनाहरु बरामद भएको बरामदी मुचुल्काबाट देखिन आउँछ । नेपाल सुन चाँदी व्यवसायी संघकाअनुसार कूल तौल १५६.६०० ग्राम सुनका ती गरगहनाहरुको तत्कालीन मुल्यांकन १,२९,१९५।- हुने भन्ने देखिन्छ । उल्लिखित सुनका गरगहनाहरु विवाहमा पाएको र पैत्रिक बचत तथा विदेशबाट ल्याएको हुन सक्ने भनी त्यसतर्फ दावी नलिएको अवस्थामा बरामद सुनका गरगहनाको स्रोत पुष्टि गरिरहनु पर्ने देखिन आएन ।

## शेयर, ऋणपत्र र पेश्की रकम

पुनरावेदक प्रतिवादीहरुको नाममा विभिन्न बैक तथा वित्तिय संस्थाहरु, होटल तथा कम्पनीहरुमा रु.१,४६,०००।- बराबरको शेयर तथा पुनरावेदक प्रतिवादी रामजङ्ग खडका र सीतादेवी खड्काको नाममा रु. १ लाखको अनुपातमा रु.२,००,०००।- को हिमालयन बैंक लिमिटेडबाट जारी भएको ऋणपत्र देखिएको र सोउपर प्रतिवादीले विवाद उठाएको नदेखिँदा सो शेयर तथा ऋणपत्रको रकम पनि प्रतिवादीको स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिको रुपमा देखिन्छ । त्यस्तै पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले विजय मोटर्स लाजिम्पाटलाई गाडी खरिद गर्न रु.३,००,०००।- पेश्की दिएको भनिएको रकमको रसीद मौकामा बरामद भएको र पुनरावेदक प्रतिवादीले त्यसलाई स्वीकारै गरेको

देखिँदा सो पेश्की रकम, शेयर र ऋणपत्र गरी रु.६,४६,०००।- प्रतिवादीको स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति देखिन आउँछ ।

माथि विवेचना गरिएको स्रोत पुष्टि गर्नुपर्ने उल्लिखित सम्पत्तिबाहेक बरामदी मुचुल्काबाट पुनरावेदक प्रतिवादीको घरबाट विभिन्न ब्राण्डका ३२ वोतल मदिरा, बन्दुक र गोली, पर्दाको कपडा ३ रोल, नेपाली कार्पेट ७ रोल, Flooring Carpet १ रोल समेत बरामद गरेको भन्ने देखिन आउँछ । बरामद भएका उल्लिखित सामानहरु प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने सामान हुन् वा होइनन् भन्ने आरोपपत्रमा खुलाएको देखिन आएन । आरोपपत्रमा कसूर पुष्टि गर्ने थप तथ्यहरु शीर्षक अन्तर्गत प्रकरण (६) मा विभिन्न साइजको ७ रोल नेपाली कार्पेट र पर्दाको कपडा ३ रोललाई कसूर पुष्ट्याईको आधारको रुपमा राखेको सो सम्पत्तिलाई दावी नगरिएको र यो यस कारणले ती सामानउपर दावी नगरिएको वा स्रोत खुलेको भनी भन्न सकेको देखिएन । त्यस्तै पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले आर्किड होटलमा २०५९।४।१३ मा पार्टीको आयोजना गरेको र त्यसमा रु. १५,६४५।- भुक्तानी गरेको पनि मिसिलबाट देखिन आउँछ । तर त्यस सम्बन्धमा आरोपपत्रमा पुनरावेदक प्रतिवादीको खर्चको रुपमा उल्लेख गरेको देखिएन । आरोपत्रलाई पुष्ट्याँई गर्ने आधारको रुपमा राखिएका बरामद गरिएका सामानहरुले तथ्यगत वास्तविकतालाई देखाउँछ । तर त्यही बरामदी मुचुल्कामा उल्लेख गरेका वस्तुहरु के कस्ता हुन् भन्ने आरोपपत्रमा नखुलाई त्यसतर्फ दावी नलिएको अवस्थाले प्रतिवादीलाई नै आरोपकर्ताले उन्मुक्ति दिन खोजेको हो कि भन्ने अर्थ लाग्न जाने पनि देखिन्छ । यद्वपी बादी पक्षले नै दावी नगरेको विषयमा यस अदालतले अन्यथा गर्न सक्ने अवस्था भएन । माथि विवेचित तथ्यहरुबाट प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने निम्न सम्पत्ति देखिन आयो :-

| | |
|---|---|
| (क) जग्गा जमिन | रु. ९,४१,२५०।- |
| (ख) घर | रु. १०,३७,६५२।७८ |
| (ग) फर्निचर तथा विद्युतिय सामान | रु. ५,४६,५७५। |
| (घ) बैंक मौज्दात र बरामद नगद (डलरसमेत) | रु. ३१,३७,२१७।५० |
| (ङ) शेयर,ऋणपत्र र मोटर किन्न दिएको पेश्की | रु. ६,४६,०००।- |
| | जम्मा रु.६३,०८,६९५।२८ |

**आयस्रोत**

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले अदालतमा बयान गर्दा (स.ज.८) आफ्नो आयस्रोतमा तलव, भत्ता, पुरस्कारवापत प्राप्त रकम, घरभाडा, जग्गाभाडा, वैदेशिक छात्रवृत्तिको बचत, कृषि आय, पैत्रिक आय तथा छोराले दिएको रकम समेतलाई आफ्नो आयस्रोत देखाएको पाइन्छ । यस परिप्रेक्ष्यमा

पुनरावेदक प्रतिवादीको आय के कति रहेछ भन्नेतर्फ आयका निम्न शीर्षकगत रुपमा विश्लेषण गर्नु सान्दर्भिक हुने देखिन्छ ।

**पारिश्रमिक र अन्य भत्ता**

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्का वि.सं.२०३२।४।१ देखि शाखा अधिकृतको पदबाट सरकारी सेवामा प्रवेश गरेको र मिति २०५६।५।१० देखि उपसचिव पदमा बढुवा भएको देखिन्छ । सो मितिदेखि जाँच अवधिसम्म निजले रु.८,७०,५४१।- रुपैयाँ तलब वापत प्राप्त गरेको आरोपपत्रमा उल्लेख भएको पाइन्छ । पुनरावेदक प्रतिवादीले आफ्नो तलव र भत्ता करिब रु.१२,००,०००।- हुने भनी जिकीर लिएको देखिन्छ । विशेष अदालतले अर्थमन्त्रालयको सूचनाको आधारमा पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काको पदअनुसार नियमितरुपमा वार्षिक ग्रेड बृद्धि हुँदै आएको रकमसमेतलाई दृष्टिगत गरी २०५९ साल श्रावणसम्मको तलब रु.८,८८,९६०।- र दशैं खर्च वापत रु. ६९,४३५।- कायम गरेको देखिन्छ । निजामती कर्मचारीले प्राप्त गर्ने तलवबाट १० प्रतिशत कर्मचारी सञ्चयकोषमा कट्टि भै जाने हुँदा त्यसरी कट्टा हुने रकमलाई बाहेक गरी पारिश्रमिक आय कायम गर्नुपर्नेमा विशेष अदालतले त्यसतर्फ ध्यान नदिई पुनरावेदक प्रतिवादीले तलबवापत प्राप्त गरेको सम्पूर्ण रकमलाई आयमा समावेश गरेको त्रुटिपूर्ण देखियो । कूल पारिश्रमिकको १० प्रतिशत अर्थात कर्मचारी सञ्चयकोषमा जम्मा भएको रकम रु.८८,८९६।-घटाउँदा रु. ८,००,०६४।- मात्र प्रतिवादीको पारिश्रमिक आय कायम हुन आउँछ । त्यसै गरी पुनरावेदक प्रतिवादीले दशैं खर्चवापत रु.७०,७७०।-पाएको भन्ने जिकीर लिएको देखिन्छ । निजामती कर्मचारीलाई आ.व.२०३७/०३८ को बजेटबाट मात्र दशैं खर्च प्रदान गरिएको भन्ने हुँदा पुनरावेदक प्रतिवादीले नै पेश गरेको विवरणअनुसार हिसाव गर्दा समेत विशेष अदालतले प्रदान गरेको आय भन्दा बढी हुने देखिँदैन । त्यसैले तलव र दशैं खर्चसमेत जोड्दा पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काको आय रु. ८,६९,४९९।-कायम हुन आउने देखिन्छ ।

**बिदा, भ्रमण भत्ता, बैठक भत्ता**

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले आयको स्रोतमा संचित विदाको प्राप्त रकम, भ्रमण भत्ता तथा बैठक भत्तासमेतलाई लिएको देखिन्छ । अर्थ मन्त्रालयको अभिलेख उतारअनुसार निजले घर विदा र विरामी विदावापत रु.१४,०४८।-, नेपालगञ्ज भन्सार कार्यालको २०६१।११।१९ को पत्रानुसार मूल्यांकन समितिको बैठक भत्तावापत २०५७/०५८ मा रु.३७३५।-, वन मन्त्रालयको २०३४।११।११ र २०६१।१२।१ को पत्रअनुसार तत्कालीन शाही औषधी लिमिटेडबाट २०३६ सालमा रु.५,५००।- अतिरिक्त पारिश्रमिक तथा सोही लिमिटेडको २०६२।४।१८ को पत्रानुसार पदपूर्ति समितिको बैठकमा

भाग लिए वापत २०३६ सालसम्म रु.१,०२०।- समेत जम्मा रु. २४,३०३।- पाएको देखिँदा त्यसलाई वैध आयको मान्यता प्रदान गरेको विशेष अदालतको फैसला अन्यथा देखिएन ।

यसका अतिरिक्त मेची भन्सार कार्यालको २०६१।११।१५ र नेपालगञ्ज भन्सार कार्यालयको २०६१।१०।२६ तथा २०६१।११।१३ को पत्रानुसार पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले स्वदेशमा भ्रमण गर्दा हवाइजहाज भाडाबाहेक रु.३५,२१०।८० प्राप्त गरेको भनी लेखी आएकोले त्यसबाट ५०% प्रतिशतसम्म अर्थात आधा रु.१७,६०५।४० बचत हुन सक्ने भनी विशेष अदालतले गरेको न्यायिक अनुमानलाई पुनरावेदक प्रतिवादीले वस्तुनिष्ठ आधारबाट खण्डन गर्न सकेको नदेखिँदा अन्यथा भन्न मिल्दैन । प्रतिवादीले बजेट तर्जुमा गर्दा खाना तथा खाजा भत्ता प्राप्त गरेकोले त्यसलाई पनि आय कायम गर्नुपर्ने जिकीर लिएको देखिन्छ । तर खाना र खाजा भत्ताको प्रकृतिबाटै त्यस्तो रकम सञ्चित हुने हुने नदेखिएकोले पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकीरसँग सहमत हुने अवस्था रहेन । बिदा, भ्रमण भत्ता, बैठक भत्तासमेतका अन्य उल्लिखित शीर्षकबाट पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले रु. ४१,९०८।४० आय प्राप्त गरेको देखिँदा त्यसलाई निजको वैधानिक आयमा समावेश गर्नुपर्ने हुन्छ ।

**विदेश भ्रमणसमेतको बचत**

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्का सरकारी सेवामा कार्यरत रहँदाको अवस्थामा सरकारी स्तरबाट वैदेशिक भ्रमण गरेको भन्ने कुरा आरोपपत्रमा नै स्वीकार गरिएको देखिन्छ । विशेष अदालतले विदेश भ्रमण वापतको बचत भनी आरोपपत्र अनुरुप नै रु.९,४७,७२८।०३ लाई पुनरावेदक प्रतिवादी केशरजङ्गको आय मानेको देखिन्छ । तर निज पुनरावेदक प्रतिवादीले विदेश भ्रमणबाट प्राप्त गरेको पूरै रकमलाई आय कायम गर्नुपर्ने भन्ने जिकीर लिएको पाइन्छ । विदेश भ्रमण गर्दा भ्रमणको समयावधिमा खाने, बस्ने लगायतका दैनिक आवश्यक पर्ने खर्चको लागि तोकिए बमोजिम रकम दिइने हो । पुनरावेदक प्रतिवादी केशरजङ्गले सन् १९८३ मा जापान भ्रमण गर्दा हवाई जहाजबाट जाने आउने टिकटको व्यवस्था जापानले गरेको भन्ने देखिन्छ । अन्य विदेश भ्रमणको आवत जावत खर्च कसले व्यहोरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिँदैन । त्यस्तै निज विदेशमा भ्रमण गर्दाको बास खर्च र खाना खर्च सम्बन्धित राष्ट्रका तर्फबाट व्यहोरेको भन्ने पनि देखिन आउँदैन । विदेशमा भ्रमण गर्दा आवत जावतको लागि लाग्ने खर्चको व्यवस्था, खाना र बासको व्यवस्था सम्बन्धित पक्ष वा राष्ट्रले नै व्यहोरेको अवस्थामा विदेश भ्रमण गरेवापत दिइएको केही रकम बचत हुन सक्ने अनुमानसम्म गर्न सकिन्छ । अपितु भ्रमण खर्चवापत दिइएको रकममध्ये बचत हुन सक्ने वा नसक्ने भन्ने कुरा खर्च गराइका पद्धतिले पनि निर्धारण गर्न सकिने भए पनि यस मुद्दामा पुनरावेदक प्रतिवादी केशरजङ्गको खर्च गराईको पद्धति यो यस्तो थियो भन्ने देखिन आउँदैन ।

आरोपपत्रमा पुनरावेदक प्रतिवादी केशरजङ्गले वि.सं.२०३९ सालमा जापान भ्रमण गर्दा प्राप्त गरेको रकममा २५ प्रतिशत रकम खर्च हुन सक्ने भनी रु.३३,००९।४४ बचत भएको स्वीकार गरिएको छ । सन् १९८३ मा जापान भ्रमण गर्दा प्रतिवादीले जापानिज येन ७,४४,८४०। प्राप्त गरेको भन्ने देखिएकोले सो समयको विनियमय दर जापनिज येन १०००। को ने.रु.५९।४४ का दरले रुं ४४,०१२।५९ हुने देखिन्छ । त्यसै गरी सन् १९९९ मा पुनः जापान भ्रमण गर्दा प्राप्त गरेको जापनिज येन २,२३,९२६।- को प्रति १० येनको ने.रु.६.१८ का दरले १,३८,३८६।२७ हुने देखिएकोमा रु.१,१५,९७१।४० बचत भएको मानिएको छ । सन् १९९८ मा तिब्बत भ्रमण गर्दा रु.३६,३५५।- र १९९६ मा सिंगापुर भ्रमण गर्दा रु.५२,९५६।- प्राप्त गरेको भनी सो पुरै रकमलाई आयको मान्यता दिएको देखिन्छ । त्यसैगरी पुनरावेदक प्रतिवादी केशरजङ्गले अमेरिकामा जाँदा तालिम खर्च वापत प्राप्त गरेको अमेरिकी डलर ११,७०८.०३ मध्ये ५६०० डलर बचत गरेकोले सो रकमको पनि स्रोत पूष्टि भएको भन्ने कुरा आरोपत्रमा उल्लेख भएको देखिन्छ ।

पुनरावेदक प्रतिवादी केशरजंङ्ग खडका एशिया फाउण्डेशनको सहयोगमा सन् १९९३ मा अमेरिकामा तालिममा जाँदा उक्त संस्थाले तालिम खर्च वापत दिएको अमेरिकी डलर ११,७०८.०३ मध्ये ५,६००। बचत भएको भनी आयोग स्वयंले त्यसलाई आयको मान्यता दिएको पाइन्छ । तर एशिया फाउण्डेशनको ०७।३०।०९३ को अनुसन्धान मिसिल संलग्न पत्र हेर्दा, विभिन्न शीर्षक जस्तैः Tuition and related fees मा ५,९००।००, Per diems अन्तर्गत ४,४५३.०३, Mission advance अन्तर्गत ९७५.००, Domestic Travel अन्तर्गत ९५.०० Book shipment अन्तर्गत ६०.०० डलर र Professional Membership Institution अन्तर्गत २२५.०० डलर गरी कूल ११,७०८.०३ डलर प्रदान गरेको भन्ने सो पत्रमा उल्लिखित Statement of Expenditures बाट देखिन आउँछ । पत्रको सो ब्यहोरा हेर्दा Per diems शिर्षक अन्तर्गत प्रदान गरिएको अमेरिकी डलर ४,४५३.०३, मात्र प्रतिवादीले भत्ता स्वरुप पाएको मान्नु पर्ने हुन्छ । तालिमको लागि सम्बन्धित तालिम प्रदायक संस्थामा बुझाउनु पर्ने फि लगायतमा खर्च गर्ने प्रयोजनको लागि दिइएको रकमलाई प्रतिवादीको बचत हुने आय मानी आयमा गणना गर्न मिल्दैन । त्यसमा प्रतिवादीले सो रकम प्राप्त गरेको १९९३ को जुलाईमा प्रति अमेरिकी डलरको खरिददर ने.रु.४९।- भएको भन्ने कुरा अनुसन्धान मिसिल संलग्न नेपाल राष्ट्र बैंकको मिति २०५९।१०।२९ को पत्रमा उल्लेख भएको देखिएकोमा आरोपपत्रमा प्रति अमेरिकी डलर ७७।७५ का दरले हिसाव गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकले प्रचलित कानून बमोजिम निर्धारण गरेको अनुसन्धान मिसिल संलग्न पत्रमा उल्लेख भएको विनियम दर अनुसार प्रतिवादीले

अमेरिका तालिममा जाँदा प्राप्त गरेको कूल भत्ता रकम रु. २,१८,१९८।४७ मात्र हुने देखिन्छ । यसबाट प्रतिवादीले विदेश भ्रमण गर्दा भत्ता वापत कूल रु.४,८९,९०८।३३ प्राप्त गरेको देखिन आयो ।

विदेश भ्रमणमा जाँदा प्राप्त गरेको रकम बचत हुने हो वा होइन भन्ने प्रश्न स्वयंमा विचारणीय भए तापनि विदेश भ्रमण वापत प्राप्त भएको आयमा ३० प्रतिशत खर्च भै जाने हुँदा ७० प्रतिशत मात्र बचत हुने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मुद्दाहरुमा दावी लिएको कारणबाट यस अदालतले पनि नेपाल सरकार विरुद्ध रामाज्ञा चर्तुवेदीसमेत विपक्षी भएको (ने.का.प. २०६८, नि.नं. ८६३०, अंक ६) र नेपाल सरकार विरुद्ध जयप्रकाश गुप्तासमेत विपक्षी भएको (ने.का.प.२०६८, नि.नं. ८७२२, अंक ११) गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दाहरुमा वादी पक्षले आधार लिएको सोही कुरालाई मान्यता दिई विदेश भ्रमण वापत प्राप्त हुने आयमा ७० प्रतिशतसम्म बचत हुने भनी आयको मान्यता प्रदान गरिएको अवस्था भई यस प्रकृतिका मुद्दामा वैदेशिक भ्रमण वापतको आय कायम गर्ने सम्बन्धमा एक निश्चित सिद्धान्त कायम भएको हुँदा सो भन्दा बाहिर जान मिल्ने स्थिति हुँदैन । उपरोक्त सिद्धान्त समेतका आधारमा प्रतिवादीले विदेश भ्रमणबाट प्राप्त गरेको कूल रु.४,८९,९०८।३३ मध्ये रु.३,४२,९३५।८३ मात्र निजको आय कायम हुने देखिन्छ ।

उपरोक्त बमोजिम गर्दा आरोपपत्र माग दावीभन्दा बाहिर गएको हो की भन्ने देखिन सक्दछ । वस्तुतः अनुसन्धानकर्ता कसैप्रति पूर्वाग्रही बन्न मिल्दैन । कसूरदारलाई जसरी भएपनि छुट दिने वा निर्दोष व्यक्तिलाई जसरी भए पनि अभियोजन गर्ने उद्देश्य अनुसन्धानकर्ताको हुनु हुँदैन । जानी जानी वा गम्भीर लापरवाही साथ अनुसन्धानकर्ताले अनुसन्धान गरेको देखिन्छ भने त्यो स्वयंम् अख्तियार दुरुपयोगको प्रश्न हुन जान्छ । त्यसमा पनि अख्तियारको दुरुपयोगलाई रोकी मुलुकमा शुसासन कायम गर्ने संवैधानिक दायित्व भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो निकायबाट भएका अनुसन्धान र अभियोजनमा यस प्रकारका गम्भीर त्रुटि बारम्बार विद्यमान रहनुलाई उचित मान्न सकिँदैन । वित्तिय अपराध नियन्त्रण सम्बन्धमा यस प्रकारको कसूरको दावी लिई प्रकारान्तरमा दायर गरिने मुद्दाहरुको हकमा अभियोजनपक्षले उस्तै प्रकृतिका मुद्दाहरुमा उठेका प्रश्नहरुको अदालतबाट कसरी निराकरण गरिएको छ र तत्सम्बन्धमा के कस्ता सिद्धान्तहरु प्रतिपादन भएका छन् भन्नेतर्फ पनि दृष्टिगोचर गर्न जरुरी छ । उस्तै प्रकृतिका तथ्य र आधारहरुमा आधारित रहेका सबै मुद्दाहरुमा एकरुपता, निश्चितता र अनुसन्धनात्मक पारदर्शीता कायम गर्दै निश्चित मापदण्ड निर्धारण गर्न आवश्यक पहल नगर्ने हो भने अनुसन्धान र अभियोजन स्वेच्छाचारितामा आधारित हुन जाने भै आयोगको कार्यप्रति नै प्रश्न उठ्न जाने अवस्था आउँछ । स्वयं अनुसन्धानको क्रममा संकलन गरिएका आधिकारिक लिखत प्रमाणबाट देखिएको वस्तुतथ्यलाई अनुसन्धानकर्ताले दुराशयपूर्ण

तवरले बँग्याई प्रतिवादीलाई अनुचित लाभ पुग्ने कार्य गरेको प्रष्ट देखिन्छ भने दावी संशोधनको प्राविधिक प्रश्नमा रुमलिई यस अदालतले त्यस्तो गैरकानूनी कार्यलाई मान्यता प्रदान गर्न सक्दैन । पूर्ण न्यायका खातिर अदालतले मिसिल प्रमाणबाट देखिएको वस्तुतथ्यको पक्षमा आफूलाई उभ्याउनु पर्ने हुन्छ । बरु अख्तियार दुरुपयोगका सम्बन्धमा अनुसन्धान गर्ने जिम्मेवारी पाएको अधिकारीले निजलाई प्राप्त अधिकारको दुरुपयोग गरी अनुसन्धानको क्रममा संकलन भएका आधिकारीक तथ्यप्रमाणलाई नियतवश तोडमरोड गरी अन्यथा गरेको देखिन्छ भने त्यस्ता व्यक्तिलाई जिम्मेवार बनाउनु न्यायोचित हुने हुँदा सो तर्फ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ध्यानाकर्षण गराइएको छ ।

**घर भाडा र जग्गा भाडा**

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काकी पत्नि सीतादेवी खड्काको नाममा काठमाडौं १० स्थित कि.नं. १११, ११३ र ३०६ को जग्गा रोपनी १-८-०-० मा एउटा घर रहेको र त्यसैसँग सहायक भवन रहेको आरोपपत्रमा उल्लेख गरिएको छ । आरोपपत्रमा पुनरावेदक प्रतिवादीले घरभाडा लगाएको कुरालाई स्वीकार गरेको देखिन्छ । तापनि कहिलेदेखि कहिलेसम्म घर भाडामा लगाएको र घरभाडाबापत कति रकम प्राप्त भएको भनी एकिनसाथ खुलाएको देखिन आएन । पुनरावेदक प्रतिवादीले घरभाडावापत २०४७ सालदेखि २०५८ सालसम्मको करिव १२ लाख प्राप्त भएको, काठमाडौं कोटेश्वरको हाल कायमी कि.नं. २५१ को जग्गा रोपनी २-०-३-२ त्यसमा छाप्रो समेतको भाडा करिब ६ लाख, काठमाडौं गौशालाको कि.नं. २४ को जग्गा भाडाबाट रु.३ लाख, वर्दिवास महोत्तरीको ०-२-१२ जग्गाको भाडाबाट रु.१,५०,०००।- प्राप्त भएको भनी जिकीर लिएको देखिन्छ । विशेष अदालतले प्रतिवादीलाई घर वहालवापत रु.६,२१,६००।- आय प्राप्त भएको निष्कर्ष निकालेको देखिन्छ ।

घर भाडा सम्बन्धी मिसिलसंलग्न सम्झौतापत्र हेर्दा हेटौंडा निवासी विष्णुप्रसाद न्यौपानेले २०४७ साल वैशाखदेखि २०४९ साल चैत मसान्तसम्म मासिक रु.७०००।- ले र २०५०।१।१ को दोस्रो सम्झौताअनुसार २०५३ चैत मसान्तसम्म प्रति महिना रु.७७००।- ले घरको भुईंतल्ला भाडामा लिएको भन्ने देखिन्छ । वादीले पुनरावेदक प्रतिवादीको घरभाडामा लागेको तथ्यलाई स्विकार गरेको, घरभाडा समेतबाट आय प्राप्त गरेको भनी कर बुझाएको देखिएको र २०४७ देखि २०५३ सालसम्मको घर भाडाको संझौता पेश गरेको देखिएको छ । तर २०५४ सालदेखि २०५८ सालसम्मको घरभाडाको रकमको जिकीर लिएको सन्दर्भमा हेर्दा मौकामा सो भाडाको सम्झौता पेश नगरेको र सो अवधिमा भाडामा बस्ने व्यक्तिको विवरणसमेत प्रतिवादीले बयान गर्दा खुलाएको देखिँदैन । शुरु अदालतमा पेश नगरेको, मौकामै बरामद नभएको र शुरु अदालतबाट मुद्दा फैसला

भैसकेपश्चात घरभाडाको सम्झौता फेला परेको भनी पुनरावेदनपत्रमा उल्लेख गरी पछिबाट तयार पार्न सकिने प्रकृतिको त्यस्तो सम्झौता पेश गर्दैमा त्यसलाई मान्यता दिन मिल्ने हुँदैन । साथै जग्गा भाडाको आय सम्बन्धमा लिएको जिकीरलाई हेर्दा पुनरावेदक प्रतिवादीले काठमाडौं कोटेश्वर र गौशालाको जग्गाबाट क्रमशः ६ लाख र ३ लाख तथा महोत्तरी वर्दिवासको जग्गाबाट १ लाख ५० हजार गरी १० लाख ५० हजार आय प्राप्त भएको जिकीर लिएको देखिए पनि सो तथ्य पुष्टि हुने ठोस प्रमाण पेश नभएको भनी त्यसलाई मान्यता नदिएको विशेष अदालतको निष्कर्ष अन्यथा नदेखिँदा थप विवेचना गरिरहन परेन ।

**जग्गा बिक्री**

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले निजको नामको, निजका परिवारका व्यक्तिको तथा भाईको नामको जग्गा बिक्रीबाट आय प्राप्त भएको जिकीर लिएको देखिन्छ । निज प्रतिवादीको बयानअनुसार अर्घाखाँचीको पैत्रिक घरवारी रोपनी १५-१५-०-१ जग्गा २०४५।७।२१ मा रु. ४९,०००।- मा बिक्री गरी त्यसबाट बढेबढाएको रु. ६१,०००।, पैत्रिक कल्सेटारी खेत ८-१२-०-१ मिति २०४७।१२।२मा रु. ७१,०००।-मा, खर्घाखाँची भुवनडाँडाको पैत्रिक घरबारी रोपनी २१-१२-०-० मिति २०४७।९।२९ मा रु. १,३३,०००।- र त्यसबाट मुद्दती खातामा राखी ६ लाख पुगेको, भाई रत्नध्वजको नाममको खरियान ६-८-१-० जग्गा २०४६।१०।११ मा बिक्री गर्दा रु.३४,०००।- प्राप्त भएको भन्ने उल्लेख गरेको देखिन्छ ।

मिसिलसंलग्न राजिनामाका प्रतिलिपीहरु हेर्दा पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले अर्घाखाँची, नरपानीको कि.नं. ३५, ५४ र ५५ को जग्गा २०४५।२।२१ मा रु.४९,०००।- मा र कि.नं. ११०२ को जग्गा २०४७।१२।३ मा रु. ७१,०००।- मा बिक्री गरेको देखिन्छ । त्यसैगरी नरपानी-२ को कि.नं. ३४, ३६ र ६० को जग्गा जयश्वरा खड्का (आमा) ले २०४७।९।२६ मा रु. १,३३,०००।- मा, रत्नध्वज (भाई) ले नरपानी-१ को कि.नं. २८२ को जग्गा २०४६।१०।११ मा रु. ३४,०००।- मा बिक्री गरेको तथा काठमाडौं कोटेश्वरको सा.कि.नं. १०४० र १०४१ समेतको जग्गाबाट कित्ताकाट गरी कायम भएको कि.नं. १२६५ र १२६७ को जग्गा रु. ३,९०,०००।- मा बिक्री गरेको भन्ने देखिन्छ । पुनरावेदक प्रतिवादीले सम्पत्ति न्यायिक जाँचबुझ समितिमा पेश गरेको विवरणबाट निजले बिक्री गरेको जग्गामध्ये अर्घाखाँची नरपानीका जग्गाहरु अंशमा पाएको उल्लेख गरेको देखिए पनि निजका भाई रत्नध्वजले बिक्री गरेको जग्गालाई सम्पत्तिको रुपमा उल्लेख गरेको देखिएन । पुनरावेदक प्रतिवादी केशरजङ्गका भाईहरुले के कति जग्गा किनबेच गरे र यी पुनरावेदक प्रतिवादीको नामका सम्पत्ति आर्जनमा गरेको योगदान तथा भाईहरुप्रति यी पुनरावेदक प्रतिवादी केशरजङ्गले गरेको

खर्चतर्फ अनुसन्धान भएको पाइँदैन भने पुनरावेदक प्रतिवादीले त्यसतर्फको विवरण दिएको पनि देखिँदैन । भाईहरुको अन्य आय, खर्च र व्यवहारलाई नदेखाएको अवस्थामा अलग बसेका भाईको नामको जग्गा बिक्रीको रकम चाहीँ आफूलाई दिएको भन्ने जिकीर तर्कसंगत र मुनासिव देखिन आएन । आमा र बाबुलाई सगोल परिवारको भनी सम्पत्ति न्यायिक जाँचबुझ समितिमा विवरण पेश गरेको देखिँदा आमा जयश्वराको नामको जग्गा बिक्रीको रकम रु.१,३३,०००।-लाईसम्म पुनरावेदक प्रतिवादीको आय मान्न सकिने हुँदा जग्गा बिक्रीबाट पुनरावेदक प्रतिवादीले रु. ६,४३,०००।- प्राप्त गरेको ठहऱ्याएको विशेष अदालतको फैसला अन्यथा देखिँदैन ।

**कृषि आय**

अर्घाखाँचीको पैत्रिक सम्पत्तिबाट रु.१४ लाख तथा कपिलवस्तु कोपवाको जग्गाबाट रु.४,४०,०००।- आय प्राप्त भएको पुनरावेदक प्रतिवादीको जिकिर छ । कृषि आय आर्जनमा लगानी हुने श्रम, मलखाद बीउबिजन, किटनाशक औषधि आदि समेतको खर्च त्यसमा समावेश हुने भएकोले लागत र आयको समानुपातिक ढंगले विश्लेषण गरेर मात्र कृषि आयको निर्धारण गर्नु उपयुक्त र वाञ्छनीय हुने भए पनि हालसम्म सरकारी स्तरबाट कृषि आयको निर्धारण सम्बन्धी मापदण्ड र आधारहरु तय गरिएको पाइँदैन । मौसमको अनूकूलता र प्रतिकूलताले उत्पादित बाली सँधै एकनाशको हुन सक्ने पनि होइन । कृषि उत्पादनमा कति खर्च लाग्यो भन्ने नदेखाई पुनरावेदक प्रतिवादीले कृषि आयको दावी गरेको देखिन्छ भने २०४७ साल चैत्रसम्ममा प्रतिवादीले अंशको रुपमा प्राप्त गरेको सम्पत्ति सबै बिक्री गरी सकेको देखिन आउँछ । यी पुनरावेदक प्रतिवादी र निजका भाईहरु अलग-अलग बसोवास र व्यवहार गरी आएको भन्ने हुँदा भाईहरुको नामका जग्गाको आय यी पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले पाएको भन्न मिल्ने हुँदैन ।

आरोपपत्रमा कृषि आयलाई स्वीकार गरिएको भए पनि यति नै कृषि आय प्राप्त भएको भनी एकिन गरेको देखिँदैन । विशेष अदालतले भूमिसुधार तथा व्यवस्थापन विभागबाट प्रकाशित भूमिसुधार कार्य निर्देशिका, २०६० अनुसार पहाड र तराइको लागि निर्धारण गरिएको कूतको दरलाई आधार लिँदै जिल्ला कृषि विकास कार्यालय, अर्घाखाँचीको मिति २०६१।७।१४ को पत्र र बाँके जिल्लाको कृषकस्तर मूल्य तथ्यांकको आधारमा कपिलवस्तु कोपवाको जग्गाको कूत मूल्यांकन गर्दै कृषि आय निर्धारण गरेको देखिन्छ । विशेष अदालतले पुनरावेदक प्रतिवादी केशरजङ्गले अंश पाएको जग्गाको २०३२ सालदेखि २०४७ सालसम्मको मूख्य वार्षिक उब्जनी धान र मकैको रु.१,०८,४८०।- र हिउँदे बालीको त्यसको आधा रु. ५४,१६९।- र खरबारीको प्रति रोपनी वार्षिक रु.३००।- ले रु.२६,०६४।- समेत रु.१८८,५४४।-, कपिलवस्तु कोपवाको जग्गाको मूख्य बाली धानको रु.१,८२,७००।- र त्यसको

आधा हिउँदे बालीको रु.९१,३५०।- समेत रु.२७४,०५०।- तथा काठमाडौं गौशालाको जग्गाको रु.१६,३८८ समेत जम्मा रु.४,७८,९८२।- कृषि आयमा कायम गरी वर्दिवास महोत्तरीको जग्गा र काठमाडौं कोटेश्वरको कि.नं. २५१ को जग्गाको स्रोत नखुलेको भनी कृषि आय प्रदान गर्न नमिल्ने निष्कर्ष निकालेको देखिन्छ ।

पुनरावेदक प्रतिवादीले आफ्नो आय स्रोत भनी देखाएका सबै स्रोतबाट प्राप्त रकम सबैलाई बचत आय मानेको देखिन्छ । तर दैनिक जिवनयापनका लागि उपभोग गरिने वस्तु, सन्तानहरुको शिक्षा, स्वास्थ्य लगायतका भैपरी आउने अन्य पारिवारीक खर्च कसरी जुटाएको भन्ने खुलाएको देखिँदैन । जाँच अवधिको पछिल्लो चरणमा अर्थात २०५७ सालमा ८/९ वर्षको लागि वार्षिक ३८,०००।- का दरले जीवन बीमा गरेको पनि देखिन आउँछ । सो बीमा रकमको स्रोत सम्बन्धमा आरोपपत्रमा कुनै उल्लेख गरेको देखिँदैन । आयको बचत सम्बन्धी प्रश्नको निराकरण सम्बन्धी निरुपण गर्नुपर्ने प्रश्न समावेश भएको मुद्दाको सन्दर्भमा आय र त्यसले धान्ने पारिवारीक खर्चको सम्बन्धमा प्रचलित बजार मूल्यलाई दृष्टिगत गर्दै देशको कुन भौगोलिक क्षेत्रमा ग्रामिण इलाका र शहरी इलाकामा कति संख्याको परिवारको लागि मासिक र वार्षिक के कति रकम खर्च हुने हो भन्ने निश्चित मापदण्ड निर्धारण गर्न आवश्यक देखिन्छ । प्रकारान्तरमा दायर हुने यस्ता प्रकृतिका मुद्दाहरुको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पारिवारीक खर्च सम्बन्धमा निश्चित मापदण्ड निर्धारण गरी दावी लिनेतर्फ सोच राख्नु पर्ने टड्कारो देखिन आएको छ । आरोपपत्रमा पुनरावेदक प्रतिवादी केशरजङ्गको परिवारको लागि कति पारिवारीक खर्च लागेको भनी स्पष्ट देखाइएको छैन भने आफूले घर व्यवहार चलाउन कुन स्रोतबाट खर्च जुटाउने गरेको भनी निज प्रतिवादीले खुलाएको अवस्था पनि छैन । व्यक्तिको हैसियत, आयस्रोत, व्यक्तिगत प्रवृत्ति जस्ता खास कारणहरुले खर्च गराइका तरिका र पद्धतीमा भिन्नता ल्याउने हुन्छ । यसले गर्दा यति खर्च र यति बचत भनी निर्धारण गर्ने कार्य निश्चय नै जटिल हुन पुग्दछ । तथापि व्यवहारिक जीवन पद्धतिमा एकोहोरो आयको पाटोलाई मात्र हेरी खर्चको पाटोलाई बिर्सन सकिने पनि हुँदैन ।

यस परिप्रेक्ष्यमा पुनरावेदक प्रतिवादी केशरजङ्गको परिवारको लागि के कति पारिवारीक खर्च लागेको भनी कुनै आधार बिना अदालतबाट यकिनसाथ निर्धारण गर्न निश्चय नै कठीन छ । पुनरावेदक प्रतिवादी केशरजङ्गका सगोलका आमा बाबुका नाममा आरोपपत्रमा देखाइएअनुसार अर्घाखाँचीमा रहेको जग्गाको आयस्ता एवम् अन्य अदृश्य सिमित आय भए पनि छोराहरुको पढाई, औषधोपचार लगायतको बढ्दै गएको खर्चको अवस्थालाई दृष्टिगत गर्दा बचत हुन सक्ने देखिन आउँदैन । विशेष अदालतले पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काको नामको अर्घाखाँचीको पैत्रिक जग्गाको मूख्य बालीको २०३२ देखि २०४७ सालसम्मको रु.१,०८,३२०।- खरबारीको रु.२६,०६४।-

समेत १,३४,३८४।-तथा कपिलवस्तु कोपवाको मुख्य बालीको रु.१,८२,७००।- समेत रु.३,१७,०८४।- आय बचत हुन सक्ने भनेको सम्म मिलेको देखिन्छ । पहाडको जग्गा खरबारी समेत रहेको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले आफ्ना जग्गाहरुमा आफ्नैतर्फबाट खेतीपातीको काम गरेको भनी जिकीर लिएको पनि देखिन आउँदैन । वस्तुनिष्ठ आधार र प्रमाण बिना जग्गामा मूख्य वालीको अतिरिक्त हिउँदे बाली पनि लगाएको र त्यसबाट बचत हुने गरी आय प्राप्त भएको भन्न मिल्ने हुँदैन । पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काको पारिवारीक अवस्थासमेतलाई विचार गर्दा हिउँदेबालीबाट आय आर्जन भई बचत भएको मान्न सकिने अवस्था र स्थितिको विद्यमानता नदेखिएकोले हिउँदे बाली वापतको आय प्रदान गरेको मिलेको देखिएन ।

काठमाडौं लगायतका घडेरीको रुपमा प्रयोग हुने जग्गाहरु व्यवसायिक रुपमा खेती गर्ने प्रयोजनले खरीद गरेको र ती जग्गामा व्यवसायिक रुपमा खेती गरेको भन्ने पुष्टि हुने प्रमाणको अभावमा ती जग्गाबाट बचत हुने परिमाणमा उल्लेख्य मात्रामा कृषि आय प्राप्त भएको भन्न नमिलेकोले पुनरावेदक प्रतिवादीले कृषिबाट रु. ३,१७,०८४।- कृषि आय प्राप्त गरेको मान्नु पर्ने हुन्छ ।

**विविध आय**

पुनरावेदक प्रतिवादीले पारिश्रमिक भत्ता, घरभाडा कृषि आय विदेश भ्रमण वापत प्राप्त रकम लगायत छोराले दिएको रकम, सुनको कमिशन, पिताले दिएको रकम, शेयर डिभिडेन्ट वाटो दिएवापत प्राप्त रकम सुन बिक्री आदिबाट पनि आफूलाई आय प्राप्त भएको भनी जिकीर लिएको देखिन्छ ।

**क. छोराले दिएको रकम**

वि.सं. २०५१ सालतिर अष्ट्रेलियामा गएका छोरा जितजंगले आफूलाई करिब २० लाख दिएको भनी पुनरावेदक प्रतिवादी केशरजङ्गले आफ्नो सम्पत्ति बृद्धिको आयस्रोतलाई देखाएको पाइन्छ । विदेशबाट आउँदा ल्याइने रकम साधारणतः विदेशी मुद्रा नै हो । विदेशबाट पुनरावेदक प्रतिवादी केशरजङ्गका छोरा जितजङ्गले ल्याएको रकम के कुन मितिमा के कति परिमाणमा ल्याएको वा सटही गरेको भन्न सकेको देखिँदैन । छोरा विदेश अष्ट्रेलियामा रहेको भन्ने आधार देखाउनु नै रकम पठाएको पुष्टि हुने वस्तुनिष्ठ आधार होइन । त्यति ठूलो रकम बैंक वा वित्तिय संस्थामार्फत प्राप्त नगरी सीधै ल्याएको भन्ने कुरा विश्वसनीय छैन । विदेशमा बस्दा यो यति आर्जन गरेको भन्ने तथ्यभन्दा पनि विदेशमा गरेको आर्जनको रकम पितालाई दिएको भन्ने देखिने मूल प्रश्न नै यसमा अनुत्तरित रहेको देखिएको छ । पिताको बचावटको लागि जितजङ्गले प्रतिवादी पिताले गरेको बयानअनुरुप सापेक्षित

बयान गर्नुलाई नै रकम पठाएको पुष्टि भएको मान्न नसकिएकोले प्रतिवादी केशरजङ्गलाई छोराले रकम दिएको नदेखिएको भन्ने निष्कर्षमा पुगेको विशेष अदालतको विश्लेषण अन्यथा देखिन आएन ।

**ख. पिताले दिएको रकम**

पुनरावेदक प्रतिवादी केशरजङ्गले आफूलाई पिताले पटक-पटक रु. १५,००,०००।- दिएको जिकीर लिएको देखिन्छ । सम्पत्ति न्यायिक जाँच बुझ आयोगमा पेश गरेको विवरणमा पिता वेनबहादुर खड्कालाई सगोल परिवारकै आश्रित भनी देखाएको भए पनि पिताले उल्लेख्य आय प्राप्त गरेको देखिने अन्य स्रोत र रकम पठाएको देखिने वस्तुनिष्ठ प्रमाणको अभावमा यी पुनरावेदक प्रतिवादी केशरजङ्गलाई पिताले त्यत्रो परिमाणको रकम दिएको भन्न मिल्ने स्थिति छैन । आमा बाबुको नामको जग्गाको आय बचत हुन सक्ने नदेखिएको र पुनरावेदक प्रतिवादीका पिताको अन्य आय आर्जनको स्रोत रहे भएको देखिँदैन । शिवबहादुर अधिकारीले बैंकमार्फत केही रकम पठाएको भन्ने देखिए पनि सो पुनरावेदक प्रतिवादी केशरजङ्गका पिताले पठाउन लगाएको पुष्टि हुँदैन ।

**ग. सुन कमिशनको पुरस्कार**

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले आफूलाई सुनको कमिशन र पुरस्कारवापत करिब रु.३ लाख प्राप्त भएको भनी जिकीर लिएको देखिन्छ । कानूनबमोजिम प्राप्त हुने कमिशन वा पुरस्कार आधिकारिक रुपमा पुष्टि भएको देखिन आउँछ भने त्यसलाई आयको रुपमा लिन सकिन्छ । आरोपपत्रमा पुनरावेदक प्रतिवादी केशरजङ्गले पुरस्कार वापत रु. १,२४,०७५।- प्राप्त गरेको भने पनि मिसिल संलग्न सम्बन्धित सरकारी निकायको पत्रानुसार विशेष अदालतले थप रु.७,५१२।४९ समेत रु. १,३१,५८७।४९ लाई पुरस्कारको रुपमा लिएको देखिन्छ । सो बाहेक अन्य कमिशन रु.१,६८,४१२।५१ को रेकर्ड फेला नपरे पनि थप आय कायम हुनुपर्ने भनी पुनरावेदनपत्रमा लिइएको अपुष्ट र आधारहीन जिकीर मुनासिव देखिन आएन ।

**घ. सुन बिक्री**

पुनरावेदक प्रतिवादीले २०४० सालमा जग्गा किन्न १० तोला सुन बिक्री गरेको, घर निर्माणमा १५ तोला सुन बिक्री गरेको र २०५९ जेष्ठ महिनामा ५५ तोला सुन बिक्री गरी मोटर खरिद गर्न विजय मोटर्स प्रा.लि. लाई पेश्की दिएको भनी जिकीर लिएको देखिन्छ । विशेष अदालतले १५ तोला सुन बिक्रीलाई सम्म स्वीकार गरेको देखिन्छ । २०४० सालमा जग्गा किन्ने स्रोत प्रतिवादीसँग रहे भएको देखिँदा १० तोला सुन बेचेको जिकीर पत्यारिलो देखिन आउँदैन । तर घरबनाउने प्रयोजनको सन्दर्भमा रकम जुटाउन १५ तोला परिमाणको सुन बिक्री गरेको भन्ने जिकीर व्यवहारिक दृष्टिकोणबाट अपत्यारिलो देखिँदैन । २०५९ जेष्ठ महिनामा ५५ तोला सुन बिक्री गरी मोटर किन्न पेश्की दिएको भनी लिएको जिकीरतर्फ हेर्दा निज प्रतिवादीकै छोरा जितजङ्ग खड्काले

विशेष अदालतमा बयान गर्दा मोटर किन्न दिइएको पेश्की रु.३,००,०००।- आफूले दिएको भनी जिकीर लिएको देखिँदा पुनरावेदक प्रतिवादी केशरजङ्गले सुन बिक्री गरी मोटर किन्न पेश्की दिएको भनी लिएको जिकीर निजकै छोराको भनाइबाट स्वतः खण्डित भैरहेको पाइन्छ। एक आपसमा परस्पर विरोधाषपूर्ण उल्लिखित कथनहरु प्रामाणिक दृष्टिले मूल्यहीन देखिन आयो । निश्चयात्मक प्रमाण बिना विदेशमा पाँचपटक गएको भन्नु नै सुविधामा सुन ल्याई बिक्री गरेको प्रमाण हुन नसक्ने भए पनि वादीले विदेशबाट समेत ल्याएको भनी सुनका गहनाहरुलाई स्रोत खुलेको मानेको देखिएकै हुँदा सुन बिक्रीबाट रु. ६०,०००।- प्राप्त गरेको विशेष अदालतको विश्लेषण अन्यथा देखिन आउँदैन ।

**ङ. बाटो दिएवापत प्राप्त रकम**

पुनरावेदक प्रतिवादीले हिरण्यमान शाक्य र कनकमान शाक्यको कि.नं. २७२ को जग्गामा जान रु. ३ लाख लिएर सीतादेवी खड्काको नामको कि.नं. ११३ को जग्गाबाट बाटो उपभोग गर्न दिएको भन्ने जिकिर लिएको देखिन्छ । प्रस्तुत मुद्दा पर्नु अगावै बाटो उपभोग गर्न दिई आय प्राप्त भएको भन्ने मिसिलबाट देखिँदैन । दुई पक्षबीच २०५२ सालमा घरसारमा बाटो उपभोग सम्बन्धमा सम्झौता भएको भए त्यो पुनरावेदक प्रतिवादीको घरबाट अन्य लिखत कागजातसँगै बरामद हुनुपर्नेमा घरबाट बरामद भएको पनि देखिएको छैन । बाटो दिएवापत आय प्राप्त गरेको तथ्यलाई पुनरावेदक प्रतिवादीले सरकारी निकायहरुमा पेश गरेको सम्पत्ति विवरणबाट देखिन आउँदैन । दिर्घकालीन रुपमा प्रयोग हुन सक्ने बाटो रजिष्ट्रेशन पास भएको भन्ने पनि देखिएको छैन । प्रस्तुत मुद्दा परेपछि मात्र अस्तित्व देखाइएको व्यक्तिगत लिखतकै भरमा पुनरावेदक प्रतिवादीलाई बाटो दिएवापत आय प्राप्त हुन नसक्ने विशेष अदालतको निष्कर्ष अन्यथा देखिन आएन ।

**च. दाइजो पेवासमेत**

पुनरावेदक प्रतिवादीकी पत्नि सीतादेवीको दाइजो पेवा २ लाख २५ हजार भएको र त्यसबाट बढे बढाएको समेत ३ लाख रहेको भनी जिकीर लिएको देखिन्छ । आरोपपत्रमा दाइजो पेवाको रकमलाई स्वीकार गरेको तर कति रकम प्राप्त गरेको भन्ने उल्लेख गरेको पाइँदैन । विशेष अदालतले दाइजो पेवा अन्तर्गत रु.२,००,०००।-मानेको देखिन्छ । दाइजो पेवाको रकम समेतबाट आरोपत्रको तालिका नं. ११ को क्रमसंख्या १ मा उल्लिखित काठमाडौं गौशालाको ०-८-०-० जग्गा २०३८ सालमा खरिद गरेको भनी वादीले उक्त जग्गालाई स्रोत पुष्टि भएको स्वीकार गरेको अवस्था हुँदा सो ३५,०००।-बाहेक अन्य दाइजो पेवा प्राप्त भएको भन्ने जिकीरलाई समर्थन गर्ने विश्वासिलो र भरपर्दो कुनै प्रमाण पेश गरेको नदेखिएको अवस्थामा पनि विशेष अदालतले दाइजो पेवा वापत रु. २ लाख आय प्राप्त भएको ठहऱ्याएको मिलेको देखिएन ।

त्यस्तै पुनरावेदक प्रतिवादी रामजङ्ग खड्काको नामको कृषि विकास बैंक वत्तिसपुतलीमा रहेको बचत खाताको रु. ९०७६२ देउसी तथा दक्षिणाबाट प्राप्त भएको भनी वादीले नै स्विकार गरेको हुँदा बैंक निक्षपको सो रकम आयकै रुपमा देखिन आयो ।

**छ. अन्य आय**

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काको आयका उल्लिखित विवरणका अलावा निजतर्फका विद्वान कानून व्यवसायीहरुले बिमावापत वोनस प्राप्त भएकोले त्यसलाई पनि आयमा जोडिनु पर्दछ भनी बहसमा जिकीर लिनु भएको छ । प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान गर्दा २०५७ सालमा वार्षिक ३८,०००।- का दरले प्रिमियम बुझाउने गरी ७/८ वर्षको लागि जीवन बीमा गरेको देखिन्छ । राष्ट्रिय बीमा संस्थानको मिति २०६६।८।७ को कर कट्टीको जानकारी रसीदअनुसार बीमा वोनसवापत कर कट्टा गरी रु. ४,६८,३३०।- प्राप्त गरेको भन्ने देखिन्छ । २०५७ सालमा गरिएको जीवन बीमाबाट जाँच अवधिमा वोनस पाएको नदेखिएकोले पछिबाट पाएको भनिएको सो रकमलाई आयको रुपमा कायम गर्न मिल्ने हुँदैन ।

तर पुनरावेदक प्रतिवादी केशरजङ्ग खडकाले पेश गरेको नागरिक लगानी कोषको २०६२।५।१९ को पत्रबाट निजले कर्मचारी बचत बृद्धि कार्यक्रममा भाग लिएवापत २०५३।३।३१ सम्म साँवा रु.४,४१०।५० र व्याज रु.४,१९७५५ पाएको भन्ने देखिन्छ । साँवा रकम तलवकै रकम भई तलवलाई दोहोरो आयको रुपमा जोड्न नमिलेकाले व्याज रु.४१,९७५५ सम्मलाई प्रतिवादीको आयमा समावेश गर्नुपर्ने हुन्छ ।

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्का आफू विरामी रहेकोले नियमित रुपमा औषधि खाइरहनु पर्ने र भारतमासमेत उपचार गराउन गएको निजकै बयानबाट देखिन्छ । निजको घरमा बरामदी मुचुल्काअनुसार विभिन्न ब्राण्डका ३२ वोतल मदिराहरु रहेको देखिन्छ । पर्दा र कार्पेट १० रोल स्टोर कोठामा भण्डारण गरेको अवस्थामा देखिन्छ । आरोपपत्रमा ती चीजवस्तुहरुलाई विगोमा समावेश गरी दावी लिएको देखिँदैन । पुनरावेदक प्रतिवादी केशरजङ्गका छोराहरुमध्ये एक जना छोरा २०५१ सालमा अष्ट्रेलियामा र अर्को छोरा आरोपपत्र दायर हुनुभन्दा ६/७ महिना अधि न्यूजिल्याण्डमा अध्ययनको लागि गएको निज प्रतिवादीको मौकाको बयानमा खुलाएको देखिन्छ । प्रतिवादीका छोराहरु छात्रवृत्ति पाएर गएको भन्ने देखिन नआएको अवस्थामा छोराहरुलाई अध्ययनको लागि विदेशमा पठाउँदा र बस्दा लाग्ने खर्च प्रतिवादीकै आयबाट ब्यहोरिने अवस्था देखिन्छ । आरोपपत्रमा पुनरावेदक प्रतिवादीको खर्चको विवरण दिएको देखिँदैन भने निज प्रतिवादीले पनि आयलाई मात्र देखाई लिखतबाट देखिएको बाहेक पारिवारीक खर्च, चाडपर्वको खर्च, औषधोपचारको खर्च लगायतका अन्य

भैपरी खर्चलाई देखाउने प्रयत्न गरेको देखिएन । खर्चको कच्चेवारी नदिइएको अवस्थामा यति नै खर्च भएको भनी अदालतबाट अनुमानित रुपमा कुनै तथ्यांकलाई देखाई भन्न सकिने पनि हुँदैन । आफ्ना सबै आयका स्रोत देखाई बचतको जिकीर लिनेले वस्तुनिष्ठ आधारसहित खर्चको फेहरिस्ती देखाई बचत भएको पुष्टि गर्नु पर्दछ । खर्चलाई लुकाई आयलाई मात्र देखाई आयका सबै छिद्र स्रोतसमेत देखाई सो सबै बचत भएको जिकीर लिनु सन्तुलित र न्यायसंगत दृष्टिकोण होइन ।

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले आफ्नो सम्पत्तिको स्वयम् घोषणा गरी कर तिरेकोले आफ्नो सबै सम्पत्ति बैधानिक रहेको भन्ने जिकीर लिएको देखिए पनि सरकारले कुनै वर्ष राजश्व उठाउने सन्दर्भमा आर्थिक ऐनमा व्यवस्था गरी कर सम्बन्धी कार्यक्रम तथा प्रस्ताव ल्याएअनुरुप आयकर तिर्नु नै यस प्रकृतिको भ्रष्टाचार मुद्दाको सन्दर्भमा त्यो नै आयको बैधानिक स्रोत र बैधानिक सम्पत्तिको पुष्टि हुन सक्तैन । स्वयम् घोषणा गरिएको सम्पत्तिको स्रोतको बैधानिकताको पुष्टि सम्बन्धमा विवाद परेपछि आयकर तिरेको भन्ने आधारमा नै वैधानिक स्रोत देखाउने दायित्वबाट उन्मुक्ति पाउने अवस्था रहँदैन । यस्तै प्रकृतिको *नेपाल सरकार* विरुद्ध *चिरञ्जिवी वाग्लेसमेत* भएको भ्रष्टाचार मुद्दामा **"आर्थिक ऐनले आयकर प्रयोजनका लागि गरेको व्यवस्था र त्यसरी आयकर तिरेको अवस्थामा स्वयम् घोषणा गरिएको सम्पत्तिको स्रोतको बारेमा कुनै पनि प्रयोजनका लागि छानवीन नगरिने भनिएको कुरालाई आधार बनाई आयकर बाहेक अन्य कुनै पनि प्रयोजनका लागि समेत सम्पत्तिको स्रोत खोज्न नसकिने विस्तार गर्न नसकिने"** (ने.का.प. २०६७, अंक, १२ नि.नं. ८५१९) भन्ने सिद्धान्त समेत प्रतिपादन भएको परिप्रेक्ष्यमा सम्पत्तिको स्वयम् घोषणा गरी कर तिरेकै आधारमा यस मुद्दाको सन्दर्भमा वैधानिक स्रोत बिनाको आयलाई मान्यता प्रदान गर्न मिल्ने भएन ।

यसप्रकार माथि आयका विभिन्न शीर्षकमा गरिएको विवेचना र विश्लेषणबाट पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काको आय निम्न देखिन आयो ।

| | |
|---|---|
| (क) तलव र दशैं खर्चः- | रु. ८,६९,४९९।- |
| (ख) बैठकभत्ता, विदाको रकम, भ्रमण भत्तासमेतको रकम | रु. ४१,९०८।४० |
| (ग) विदेश भ्रमणसमेतको बचत :- | रु.३,४२,९३५।८३ |
| (घ) घर भाडा | रु. ६,२१,६००।- |
| (ङ) जग्गा बिक्री | रु. ६,४३,०००।- |
| (च) कृषि आय :- | रु. ३,१७,०८४।- |
| (छ) अन्य विविध आय :- | रु. २,३१,६९२।६६ |
| जम्माः- | रु. ३०,६७,७१९।८९ |

माथिका विभिन्न प्रकरणहरुमा गरिएको सम्पत्तिको मूल्यांकन तथा आयको विवेचनाबाट पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काको जाँच अवधिको कूल सम्पत्ति तथा खर्च रु.६३,०८,६९५।२८ र वैधानिक आय रु. ३०,६७,७१९।८९ भई प्रतिवादीको बैध आय स्रोतभन्दा बढी देखिएको रु.३२,४०,९७५।३९ सम्पत्तिको स्रोत पुष्टि हुन सकेको पाइएन । त्यसैले पुनरावेदक प्रतिवादीले स्रोत पुष्टि गर्न नसकेको उपरोक्त रु.३२,४०,९७५।३९ बराबरको चल अचल सम्पत्ति निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रुपमा आर्जन गरेको मान्नु पर्ने हुन आयो । यसरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति उक्त ऐनको दफा २०(२) बमोजिम जफत हुने र सोबाट बढेबढाएको सम्पत्ति दफा ४७ बमोजिम जफत गर्नुपर्ने हुँदा सो प्रयोजनको लागि पुनरावेदक प्रतिवादीहरुको साथ र स्वामित्वमा भएको सम्पत्तिमध्ये के कुन सम्पत्तिको स्रोत नखुलेको हो भन्ने कुरा निर्धारण गर्नुपर्ने हुन आउँछ ।

प्रतिवादीको प्रत्येक आर्थिक वर्षको वैध आय स्रोत र निजले गरेको खर्च तथा आर्जन गरेको सम्पत्तिको यकीन, वस्तुनिष्ठ र तुलनात्मक आधारसहित दावी लिएको नदेखिएको, आरोपपत्रमा स्वीकार गरिएका कतिपय कुराहरुलाई पुनरावेदनपत्रमा अन्यथा उल्लेख गरिएको र सम्पत्तिको मूल्यांकनको आधार नै फरक हुन आएकोले स्रोत पुष्टि भएको र नभएको सम्पत्तिको निर्धारण गर्ने विषय जटिल नै हुन जान्छ । यस परिस्थितीमा अदालतले न्यायिक विवेकका आधारमा आयस्रोत, सम्पत्तिको परिमाण र आर्जन गरेको अवस्था समेतलाई विचार गरी स्रोत पुष्टि भएको र स्रोत पुष्टि हुन नसकेको सम्पत्तिको निर्धारण गर्नुपर्ने हुन्छ । प्रतिवादीको काननूसंगत आयस्रोतको अवस्था तथा अमूक सम्पत्ति आर्जन गरिएको र भौतिक संरचना निर्माण गरिएको समय समेतलाई विचार गरी यस सम्बन्धी न्यायिक निष्कर्षमा पुग्नु वाञ्छनीय हुन आउँछ । उपरोक्त आधार र कारणहरुको धरातलमा रहेर नै विशेष अदालतबाट प्रतिवादीको स्रोत खुलेको र नखुलेको भनी ठहर गरिएको विश्लेषणलाई विचार गर्नुपर्ने हुन्छ ।

त्यसैले पुनरावेदक प्रतिवादीको आय आर्जनको समयावधी, आयको परिमाण र सम्पत्ति आर्जन तथा आयको तुलनात्मक रुपमा विवेचना गरी हेर्दा पुनरावेदक प्रतिवादी सीतादेवी खड्काको नामको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३५ को हाल कि.नं.२५१ को (खरीद मूल्यका अनुपातमा बिक्री गरेको ११ आना जग्गाको मूल्य घटाउँदा हुने) रु.६५,९५५।९५, पुनरावेदक प्रतिवादी लक्ष्मणजंग खडकाको नामको का.जि. का.म.न.पा.वडा नं. ३५ को हाल कि.नं. १०६ र ११७ को रु.१८,७५०।, पुनरावेदक प्रतिवादी रामजंग खड्काका नामको महोत्तरी बहादुरगंज गा.वि.स.वडा नं. ३(ख) कि.नं. ८७८, ८७९ मूल्य रु. ७८,०००।- समेत जम्मा मूल्य रु १,६२,७०५।९५ बराबरको जग्गाको श्रोत पुष्टि हुने देखिएन । त्यसैगरी पुनरावेदक प्रतिवादी सीतादेवी खड्काको नामको

हिमालयन बैंकको रु.१,००,०००।- को ऋणपत्र र सोही बैंकको पुनरावेदक प्रतिवादी रामजङ्ग खड्काको नामको रु. १,००,०००।- को ऋणपत्र तथा देहायका प्रतिवादीहरुका नाममा देहायका बैंक तथा वित्तिय संस्थामा मौज्दात रहेको निम्नबमोजिमको रकम निक्षेप रकम मध्ये रु.१५,७९,०५१।९४ को स्रोत पुष्टि भएको देखिएन ।

| सि. नं | खातावालाको नाम | बैंकको नाम र ठेगाना | खाताको किसिम | खाता नं. | रु. |
|---|---|---|---|---|---|
| १ | केशरजङ्ग खड्का | नविल बैंक लि | बचत | ०११००१०८८४४०१ | २८,१३६।९३ |
| २ | ,, | एन.वि. बैक लि. पुतलीसडक | बचत | ०७४९५१ | ३३७३।०६ |
| ३ | ,, | नेपाल बैंक लि. काठमाडौं | बचत | ६७७०२५० | २९७७।२५ |
| ४ | ,, | कृ.वि.बैंक न्यूरोड | बचत | ०६११३२ | १७,२७५।१९ |
| ५ | ,, | रा.वा.बैंक सिंहदरवार | बचत | १५८०१ | १०,१९७।७३ |
| ६ | ,, | ने.वै.लि. भोटाहिटी | बचत | ५५५२/६ | ३६८०।९७ |
| ७ | ,, | कृषि विकास बैंक वानेश्वर | बचत | ०५२०१० | २९,२४८।८३ |
| ८ | ,, | कृ.वि.बैंक पुतली सडक | बचत | १०४८८२ | १३,८८२।६० |
| ९ | ,, | ,, | बचत | ५४२५६६ | ६९,८५५।२४ |
| १० | ,, | एशियन सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. | बचत | १४१०-१६५७५ | १४,६७६।२४ |
| ११ | ,, | ललितपुर फाइनान्स कम्पनी लि. | मुद्दती | ३३-०२४३९-५ | २,००,०००।- |
| १२ | ,, | सगरमाथा फाइनान्स सहकारी संस्था लि. | मुद्दति | ३१ | ५०,०००। |
| १३ | ,, | एस. फाइनान्स कम्पनी लि. | मुद्दती | ४०७४२९०“ए” | ३,००,०००।- |
| १४ | सीतादेवी खड्का | युनाइटेड फाइनान्स लि. | मुद्दती | १६-१०५०७-३ | ७,५२,१३७।१३ |
| १५ | केशरजंग खडका | कृ.वि.बैंक, न्यूरोड | मुद्दती | ८०२६२० | ३७,०००।- |
| १६ | केशरजङ्ग खड्का | हिमालयन फाइनान्स एण्ड सेभिङ्ग कं लि. | मुद्दती | ०५८/९१४८ | १,००,०००।- |
| १७ | ,, | कृ.वि.बैंक, वैंकिंग कार्यालय वानेश्वर | बचत | २४२५८३ | १४८०।५० |
| १८ | | ,, | मुद्दती | २४२५२२ | ३०,०००।- |
| १९ | ,, | नेपाल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | मुद्दती | डि.डि.डि.५७६०१ | ४,००,०००।- |
| २० | ,, | कृ.वि. बैंक रत्नपार्क | मुद्दती | ५०००/११०००३ | ३५,०००।- |
| २१ | ,, | ,, | मुद्दती | ४९४८/१०४४८४ | ४०,०००।- |

पुनरावेदक प्रतिवादीको घरबाट बरामद भएको तथा त्यसै गरी पुनरावेदक प्रतिवादीको घरबाट बरामद भएको रु.१२,९९,२१७।५० समेत कूल रु.३२,४०,९७५।३९ को स्रोत पुष्टि भएको देखिएन । सो बाहेक पुनरावेदक प्रतिवादीका साथमा रहेको अन्य चल अचल सम्पत्तिको स्रोत पुष्टि भएको देखिँदा थप विश्लेषण गरिरहनु परेन ।

तसर्थ उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्त र तथ्य एवम् प्रमाणहरुको विश्लेषण समेतको आधार कारणबाट पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले रु.२५,३३,९१२।१८ बराबरको चलअचल सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको कसूर गरेकोले स्रोत पुष्टि हुन नसकेको उक्त चल अचल सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्तिसमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा दफा ४७ बमोजिम जफत भई दफा २०(२) अनुसार विगोबमोजिम २५,३३,९१२।१८ जरिवाना र १ वर्ष कैद हुन्छ भनी विशेष अदालत काठमाडौंबाट मिति २०६१।१२।२२ मा भएको फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले जम्मा विगो रु.३२,४०,९७५।३९ बराबरको सम्पत्ति गैरकानूनी रुपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) को कसूर गरेको देखिँदा मुद्दाको तथ्य, कसूरको मात्रा र औचित्य समेतलाई विचार गर्दा निजलाई सोही दफा २० को उपदफा (२) बमोजिम कैद महिना नौ र विगोबमोजिम जरिवाना तथा गैरकानूनी रुपमा आर्जन गरेको विगो रु.३२,४०,९७५।३९ बराबरको सम्पत्ति र दफा ४७ बमोजिम सोबाट बढेबढाएको सम्पत्तिसमेत जफत हुने ठहर्छ । अरुमा तपसिलबमोजिम गर्नू ।

## <u>तपसील</u>

माथि ठहर खण्डमा लेखिएबमोजिम विशेष अदालतको फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्कालाई नौ महिना कैद हुने ठहरी फैसला भएकाले निज प्रतिवादी मिति २०५९।७।२८ देखि २०५९।१२।६ सम्म (चार महिना आठ दिन) थुनामा बसेको देखिएकोले सो अवधि कटाइ बाँकी कैदको लगत कसी असूल उपर गर्नु भनी फैसलाको प्रतिसहित काठमाडौं जिल्ला अदालतमा लगत दिनू.........................................................................................................१

विशेष अदालत काठमाडौंको फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्कालाई रु. रु.३२,४०,९७५।३९ जरिवाना हुने ठहर भएको हुँदा निजलाई लागेको उक्त जरिवानाको लगत कसी असूल उपर गरी सर्वसञ्चित कोषमा दाखिला गर्न सम्पत्तिको विवरण सहित काठमाडौं जिल्ला अदालतमा लगत दिनू ...........................................................................................२

माथि ठहर खण्डमा लेखिएबमोजिम निम्न लिखित प्रतिवादीहरुका नाममा रहेका निम्नबमोजिमको जग्गा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ अनुसार जफत हुने ठहर भएकोले कानूनबमोजिम लिलाम बिक्री गरी सर्वसन्चित कोषमा दाखिल गर्न सम्पत्ति रहे भएको जिल्ला अदालतमा लगत दिनू.........................................................................................३

क) प्रतिवादी सीतादेवी खड्काको नामको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३५ को कि.नं.२५१ पुरै जग्गा.................................................................................१

(ख) पुनरावेदक प्रतिवादी लक्ष्मणजंग खडकाको नामको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ३५ को कि.नं. १०६ र ११७ पुरै जग्गा...................................१

(ग) पुनरावेदक प्रतिवादी रामजंग खड्काका नामको महोत्तरी जिल्ला, बहादुरगंज गा.वि.स.,वडा नं. ३(ख) कि.नं.८७८, ८७९ को पुरै जग्गा..............................................................१

निम्न प्रतिवादीहरुका नाममा निम्न लिखित बैंक तथा वित्तिय संस्थामा रहेको देहायबमोजिमको रकम जफत हुने ठहरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) तथा सोबाट बढेबढाएको ब्याज समेत दफा ४७ अनुसार जफत गरी सर्वसन्चित कोषमा दाखिल गर्नु भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू...........................................................................................४

| सि. नं | खातावालाको नाम | बैंकको नाम र ठेगाना | खाताको किसिम | खाता नं. | रु. |
|---|---|---|---|---|---|
| १ | केशरजङ्ग खड्का | नविल बैंक लि | बचत | ०११००१०८८४४०१ | २८,१३६।९३ |
| २ | ,, | एन.वि. बैक लि. पुतलीसडक | बचत | ०७४९५१ | ३३७३।०६ |
| ३ | ,, | नेपाल बैंक लि. काठमाडौं | बचत | ६७७०२५० | २९७७।२५ |
| ४ | ,, | कृ.वि.बैंक न्यूरोड | बचत | ०६११३२ | १७,२७५।१९ |
| ५ | ,, | रा.वा.बैंक सिंहदरवार | बचत | १५८०१ | १०,१९७।७३ |
| ६ | ,, | ने.वै.लि. भोटाहिटी | बचत | ५५५२/६ | ३६८०।९७ |
| ७ | ,, | कृषि विकास बैंक वानेश्वर | बचत | ०५२०१० | २९,२४८।८३ |
| ८ | ,, | कृ.वि.बैंक पुतली सडक | बचत | १०४८८२ | १३,८८२।६० |
| ९ | ,, | ,, | बचत | ५४२५६६ | ६९,८५५।२४ |
| १० | ,, | एशियन सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि. | बचत | १४१०-१६५७५ | १४,६७६।२४ |
| ११ | ,, | ललितपुर फाइनान्स कम्पनी लि. | मुद्दती | ३३-०२४३९-५ | २,००,०००।- |
| १२ | ,, | सगरमाथा फाइनान्स सहकारी संस्था लि. | मुद्दति | ३१ | ५०,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | ,, | एस. फाइनान्स कम्पनी लि. | मुद्दती | ४०७४२९०“ए” | ३,००,०००।- |
| १४ | सीतादेवी खड्का | युनाइटेड फाइनान्स लि. | मुद्दती | १६-१०५०७-३ | ७,५२,१३७१३ |
| १५ | केशरजंग खडका | कृ.वि.बैंक, न्यूरोड | मुद्दती | ८०२६२० | ३७,०००।- |
| १६ | केशरजङ्ग खड्का | हिमालयन फाइनान्स एण्ड सेभिङ्ग कं लि. | मुद्दती | ०५८/९१४८ | १,००,०००।- |
| १७ | ,, | कृ.वि.बैंक, बैंकिंग कार्यालय वानेश्वर | बचत | २४२५८३ | १४८०।५० |
| १८ | | ,, | मुद्दती | २४२५२२ | ३०,०००।- |
| १९ | ,, | नेपाल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | मुद्दती | डि.डि.डि.५७६०१ | ४,००,०००।- |
| २० | ,, | कृ.वि. बैंक रत्नपार्क | मुद्दती | ५०००/११०००३ | ३५,०००।- |
| २१ | ,, | ,, | मुद्दती | ४९४८/१०४४८४ | ४०,०००।- |

पुनरावेदक प्रतिवादी केशरजङ्ग खडकाको घरबाट बरामद भएको नगद रु.१२,९९,२१७।५० जफत गरी सर्व सञ्चित कोषमा दाखिल गर्नु भनी काठमाडौं जिल्ला अदालतमा लगत दिनू.......................५

पुनरावेदक प्रतिवादी केशरजङ्ग खड्काले विशेष अदालतले पूर्पक्षको क्रममा गरेको आदेशबमोजिम धरौट राखेको जग्गावापत कुमारी बैंक लिमिटेडको तर्फबाट दिएको रु.३७,२१,०८२।४६ को बैंक ग्यारेन्टी निज पुनरावेदक प्रतिवादीलाई लागेको कैद र जरिवाना असूल उपर भएपछि फुकुवा गरी दिनू.........................................................................................................६

पुनरावेदक प्रतिवादी केशरजङ्ग खडकाकालाई प्रस्तुत फैसलाले लागेको कैद र जरिवाना असुल उपर भई प्रस्तुत फैसला पूर्ण रुपमा कार्यान्वयन भएपछि विशेष अदालतबाट रोक्का रहेको सम्पत्ति फिर्ता वा फुकुवा गरी पाऊँ भनी प्रतिवादीको दरखास्त परे नियमानुसार फिर्ता र फुकुवा गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनु भनी विशेष अदालत काठमाडौंमा लेखी पठाउनू...........................७

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला प्रतिलिपी अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतलाई पठाई मिसिल नियमानुसार बुझाई दिनू...................................................८

न्यायाधीश

उक्त रायमा मेरो सहमती छ ।

न्यायाधीश

ईति सम्वत् २०६९ साल असार १३ गते रोज ४ शुभम् ..............................................।

इजलास अधिकृतः दीपककुमार दाहाल